क्रमसंख्या–६६

धम्मपद

[नेपाली अनुवाद सहित]

(तेस्रो संस्करण)

भिक्षु अमृतानन्द

बु. सं. २५३३

बि. सं. २०४६

ने. रु. १०1–

लेखकका पुस्तकहरू
(नेवारीमा)

१. अग्रश्रावक (अप्राप्य) २. आर्यसत्य (द्वितीया वृत्ति)
३. कर्म विभाग (अप्राप्य) ४. गृही-विनय (चतुर्थावृत्ति)
५. जातकमाला भाग १, (तृतीयावृत्ति)
६. जातकमाला भाग २, (द्वितीयावृत्ति)
७. त्रिरत्न वन्दना (अप्राप्य)
८. धम्मपद (चतुर्थावुत्ति) ९. धर्म व विनय
१०. धम्मपदट्ठकथा (द्वितीयावृत्ति)
११. प्रजापति गोतमी (द्वितीयावृत्ति) (अप्राप्य)
१२. पाठ्य सूत्र (अप्राप्य) १३. बौद्ध कहानी
१४. बुद्धशासनया इतिहास (अप्राप्य)
१५. बुद्ध जीवनी (तृतीयावृत्ति)
१६. महास्वप्नजातक (द्वितीयावृत्ति)
१७. विश्वन्तरजातक (द्वितीयावृत्ति)
१८. सर्वज्ञ धातु (अप्राप्य) १९. सूत्र संग्रह
२०. ज्ञानमाला भजन (१५ गू गु आवृत्ति)
२१. म्हयम:या लिस: २२. महाकश्यप महास्थविर

क्रमसंख्या–६६

धम्मपद

[नेपाली अनुवाद सहित]

(तेस्रो संस्करण)

भिक्षु अमृतानन्द

बु. सं. २५३३

वि. सं. २०४६

ने. रू. १०।–

प्रकाशक:

"आनन्द कुटी विहार गुठी"

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फोन– २७१४२०

बु. सं. २५३३

ने. सं. १११०

वि. सं. २०४६

ई. सं. १९८९

प्रथम संस्करण– १०००, द्वितीय संस्करण– १५००


तृतीय संस्करण– २०००

मुद्रक–

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं ।

फोन– २२१०३२



भिक्षु अमृतानन्द

माननीय श्री ३ महाराज मोहन शम्शेर

का

समीपमा कृतज्ञतापूर्वक भेंट ।

प्रकाशकीय

नेपाली अनुवाद सहित यो "धम्मपद" आनन्दकुटी विहार गुठीको ६६ औं प्रकाशन हो। विश्वमा सबै भन्दा बढी भाषामा छापिएको र बढी संस्करण छापिनाको कारणले नै यसको महत्त्व कत्तिको छ भन्ने बुझन सकिन्छ। नेपालीमा यो तेस्रो पटक प्रकाशन हुंदैछ। हिन्दुहरूको "भगवत गीता", इस्लामहरूको "कुरान", ईशाईहरूको "बाइबल" जति महत्त्वपूर्ण छ, त्यत्तिकै "धम्मपद" बौद्धहरूको लागि अथवा बुद्धिजीविहरूको लागि महत्त्वपूर्ण छ। मन खिन्न दिक्क भै रहेको वेलामा "धम्मपद" एक चोटी सरर हेरेमा मन आनन्द हुन्छ। त्यसकारण बौद्धहरू-को लागि सबै धर्म अनुयायीहरूको निमित्त यो महत्त्वपूर्ण छ। यस महत्त्वपूर्ण हाते पुस्तक प्रकाशन गर्न मौका दिनु भएकोमा गुठीका संस्थापक तथा श्रद्धेय महानायक अमृतानन्द महास्थविरलाई साधुवादका साथ कृतज्ञता ज्ञापन गर्दछु।

फोन– २७१४२०
२१५०२०
पोष्ट बक्स ३००७
काठमाडौं।

भिक्षु मैत्री
सदस्य–सचिव
आनन्दकुटी विहार गुठी
स्वयम्भू।

सम्मति

अमृतानन्दजीले गर्नु भएको "धम्मपद" को नेपाली अनुवाद हेर्ने अवसर मलाई प्राप्त भएकोमा बडो हर्ष लाग्यो। कारण यस पुस्तकमा भएका उपदेश मानवजाति मात्रको हितकर छ। वर्तमान समयमा यस्ता उपदेशहरूको विशेष आवश्यकता छ। अज्ञानरूपी छायाले ढाकेको पृथ्वीमा यी कैयन् शताब्दी अगाडी लेखियेका वाक्यहरूमा अझै प्रकाश र ज्ञान पाइन्छ। यही हो सत्यताको गुण जुन् सदैव आकाशका ताराहरू झैं चम्कि रहन्छन्।

पौष २९ गते २००८

—सारदा शम्शेर
[शिक्षा मन्त्री, काठमाण्डू, नेपाल]

दुइ शब्द

धेरै वर्ष पछि नेपाली अनुवाद "धम्मपद" पाठकहरूका सामुन्ने द्वितीय संस्करण प्रस्तुत भएको छ धम्मपदको बारेमा कुनै खास कुरा उल्लेख गरि रहनु पर्ने आवश्यक देखिदन । यसको नामैले पर्याप्त छ ।

यस पुस्तक धर्मोदय सभाको तरफबाट प्रकाशन गर्नमा आयुष्मान् अश्वघोषले ठूलो प्रयास गरेको छ । उपलब्ध नभएका यी पुस्तक पुनः पाठकहरूका सामु प्रस्तुत भएको हुंदा भिक्षु अश्वघोष सबैका तरफबाट धन्यवादका पात्र भएको छ । अस्तु ।

आनन्दकुटी
काठमाडौं, नेपाल ।
२५।४।०२९

भिक्षु अमृतानन्द

प्रकाशकीय निवेदन

नेपालीहरूका सम्मुखमा बौद्ध धर्मको साहित्य सुलभ गरी नेपाली साहित्यको सेवा गर्नु धर्मोदय सभाको एक उद्देश्य हो।

यस अनुवादद्वारा पाठकहरूलाई भगवान् बुद्धका व्यावहारिक तथा सरल उपदेश संक्षेपमा बोध गर्नाको निमित्त उपकार हुनेछ भन्ने आशा गरिएको छ।

धर्मोदय सभाको यो चौबिसवां (२४) ग्रन्थ प्रकाशित गर्न पाउँदा हामीलाई अत्यन्त हर्ष लागेको छ। यस ग्रन्थ प्रकाशनार्थं सहायता दिने महानुभावलाई हाम्रो हार्दिक धन्यवाद छ।

कलकत्ता—७
१७।२।०५२

—भिक्षु अमृतानन्द
मन्त्री, धर्मोदय सभा।

आफ्नो कुरा

सर्कारिया अडा अदालतमा वैशाख पूर्णिमाको दिन छुट्टि गराउने अभिप्रायले सन् १९४८ को जून महिनामा लंकाबाट आउनु भएका नारद महास्थविर समेत भई नेपाल सर्कारमा (त्यस बखतका श्री ३ महाराज मोहन शम्शेरका समीपमा) डेलिगेसन जाँदा सो कामना पूर्ण भएपछि कृतज्ञता स्वरूप मैले कुनै न कुनै बौद्ध ग्रन्थ नेपालीमा अनुवाद गरी प्रकाशन गर्ने विचार गरेको थिएँ। केही दिनपछि सो वैशाख पूर्णिमाको दिन बिदा गर्ने निश्चय, उसबखत नेपाल सर्कारबाट सूचना प्रकाश गरेकोले मलाई साह्रै हर्ष लागि आफ्नो ग्रन्थ अनुवाद गर्ने कामनातिर लागें।

पछिल्लो १९५० सालमा लंकामा भएको विश्व बौद्ध सम्मेलनमा नेपालका तर्फबाट मलाई पनि जाने

सुअवसर प्राप्त भएको थियो र वर्षावास पनि लंकैमा बिताउन पऱ्यो। त्यसै समयमा यस बुद्ध वचनामृत धम्मपदको अनुवाद आफुले जानेको नेपालीमा गरें। आज यो बुद्धवाणी धम्मपदको अनुवाद गरी तपाईहरूका सम्मुख राखि नेपाली साहित्यमा कमी भएको केही अंश पुऱ्याउन पाएकोमा मलाई अत्यन्त हर्ष लाग्द छ।

धम्मपद, बौद्ध–जगतमा मात्र होइन परन्तु अखिल बैज्ञानिक जगतमा पनि कुनै नीति र मानव प्रेमी व्यक्तिले बिर्सनु सक्ने ग्रन्थ होइन। अतएव विश्वमा कुनै सभ्य र उन्नत देशले यस अमृतवाणीको अनुवाद गर्ने काम बांकी राखेको छैन।

धम्मपद बौद्ध मूल सिद्धान्त त्रिपिटक मध्ये खुद्दक निकायका द्वितीय ग्रन्थ हो। बुद्धका उपदेशका समूहलाई त्रिपिटक भन्दछन्। त्रिपिटक ग्रन्थ यस प्रकार छन्:–

[अ] सुत्त पिटक (सूत्र पिटक)

[आ] विनय पिटक (विनय पिटक)

[इ] अभिधम्म पिटक (अभिधर्म पिटक)

]अ] सूत्र पिटकमा निम्न ५ ग्रन्थहरू छन्:–

(१) दीघनिकाय—यस्मा ३४ सूत्र छन् ।
(२) मज्झिमनिकाय—यस्मा १५२ सूत्र छन् ।
(३) संयुत्त निकाय—यस्मा ५६ संयुक्त छन् ।
(४) अंगुत्तर निकाय—यस्मा ११ निपात छन् ।
(५) खुद्दक निकाय—यस्मा १५ ग्रन्थहरू छन् ।

खुद्दक निकायका १५ ग्रन्थहरू यसप्रकार छन्:—

१—खुद्दक पाठ
२—धम्मपद
३—उदान
४—इतिवुत्तक
५—सुत्तनिपात
६—विमानवत्थु
७—पेतवत्थु
८—थेरगाथा
९—थेरीगाथा
१०—जातक
११—निद्देस (महानिद्देस, चुल्लनिद्देस)
१२—पटिसम्भिदामग्ग
१३—अपदान
१४—बुद्धवंस
१५—चरियापिटक

[आ] विनय पिटकमा निम्न ५ ग्रन्थहरू छन्:-

१—पाराजिका पालि (भिक्खु विभंग)
२—पाचित्तिय पालि (भिक्खुनी विभंग) } सुत्त विभंग

३—महावग्ग
४—चुल्लवग्ग } खन्धक

५—परिवार पालि

[इ] अभिधर्म पिटकमा निम्न ७ ग्रन्थहरू छन्:-

१—धम्मसंगनी
२—विभंग
३—कथावत्थु
४—पुग्गलपञ्ञत्ति
५—धातुकथा
६—यमक
७—पट्ठान

यस धम्मपदमा जम्मा २६ वर्ग र ४२३ श्लोक छन् ।

आनन्दकुटी,
कान्तिपुर, नेपाल ।
१९-८-००८

अनुवादक—
भिक्षु अमृतानन्द

तृतीय संस्करण बारे

वि. सं २०२९ सालमा द्वितीय संस्करण प्रकाशित भएको थियो। यस पछि यसको अभाव धेरै वर्ष देखि भइ-रहेको थियो। अब अहिले आनन्दकुटी विहार गुठीले यो तृतीय संस्करण प्रकाशनमा ल्याएको हो।

सोच्चै भन्ने हो भने 'धम्मपद' बुद्ध धर्मको सारभूत उपदेशहरूको एक फुलवारी हो। यसमा अनेक विषयका उपदेशहरू पाइन्छन्। यो भन्दा बढ्ता यस विषयमा अरू कुनै कुरा लेख्न आवश्यक पर्ला जस्तो मलाई लाग्दैन। यो मानव मात्रको निमित्त हितकारी छ।

प्रुफ हेर्ने काममा आयुष्मान् कुमार काश्यप स्थविरले बडो ध्यान दिनु भएको कुरा सधन्यवाद ज्ञापन गरेको छु। त्यस्तै गरी प्रेसबाट प्रुफ ल्याउने काममा खड्गबहादुर उपासकले पनि धेरै मद्दत पुऱ्याएको कुरा ज्ञापन गरेको छु।

चिरं तिट्ठतु सम्द्धम्मो।

आनन्दकुटी विहार
स्वयम्भू, काठमाडौं।
फोन– २७१४२०

–भिक्षु अमृतानन्द
मंगसीर १७, २०४६

विषय-सूची

ब०=बर्मा। सि०=सियाम। लं०=लंका।

धम्मपद

[नेपाली अनुवाद सहित]

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

उनि भगवान् अरहत् सम्यग्सम्बुद्धलाई नमस्कार ।

धम्मपदं

१–यमकवग्गो

(जोरा वर्ग)

यो गाथा भन्नु भएको स्थान—		जसको कारणमा भन्नु भएको हो उसको नाम—
श्रावस्ती	(१)	चक्खुपाल (थेर)

मनोपुब्बङ्गमा धम्मा—मनोसेट्ठा मनोमया ।
मनसा चे पदुट्ठेन—भासति वा करोति वा ।
ततो नं दुक्खमन्वेति—चक्कं"व वहतो पदं ॥१॥

१—मनको धर्म हो जुनसुकै काममापनी अगुवा हुनु, औ मन मुख्य भएर जतातते पुगेको हुन्छ। त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गर्‍यो

भने बयलको पछि पछि गाडाको पांग्रा आए झैं दु:ख पछि लागेर आउँछ ॥१॥

श्रावस्ती (२) मट्टकुण्डली

मनोपुब्बङ्गमा धम्मा — मनोसेट्ठा मनोमया ।
मनसा चे पसन्नेन — भासति वा करोति वा ।
ततो नं सुखमन्वेति — छाया'व अनपायिनी ॥२॥

२—मनको धर्म—जुनसुकै काममापनी अगुवा हुनु, औ मन मुख्य भएर जतातते पुगेको हुन्छ । त्यस कारण शुद्ध मन लिएर कसैले बोल्यो वा गऱ्यो भने आफ्नो पीछा न छोडने छाया आए झैं सुख पछि पछि लागेर आउँछ ॥२॥

श्रावस्ती, जेतवन (३) थुल्लतिस्स थेर

अक्कोच्छि मं अवधि मं — अजिनि मं अहासि मे ।
ये च तं उपनय्हन्ति — वेरं तेसं न सम्मति ॥३॥

३—'मलाई गालि गऱ्यो' 'मलाई पिट्यो 'मलाई हराई दियो' औ 'मेरो लगिदियो' इत्यादि भनेर जसले

आफ्नो मनमा बराबर विचार गर्छ, त्यसको मनमा कहिले पनि वैरभाव शान्त हुने छैन ।।३।।

(४)

अक्कोच्छि मं अवधि मं—अजिधि मं अहासि मे ।
ये तं न उपनय्हन्ति—वेरं तेसूपसम्मति ।।४।।

४—'मलाई गालि गर्‍यो' 'मलाई कुट्यो' 'मलाई हराई दियो' औ 'मेरो लग्यो' भनेर जसले आफ्नो मनमा बराबर विचार गर्दैन, त्यसको मनमा वैरभाव शान्त हुन्छ ।।४।।

श्रावस्ती, जेतवन (५) काली यक्षिणी

नहि वेरेन वेरानि—सम्मन्तीध कुदाचनं ।
अवेरेन च सम्मन्ति—एस धम्मो सनन्तनो ।।५।।

५—रीसले वैरभाव शान्त हुने छैन, प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ; यही सनातन देखि चली आएको धर्म हो ।।५।।

श्रावस्ती, जेतवन (६) कोसम्बिक भिक्षु

परे च न विजानन्ति—मय'मेत्थ यमामसे ।
ये च तत्थ विजानन्ति—ततो सम्मन्ति मेधगा ।।६।।

६—मूर्खले मात्र हामीले एक दिन अवश्य मर्नु पर्छ भनी विचार गर्दैन, 'हामी मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ ।।६।।

श्रावस्ती, जेतवन (७) चुल्लकाल महाकाल

सुभानुपस्सि विहरन्तं इन्द्रियेसु असंवुतं ।
भोजनम्हि च अमत्तञ्ञुं—कुसीतं हीनवीरियं ।
तं वे पसहति मारो—वातो रुक्खं'व दुब्बलं ।।७।।

७—इन्द्रिय संयम नगरी राम्रो देख्ने, भोजनमा मात्रा न जान्ने, वीर्यहीन हुने यस्तालाई, बतासले रुख ढाले कैं मारले विताउँछ ।।७।।

(८)

असुभानुपस्सि विहरन्तं—इन्द्रियेसु सुसंवुतं ।
भोजनम्हि च मत्तञ्ञुं—सद्धं आरद्धवीरियं ।
तंवे नप्पसहति मारो—वातो सेलं'व पब्बतं ।।८।।

८—इन्द्रिय संयम गरी राम्रो न देखने, भोजनमा मात्रा ज्ञान राखने र श्रद्धा वीर्य कायम राखेका यस्तालाई पर्वतको ढुङ्गा बतासले हल्लाउन न सके झैं मारले डगाउन सक्तैन ॥८॥

श्रावस्ती, जेतवन (९) देवदत्त

अनिक्कसावो कासावं—यो वत्थं परिदहेस्सति ।
अपेतो दमसच्चेन—न सो कासावम'रहति ॥९॥

९—इन्द्रिय दमन न गरी सत्यज्ञानबाट दूर भई आफ्नो मनलाई स्वच्छ नराखने लाई गेरूवा वस्त्र सुहाउँदैन ॥९॥

(१०)

यो च वन्तकसाव'स्स—सीलेसु सुसमाहितो ।
उपेतो दमसच्चेन—स वे कासावम'रहति ॥१०॥

१०—क्लेशलाई दूरगरी आफ्नो मन स्वच्छ राखी शीलवान् भई इन्द्रिय दमन गरेर सत्य ज्ञानमा वस्ने लाई गेरूवा बस्त्र सुहाउँछ ॥१०॥

राजगृह, वेणुवन (११) अग्रश्रावक

असारे सारमतिनो—सारे चा' सारदस्सिनो ।
ते सारं ना'धिगच्छन्ति—मिच्छासङ्कप्प गोचरा ॥११॥

११–असार लाई सार, सारलाई असार ठान्ने यस्तो मिथ्यादृष्टि हुने व्यक्तिलाई सार पदार्थको लाभ हुँदैन ॥११॥

(१२)

सारञ्च सारतो ञत्वा—असारञ्च असारतो ।
ते सारं अधिगच्छन्ति—सम्मासङ्कप्प गोचरा ॥१२॥

१२—सारलाई सार, असारलाई असार देखेर सम्यग्दृष्टि हुने यस्ता व्यक्तिलाई सार पदार्थको लाभ हुन्छ ॥१२॥

श्रावस्ती, जेतवन (१३) नन्दस्थविर

यथा'गारं दुच्छन्नं—वुट्ठी समतिविज्झति ।
एवं अभावितं चित्तं—रागो समतिविज्झति ॥१३॥

१३—न राम्रोसित छाएको छानाबाट पानी चुहें छ राम्रोसँग न बाँधेको चित्तमा राग चुहुन्छ ।।१३।।

(१४)

यथा'गारं सुच्छन्नं—वुट्ठी न समतिविज्झति ।
एवं सुभावितं चित्तं—रागो न समतिविज्झति ।।१४।।

१४—जस्तो राम्रोसँग छाएको छानाबाट पानी चुहँदैन त्यस्तै शुद्ध चित्तमा राग चुहँदैन ।।१४।।

राजगृह, वेणुवन (१५) चुन्द सूकरिक

इध सोचति पेच्च सोचति
पापकारी उभयत्थ सोचति ।
सो सोचति सो विहञ्ञति
दिस्वा कम्मकिलिट्ठम'त्तनो ।।१५।।

१५—पापी व्यक्तिलाई इहलोक परलोक दुवै लोकमा शोक हुन्छ, आफुले गरेको खराव कामलाई देखेर आफै आफ दुःखी र पीडित हुन्छ ।।१५।।

श्रावस्ती, जेतवन (१६) धम्मिक उपासक

इध मोदति पेच्च मोदति ।
कतपुञ्ञो उभयत्थ मोदति ।
सो मोदति सो पमोदति
दिस्वा कम्मविसुद्धिम'त्तनो ॥१६॥

१६—पुण्यवान् व्यक्ति इहलोक परलोक दुवै लोकमा सुखी हुन्छ, आफुले गरेको राम्रो कामलाई देखेर आफै सुखी हुन्छ, प्रमुदित हुन्छ ॥१६॥

श्रावस्ती, जेतवन (१७) देवदत्त

इध तप्पति पेच्च तप्पति ।
पापकारी उभयत्थ तप्पति ।
पापं मे कतन्ति तप्पति
भीय्यो तप्पति दुग्गतिं गतो ॥१७॥

१७—पापी व्यक्तिलाई यहाँ पनि वहाँ पनि दुवै लोकमा ताप हुन्छ, मैले पाप गरें भन्ने विचारले मनमा संताप हुन्छ, दुर्गतिमा पुगेर उसलाई झन बर्ता ताप हुन्छ ॥१७॥

श्रावस्ती, जेतवन (१८) सुमनादेवी

इध नन्दति पेच्च नन्दति
कतपुञ्ञो उभयत्थ नन्दति ।
पुञ्ञं मे कतन्ति नन्दति
भीय्यो नन्दति सुग्गतिं गतो ।।१८।।

१८—पुण्यवान् व्यक्तिलाई इहलोक परलोक दुवै-मा आनन्दको अनुभव हुन्छ, मैले पुण्य गरें भनी आनन्दित हुन्छ, परलोकमा पुगेर यहाँ भन्दा पनि धेरै आनन्द प्राप्ति हुन्छ ।।१८।।

श्रावस्ती, जेतवन (१९) दुइ जना साथी

बहुम्पि चे सहितं[1] भासमानो
न तक्करो होति नरो पमत्तो ।
गोपो व गावो गणयं परेसं
न भागवा सामञ्ञस्स होति ।।१९।।

१९—जस्तो अर्काको गाई चराउने गोठालाले

१ 'संहितं' कहिं कहिं ।

दूत्र भेटाउन सक्तैन, त्यस्तै धेरै धर्मको कुरा गर्नु जानेर पनि तदनुसार आचरण नगर्नेलाई श्रमणत्त्व फल प्राप्त हुन सक्तैन ॥१९॥

(२०)

अप्पम्पि चे सहितं[1] भासमानो
धम्मस्स होति अनुधम्मचारी ।
रागञ्च दोसञ्च पहाय मोहं
सम्मप्पजानो सुविमुत्तचित्तो ।
अनुपादियानो इध वा हुरं वा
स भागवा सामञ्जस्स होति ॥२०॥

२०—अलिकता मात्र धर्मको कुरा गर्न सक्ने भएता पनि धर्मानुसार आचरण गर्ने, राग, द्वेष, र मोहलाई हटाई, राम्रो धर्मविवोध भएर आफ्नो चित्त लाई क्लेशबाट हटाई, इहलोक र परलोकको चिन्ता नगर्ने लाई श्रमणत्त्व फल प्राप्त हुन सक्तछ ॥२०॥

जोरा वर्ग सिद्धियो

१ 'संहितं' कहि कहिं ।

२–अप्पमादवग्गो

(अप्रमाद वर्ग)

कौशम्वी, घोषिताराम (२१) श्यामावती

अप्पमादो अमतपदं– पमादो मच्चुनो पदं ।
अप्पमत्ता न मीयन्ति—ये पमत्ता यथा मता ।।१।।

२१—अप्रमाद निर्वाणको बाटो हो,प्रमाद मृत्युको बाटो हो; प्रमादीहरू मर्नेछैं अप्रमादीहरू मर्दैन ।।१।।

(२२)

एतं विसेसतो ञत्वा—अप्पमादम्हि पण्डिता ।
अप्पमादे पमोदन्ति—अरियानं गोचरे रता ।।२।।

२२—आर्य धर्ममा नियुक्त भएका पण्डितहरूले अप्रमादमा भएको जुन विशेषता हो त्यसलाई देखेर अप्रमादी हुनुमानै विशेष रुचि देखाउँछन् ।।२।।

(२३)

ते झायिनो साततिका—निच्चं दळ्ह-परक्कमा ।
फुसन्ति धीरा निब्बानं—योगक्खेमं अनुत्तरं ।।३।।

२३–धैर्य राख्न सक्ने ध्यानीहरूले आफ्नो वीर्यलाई ध्यानको सहाराले बढाएर, जन्म मरण रहित निर्वाण पद र अनुत्तर योगक्षेम प्राप्ति गर्दछन् ।।३।।

राजगृह, वेणुवन (२४) कुम्भघोषक

उट्ठानवतो सतिमतो
सुचिकम्मस्स निसम्मकारिनो ।
सञ्ञतस्स च धम्मजीविनो
अप्पमत्तस्स यसो'भिवड्ढति ।।४।।

२४—उद्योगी स्मृतिवान् भई शुभकाम राम्रोसँग गरी संयमी भएर धार्मिक जीवन बिताई अप्रमादी हुने व्यक्तिको यश वढ्दछ ।।४।।

राजगृह, वेणुवन (२५) चूलपन्थ थेर

उट्ठानेनप्पमादेन– सञ्ञमेन दमेन च ।
दीपं कयिराथ मेधावी—यं ओघो ना'भिकीरति ।।५।।

२५ —बुद्धिमान्ले संयम र चित्त दमन गरी अप्रमादी भएर बाढी आए पनि हुत्याउन नसकिने टापू बनाउनु पर्दछ ।।५।।

जेतवन (२६) वालनक्खत्तघुट्ठ (फागु)

पमादम'नुयुञ्जन्ति—बाला दुम्मेधिनो जना ।
अप्पमादञ्च मेधावी—धनं सेट्ठं 'व रक्खति ॥६॥

२६—मूर्खहरू प्रमादी हुन्छन्, पण्डितहरू सेठले धन रक्षा गरे झैं अप्रमादलाई रक्षा गर्दछन् ॥६॥

(२७)

मा पमादम'नुयुञ्जेथ—मा कामरतिसन्थवं ।
अप्पमत्तो हि झायन्तो—पप्पोति विपुलं सुखं ॥७॥

२७—प्रमादी न होऊ, काम विषयमा आसक्त न होऊ, अप्रमादी भई ध्यान गर्‍यो भने विपुल सुख प्राप्त हुन्छ ॥७॥

जेतवन (२८) महाकश्यप स्थविर

पमादं अप्पमादेन यदा नुदति पण्डितो ।
पञ्ञापासादमा'रुय्ह—असोको सोकिनि पजं ।
पब्बतट्ठो'व भुम्मट्ठे—धीरो बाले अवेक्खति ॥८॥

२८—जुन् बखतमा पण्डितले प्रमादलाई अप्रमादले जितेर आफु शोक, तापबाट रहित हुन्छ, त्यस

बखत उसले प्रज्ञारूपी उच्च प्रासादमा बसी शोकी-संतप्त प्राणीहरूलाई, पहाडको टुप्पाबाट पहाड मुनी बस्ने मानिसलाई देखे झैं देख्द छ ।।८।।

जेतवन (२९) दुइ साथी भिक्षु

अप्पमत्तो पमत्तेसु—सुत्तेसु बहुजागरो ।
अबलस्सं'व सीघस्सो—हित्वा याति सुमेधसो ।।९।।

२९—प्रमादीहरूमा अप्रमादी, निद्रालुहरूमा अनिद्रालु र बलहीन घोडाहरूमा सबल घोडा अगाडि गए झैं बुद्धिहीन व्यक्तिहरूमध्ये बुद्धिवान् पूर्वगामी हुन्छ ।।९।।

वैशाली, कूटागार (३०) शक्र देवराज

अप्पमादेन मघवा—देवानं सेट्ठतं गतो ।
अप्पमादं पसंसन्ति—पमादो गरहितो सदा ।।१०।।

३०—अप्रमादी हुनाले इन्द्र देवताहरूका राजा भए, अप्रमादको प्रशंसा हुन्छ, प्रमादको संधैभरि निन्दा हुन्छ ।।१०।।

जेतवन (३१) कुनै एक भिक्षु

अप्पमादरतो भिक्खु—पमादे भयदस्सि वा ।
सञ्ञोजनं अणुं थूलं—डहं अग्गी'व गच्छति ॥११॥

३१—प्रमादमा डर मानी अप्रमादमा मन लगाउने भिक्षुले फेरि फेरि जन्म लिनु पर्ने सानो ठूलो जुनसुकै संयोजनलाई पनि आगोले भस्म गरे झैं भस्म गर्दछ ॥११॥

जेतवन (३२) निगमवासी तिस्सथेर

अप्पमादरतो भिक्खु—पमादे भयदस्सि वा ।
अभब्बो परिहाणाय—निब्बानस्से'व सन्तिके ॥१२॥

३२—प्रमादमा डर मानी अप्रमादमा मन लगाउने भिक्षुको खराब गति हुँदैन ऊ निर्वाणको नजिकै आई पुग्दछ ॥१२॥

अप्रमाद वर्ग सिद्धियो

३–चित्त वग्गो

(चित्त वर्ग)

चालिका पर्वत (३३) मेधिय स्थविर

फन्दनं चपलं चित्तं—दुरक्खं दुन्निवारयं ।
उजुं करोति मेधावी—उसुकारो'व तेजनं ॥१॥

३३—बुद्धिमान् व्यक्तिले बाणकारकले बाण सोजो पार्ने कैं आफनो चञ्चल तथा रक्षा गर्न गाह्रो चित्तलाई तह लाउँछ ॥१॥

(३४)

वारिजो'व थले खित्तो—ओकमोकत उब्भतो ।
परिफन्दतिदं चित्तं—मारधेय्यं पहातवे ॥२॥

३४—पानीबाट झिकेर सुखा जमीनमा राख्दा माछा जसरी छट् पटाउँछ त्यस्तै मारको जालबाट छुटाउँदा यो चित्त छट्पटाउँछ ॥२॥

श्रावस्ती (३५) कुनै एक भिक्षु

दुन्निग्गहस्स लहुनो—यत्थ कामनिपातिनो ।
चित्तस्स दमथो साधु—चित्तं दन्तं सुखावहं ॥३॥

३५—क्षण क्षणमा उत्पन्न हुने, रोक्न गाह्रो, जताततै दगुर्ने, स्वेच्छाचारी चित्तलाई दमन गर्नु बेस छ, चित्त दमन गर्नाले नै सुख पाईंछ ॥३॥

श्रावस्ती (३६) कुनै उत्कण्ठित भिक्षु

सुदुद्दसं सुनिपुणं - यत्थकाम निपातिनं ।
चित्तं रक्खेथ मेधावी—चित्तं गुत्तं सुखा वहं ॥४॥

३६—पण्डित हो ! अगोचर, सूक्ष्म र मनपरेको ठाउँमा जाने चित्तलाई रक्षा गर, चित्तलाई वशमा राख्यो भने सुख पाईंछ ॥४॥

श्रावस्ती (३७) संघरक्षित स्थविर

दूरङ्गमं एकचरं—असरीरं गुहासयं ।
ये चित्तं सञ्ञमेस्सन्ति—मोक्खन्ति मारबन्धना ॥५॥

३७—टाढा टाढा सम्म पुग्न सक्ने एक्लै हिंड्ने, विना शरीरको गुफामा बस्ने चित्तलाई वशमा राख्न सक्ने व्यक्ति मारको बन्धनबाट मुक्त हुन्छ ॥५॥

श्रावस्ती (३८) चित्तहत्थ थेर

अनवट्ठित चित्तस्स—सद्धम्मं अविजानतो ।
परिप्लवपसादस्स—पञ्ञा न परिपूरति ।।६।।

३८—चित्त स्थिर न भएको सद्धर्म न जान्ने र प्रसन्न स्वभाव न भएको व्यक्तिलाई प्रज्ञा–ज्ञान पूर्ण रूपले प्राप्ति हुन सक्दैन ।।६।।

(३९)

अनवस्सुत चित्तस्त—अनन्वाहत चेतसो ।
पुञ्ञपाप पहीणस्स—नत्थि जागरतो भयं ।।७।।

३९—अनासक्त, स्थिरचित्त र जाग्रत चित्त भई पुण्य र पाप दुवै न भएको व्यक्तिलाई भय हुने छैन ।।७।।

श्रावस्ती (४०) वीर्यवान् भिक्षुहरू

कुम्भू'पमं कायमि'मं विदित्वा
नगरू'पमं चित्तमि'दं ठपेत्वा ।
योधेथ मारं पञ्ञायुधेन
जितञ्च रक्खे अनिवेसनो सिया ।।८।।

४०—शरीर लाई माटाको भांडो सम्झी, चित्त-लाई नगर कैं सुरक्षित राखेर प्रज्ञारूपी शस्त्र लिएर मारसँग युद्ध गर, मारलाई जितेर पनि अनासक्त भई आफ्नो चित्तलाई रक्षा गरी रहनु ॥८॥

श्रावस्ती (४१) पूतिगत्त तिस्स थेर

अचिरं वत' यं कायो—पठविं अधिसेस्सति ।
छुद्धो अपेत विञ्ञाणो—निरत्थं'व कलिंगरं ॥६॥

४१—चाँडै नै यो शरीर विज्ञान रतिह भै काम नलाग्ने काठको मुढा कैं भूमिमा लडी रहने छ ॥९॥

कोशल देश (४२) नन्द गोपालक

दिसो दिसं यं तं कयिरा—वेरी वा पन वेरिनं ।
मिच्छा पणिहितं चित्तं—पापियो नं ततो करे ॥१०॥

४२—शत्रुले शत्रुलाई जति हानि पुऱ्याउँन सक्छ, त्यो भन्दा बढता हानि कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ॥१०॥

कोशल देश (४३) सोरेय्य थेर

न तं माता पिता कयिरा— अञ्जे वा पि च ञातका ।
सम्मा पणिहितं चितं—सेय्यसो नं ततो करे ॥११॥

४३—सुमार्गमा लागेको चित्तले आफुलाई जति उपकार गर्दछ, त्यति उपकार बाबु आमा र कुटुम्बले समेत गर्न सक्तैनन् ॥११॥

चित्त वर्ग सिद्धियो

४–पुप्फवग्गो
(फूल वर्ग)

श्रावस्ती (४४) पाँच शय भिक्षु

को इमं पठविं विजेस्सति[1]
यमलोकञ्च इमं सदेवकं ?
को धम्मपदं सुदेसितं
कुसलो पुप्फमि'व पचेस्सति ? ॥१॥

४४– यमलोक, देवलोक सहितको यो पृथ्वीलाई कस्ले जित्नु सक्तछ ? चतुर मालीले फूल छाने झैं राम्रोसँग देशित धर्मपद कसले रोज्न सक्ला ? ॥१॥

(४५)

सेखो पठविं विजेस्सति
यमलोकञ्च इमं सदेवकं ।
सेखो धम्मपदं सुदेसितं
कुसलो पुप्फमि'व पचेस्सति ॥२॥

१. ब० विचेस्सति ।

४५—यमलोक, देवलोक सहितको यो पृथ्वीलाई शैक्ष[1] ले जित्ला, चतुर मालीले फूँ राम्रोसँग देशित धर्मपद शैक्षले रोज्ला ॥२॥

श्रावस्ती (४६) मृगतृष्णा भावना गर्ने भिक्षु

फेणूपमं कायमिमं विदित्वा
मरीचिधम्मं अभिसम्बुधानो ।
छेत्वान मारस्स पपुप्फकानि[2]
अदस्सनं मच्चुराजस्स गच्छे ॥३॥

४६—शरीरलाई पानीको फींज समान अथवा मृगतृष्णा समान सम्झेर पण्डितहरू मार बन्धनबाट मुक्त भई मारले नदेख्ने ठाउँमा पुग्दछन् ॥३॥

श्रावस्ती (४७) विडूडभ

पुप्फानि हे'व पचिनन्तं—ब्यासत्तमनसं[3] नरं
सुत्तं गामं महो'घो'व—मच्चु आदाय गच्छति ॥४॥

---

१. शैक्ष (शिक्षित)
२. ब० सपुप्फकानि ।
३. ब० मानसं

४७—पञ्चकामेन्द्रियरूपी फूल टिप्नुमा आसक्त भई रहने व्यक्तिलाई, बाढीले सुतिरहेका ग्रामवासीहरूलाई बगाएर लगे झैं मृत्युले लैजान्छ ॥४॥

श्रावस्ती (४८) पतिपूजिका

पुप्फानि हे'व पचिनन्तं—ब्यासत्तमनसं नरं ।
अतित्तं ये'व कामेसु—अन्तको कुरुते वसं ॥५॥

४८—पञ्चकामेन्द्रियरूपी फूल टिप्नुमा व्यस्तभई रहने व्यक्तिलाई आफ्नो तृष्णा पूरा नहुँदै मृत्युराजले बशमा राख्छ ॥५॥

श्रावस्ती (४९) कंजूस कोसिय साहु

यथा'पि भमरो पुप्फं—वण्णगन्धं अहेठयं ।
पलेति रसमा'दाय—एवं गामे मुनीचरे ॥६॥

४९—भमराले फूलको रङ्ग रूप न विगारी कन त्यसको रस चुसेर गए झैं मुनिहरू ग्राममा विचरण गर्दछन् ॥६॥

श्रावस्ती (५०) पाठिय आजीवक

न परेसं विलोमानि—न परेसं कता'कतं ।
अत्तनो'व अवेक्खेय्य—कतानि अकतानि च ॥७॥

५०—अर्काको दोष र अर्कालेके गऱ्यो के गरेन भनी हेर्नु भन्दा आफ्नो दोष र आफुले के गरें के गरिन भनी हेर्नु नै बेसछ ॥७॥

श्रावस्ती (५१) छत्तपाणि

यथापि रुचिरं पुप्फं—वण्णवन्तं अगन्धकं ।
एवं सुभासिता वाचा—अफला होति अकुब्बतो ॥८॥

५१—जस्तो बास न आएको फूल राम्रो भएता पनि निष्फल हुन्छ, त्यस्तै क्रियाहीन कुरा पनि निष्फल हुन्छ ॥८॥

(५२)

यथा'पि रुचिरं पुप्फं—वण्णवन्तं सुगन्धकं ।
एवं सुभासिता वाचा—सफला होति सकुब्बतो ॥९॥

५२—सुगन्ध भएको राम्रो फूलको कदर भए झैं क्रियायुक्त कुरा सफल हुन्छ ॥९॥

श्रावस्ती, पूर्वाराम (५३) विशाखा उपासिका

यथा'पि पुप्फरासिम्हा—कयिरा मालागुणे बहु ।
एवं जातेन मच्चेन— कत्तब्बं कुसलं बहुं ॥१०॥

५३—मालीले धेरै फूलबाट छानी छानी रात्रो माला गांसे झैं संसारमा जन्मने मानिसले धेरै कुशल कर्म गर्नु पर्छ ॥१०॥

श्रावस्ती (५४) आनन्द स्थविर

न पुप्फगन्धो पटिवातमे'ति
न चन्दनं तगरमल्लिका वा ।
सतं च गन्धो पटिवातमे'ति
सब्बादिसा सप्पुरिसो पवाति ॥११॥

५४—फूल, चन्दन, चमेली आदिको वास हावा न पुगेको ठाउँमा जान सक्तैन किन्तु सत्पुरुषको सौजन्य-रूपी सुगन्ध दसै दिशामा फैलिन्छ ॥११॥

(५५)

चन्दनं तगरं वा'पि—उप्पलं अथ वस्सिकी ।
एतेसं गन्धजातानं—सीलगन्धो अनुत्तरो ॥१२॥

५५—चन्दन, तगर, कमल, चमेली आदिको सुगन्ध भन्दा शील–गुणको सुगन्ध उत्तम हुन्छ ॥१२॥

राजगृह, वेणुवन (५६) महाकश्यप स्थविर

अप्पमत्तो अयं गन्धो—यायं तगर चन्दिनो[1] ।
यो च सीलवतं गन्धो - वाति देवेसु उत्तमो ॥१३॥

५६—तगर चन्दनादिको सुगन्ध कम्ती छ, शीलवान्‌हरूको सुगन्ध देवलोक सम्मपनी फैलिन्छ ॥१३॥

राजगृह, वेणुवन (५७) गोधिक थेर

तेसं सम्पन्न सीलानं—अप्पमादविहारिनं ।
सम्मदञ्ञा विमुत्तानं - मारो मग्गं न विन्दति ॥१४॥

५७—शीलवान् औ अप्रमादी भएर चित्तलाई क्लेशबाट मुक्त गराएर बस्ने व्यक्तिको मार्ग मारले पता लाउन सक्तैन ॥१४॥

जेतवन (५८–५९) गरहदिन्न

यथा संकारधानस्मि—उज्झितस्मि महापथे ।
पदुमं तत्थ जायेय—सुचिगन्धं मनोरमं ॥१५॥

---

१. ब० नगर चन्दनं ।

एवं सङ्कारभूतेसु—अन्धभूते पुथुज्जने ।
अतिरोचति पञ्ञाय–सम्मासम्बुद्ध सावको ॥१६॥

५८–५९—ठूल्ठूला वाटामा फेकिएका फोहर ठाउँमा कमलको फूल उम्रे झैं क्लेशयुक्त पृथग्जनको बीचमा सम्यग्सम्बुद्धका शिष्यहरू प्रज्ञावान् भएर जगमगाउँछ ॥१५–१६॥

फूल वर्ग सिद्धियो

५—बालवग्गो

(मूर्ख वर्ग)

श्रावस्ती, जेतवन (६०) प्रसेनजित राजाको सेवक

दीघा जागरतो रत्ति—दीघं सन्तस्स योजनं ।
दीघो बालानं संसारो सद्धम्मं अविजानतं ।।१।।

६०—नींद न आउनेलाई रात लामो जस्तो लाग्ने, थाकेकालाई एक योजनको बाटो पनि टाढा जस्तो लाग्ने हुन्छ, त्यस्तै सद्धर्म न जान्ने अज्ञानी मूर्ख-लाई संसारको बाटो लामो जँचिन्छ ।।१।।

श्रावस्ती (६१) कश्यपसँग बस्ने

चरं चे ना'धिगच्छेय्य—सेय्यं सदिसमत्तनो ।
एकचरियं दल्हं कयिरा—नत्थि बाले सहायता ।।२।।

६१—भरसक आफु भन्दा गुणी मानिसको सत्सं-गत् गर्नु, न भए आफु समानको सत्संगत् गर्नु तर आफु भन्दा दुर्गुणीको सत्संगत् कहिल्यै नगर्नु, यस्ताको संगत गर्नु भन्दा त सुदृढ मन राखी एक्लै हिड्नु जाति छ ।।२।।

श्रावस्ती (६२) आनन्द साहु

पुत्ताम'त्थि धनमत्थि— इति बालो विहञ्ञति ।
अत्ताहि अत्तनो नत्थि—कुतो पुत्ता कुतो धनं ? ॥३॥

६२ – 'मेरो छोरा छ' 'धन छ' भनी अज्ञानीहरू चिन्तित हुन्छन् । आफ्नो देह नै आफुले भने जस्तो छैन भने छोरा भएर के ! धन भएर के ! ॥३॥

जेतवन (६३) चोर

यो बालो मञ्ञति बाल्यं— पण्डितोवापि तेन सो ।
बालो च पण्डितमानी—स वे बालो'ति वुच्चति ॥४॥

६३ —आफ्नो मूर्खतालाई चिन्नसक्ने मानिस नै पण्डित कहलाइन्छ, मूर्ख भई कन पनि पण्डित हुँ भन्नेलाई मूर्ख भन्दछन् ॥४॥

श्रावस्ती, जेतवन (६४) उदायी थेर

यावजीवम्पि चे बालो—पण्डितं पयिरुपासति ।
न सो धम्मं विजानाति— दब्बी सूपरसं यथा ॥५॥

६४—दारूले त्यून तरकारीको स्वाद थाह न हुने झैं मूर्खजनले पनि जीवनभर पण्डितको सत्संगत्

गरेता पनि धर्मको मर्म बुझ्न सक्दैन ।।५।।

श्रावस्ती, जेतवन (६५) भद्रवर्गीय भिक्षु

मुहुत्तम'पि चे विञ्ञू—पण्डितं पयिरुपासति ।
खिप्पं धम्मं विजानाति—जिव्हा सूपरसं यथा ।।६।।

६५—जिब्रोले त्यून तरकारीको स्वाद पाए झैं विज्ञजनले, क्षणमात्र भएपनि पण्डितहरूको सत्संगत् पायो भने धर्मको रस बुझिहाल्छ ।।६।।

राजगृह, वेणुवन (६६) सुप्रबुद्ध कुष्ठी

चरन्ति बाला दुम्मेधा—अमित्तेने'व अत्तना ।
करोन्ता पापकं कम्मं—यं होति कटुकप्फलं ।।७।।

६६—मूर्खहरूले आफैलाई शत्रु बनाएर पाप कर्म गर्छन् ! त्यही पाप कर्मको कटु-फल पछि आफैलाई प्राप्त हुन्छ ।।७।।

जेतवन (६७) एक किसान

न तं कम्मं कतं साधु—यं कत्वा अनुतप्पति ।
यस्स अस्सुमुखो रोदं—विपाकं पटिसेवति ।।८।।

६७—जुन कामको फल भोग गर्दा आँसु बहाई

पछुतो गर्नु पर्ला त्यस्तो काम सज्जनले नगर्नु नै वेस हो ॥८॥

वेणुवन (६८) सुमन माली

तञ्च कम्मं कतं साधु––यं कत्वा ना'नुतप्पति ।
यस्स पतीतो सुमनो––विपाकं पटिसेवति ॥९॥

६८—जुन कामको फल भोग गर्दा पछुतो गर्नु परोइन चित्त प्रसन्न रहन्छ, सज्जनले त्यस्तो काम गर्नु पर्छ ॥९॥

जेतवन (६९) उत्पलवर्णा भिक्षुणी

मधु'व मञ्ञती बालो––याव पापं न पच्चति ।
यदा च पच्चती पापं–अथ बालो दुक्खं निगच्छति॥१०॥

६९—पापको फल भोग गर्नु न परे सम्म मूर्खले आफुले गरेको खराब कामलाई मह जस्तो ठान्दछ, तर पापको फल भोग्नु पर्दा दुःखित हुन्छ ॥१०॥

राजगृह, वेणुवन (७०) जम्बुक आजीवक

मासे मासे कुसग्गेन––बालो भुञ्जेय[1] भोजनं ।
न सो सङ्खतधम्मानं––कलं अग्घति सोलसिं ॥११॥

१. ब० भूञ्जेय्य ।

७०—मैन्हामा एकपल्ट मात्र कुशाग्रले भोजन गरेता पनि मूर्खहरू पण्डितको अगाडि सोह्र आनामा एक आना पनि मूल्यवान् हुन सक्तैन ।।११।।

राजगृह, वेणुवन (७१) अहि प्रेत

न हि पापं कतं कम्मं—सज्जु खीरं'व मुच्चति ।
डहन्तं बाल'मन्वेति—भस्मच्छन्नो'व पावको ।।१२।।

७१—दुहुना साथ दूध बिग्रँदैन त्यस्तै पापको फल पनि तुरुन्तै आउँदैन, खरानिको आगोले क्रमशः पोले झैं पापले मूर्खलाई क्रमशः पोल्दै ल्याउँछ ।।१२।।

राजगृह, वेणुवन (७२) सट्ठिकूट प्रेत

यावदेव अनत्थाय—ञत्तं बालस्स जायति ।
हन्ति बालस्स सुक्कंसं—मुद्ध'मस्स विपातयं ।।१३।।

७२—मूर्खको बुद्धि अनर्थ गर्ने हुन्छ, मूर्खले आफ्नो मूर्खताको कारण आफ्नो सुख हुने भविष्यलाई आफ्नै शिर फोरे झैं गरेर बिगार्दछ ।।१३।।

जेतवन (७३) सुधर्म स्थविर

असतं भावन'मिच्छेय्य—पुरेक्खारञ्च भिक्खुसु ।
आवासेसु च इस्सरियं—पूजा परकुलेसु च ।।१४।।

(७४)

ममे'व कत'मञ्ञन्तु
गिही पब्बजिता उभो ।
ममे'व अतिवसा अस्सु
किच्चा'किच्चेसु किस्मिचि ।
इति बालस्स सङ्कप्पो
इच्छा मानो च वड्ढति ॥१५॥

७४—खराब विचार हुने भिक्षुले यस्तो इच्छा गर्दछः— 'भिक्षुगणमा माथि वसुं, मठ र विहारको अधिपति होऊं, अर्काको घरमा पूजित होऊं, सबै काम आफुले भने कैं होस्'— यस्ता संकल्प गर्ने भिक्षुको मनमा तृष्णा र अभिमान वढ्दै जान्छ ॥१५॥

श्रावस्ती, जेतवन (७५) वनवासी तिस्सथेर

अञ्ञा हि लाभू'पनिसा—अञ्ञा निब्बानगामिनी ।
एव'मेतं अभिञ्ञाय—भिक्खु बुद्धस्स सावको ।
सक्कारं ना'भिनन्देय्य—विवेकम'नुब्रूहये ॥१६॥

७५—लाभ सत्कार पाइने बाटो आर्कै, निर्वाण पाइने बाटो आर्कै सम्झेर बुद्ध शासनमा बस्ने भिक्षुले समाजमा लाभ सत्कारको वास्ता न राखि एकान्तवासी हुने चर्य्या बढाउनु पर्दछ ॥१६॥

मूर्ख वर्ग सिद्धियो

६–पण्डित वग्गो

(पण्डित वर्ग)

जेतवन (७६) राध थेर

निधीनं'व पवत्तारं—यं पस्से वज्जदस्सिनं ।
निग्गय्हवादिं मेधाविं – तादिसं पण्डितं भजे ।
तादिसं भजमानस्स—सेय्यो होति न पापियो ॥१॥

७६—आफ्नो दोष देखाइ दिनेलाई गाडेको धन देखाइ दिने मित्र भनी ठान्नु पर्छ, ज्ञानीहरू आफुलाई गालि गरेर सिकाउनेको सत्संगत् छोड्दैनन् त्यस्ताको सत्संगत् गर्नाले आफ्नो उन्नति सिवाय हानी हुँदैन ॥१॥

जेतवन (७७) अस्सजि, पुनब्बसु

ओवदेय्या'नुसासेय्य—असब्भा च निवारये ।
सतं हि सो पियो होति—असतं होति अप्पियो ॥२॥

७७—उपदेश देउ, आफुलाई अनुशासन गर, असभ्य स्वभाव छोड भन्ने मानिस सत्पुरुषहरूको प्रेम पात्र हुन्छ । उसलाई असत्पुरुषले रुचाउँदैन ॥२॥

जेतवन (७८) छन्न थेर

न भजे पापके मित्ते—न भजे पुरिसा'धमे ।
भजेथ मित्ते कल्याणे—भजेथ पुरिसुत्तमे ।।३।।

७८—पापी मित्र र अधम पुरुषको सगत न गर, कल्याण मित्र र उत्तम पुरुषको सत्सगत गर ।।३।।

जेतवन (७९) महाकप्पिन थेर

धम्मपीति सुखं सेति—विप्पसन्नेन चेतसा ।
अरियप्पवेदिते धम्मे—सदारमति पण्डितो ।।४।।

७९—धर्म रस बुझने व्यक्ति प्रसन्न चित्त भई आराम पूर्वक निदाउँछ, पण्डितहरूले आर्य धर्ममा मन लगाउँछ ।।४।।

जेतवन (८०) पण्डित श्रामणेर

उदकं हि नयन्ति नेत्तिका
उसुकारा नमयन्ति तेजनं ।
दारुं नमयन्ति तच्छका
अत्तानं दमयन्ति पण्डिता ।।५।।

८०—कुलो खन्नेले आफुलाई चाहिदो ठाउँमा पानी लैजान्छ, वाण बनाउनेले आफुलाई चाहिए बमोजिम बाण बनाउँछ, सिकर्मीले पनि आफुलाई चाहिए बमोजिमको काठ बनाउँछ, त्यस्तै पण्डितहरूले पनि आफुलाई चाहिए बमोजिम आत्म दमन गर्दछन् ।।५।।

जेतवन (८१) भद्दिय थेर

सेलो यथा एकघनो—वातेन न समीरति ।
एवं निन्दा पसंसासु—न समिञ्जन्ति पण्डिता ।।६।।

८१—ठूलठूला ढुङ्गालाई हावाले उखेल्न न सके भैं निन्दा र प्रशंसाले पण्डितहरूलाई विचलित गराउन सक्तैन ।।६।।

जेतवन (८२) काणमाता

यथा पि रहदो गम्भीरो—विप्पसन्नो अनाविलो ।
एवं धम्मानि सुत्वान—विप्पसीदन्ति पण्डिता ।।७।।

८२—अगाध तथा गम्भीर पोखरीको पानी निर्मल भए जस्तै पण्डितहरूको चित्त धर्म श्रवणको प्रभावले स्वच्छ र निर्मल हुन्छ ।।७।।

जेतवन (८३) पाँच शय भिक्षु

सब्बत्थ वे सप्पुरिसा चजन्ति
न कामकामा लपयन्ति सन्तो ।
सुखेन फुट्ठा अथवा दुखेन
न उच्चा'वचं पण्डिता दस्सयन्ति ॥८॥

८३ -- सत्पुरुषहरूले सबै कुरा त्याग गर्छन् अौ शान्त भएर काम विषयक कुरा केही गर्दैनन्, सुख होस् वा दुःख होस् त्यस विषयमा केही पनि बोल्दैनन् ॥८॥

जेतवन (८४) धम्मिक थेर

न अत्तहेतु न परस्सहेतु
न पुत्त मिच्छे न धनं न रट्ठं ।
न इच्छेय्य अधम्मेन समिद्धि मत्तनो
स सीलवा पञ्ञवा धम्मिको सिया ॥९॥

८४—आफ्नो निमित्त अर्काको निमित्त अथवा छोरा छोरी पाउंन आशा अथवा धन र राज्यको निमित्त अधर्मबाट समृद्ध हुन्छु भन्ने विचार न राख्ने यस्तालाई धार्मिक भन्दछन् ॥९॥

जेतवन (८५) धर्म श्रवण

अप्पका ते मनुस्सेसु—ये जना पारगामिनो ।
अथा'यं इतरा पजा—तीरमे'वा'नुधावति ॥१०॥

८५—यो संसाररूपी समुद्र देखी उता पार जाने मानिस थोरै हुन्छ अरू बाँकी सबै यतै तीरै तीरमा दगुरी रहने हुन्छन् ॥१०॥

(८६)

ये च खो सम्म'दक्खाते धम्मे धम्मा'नुवत्तिनो ।
ते जना पार'मेस्सन्ति—मच्चुधेय्यं सुदुत्तरं ॥११॥

८६—राम्रोसँग देशना गरिएको सद्धर्म अनुसार आचरण गर्ने व्यक्ति नै यस्तो दुस्तर सागरको पार तरेर जान्छ ॥११॥

जेतवन (८७) ५०० आगन्तुक भिक्षु

कण्हं धम्मं विप्पहाय—सुक्कं भावेथ पण्डितो ।
ओका अनोकं आगम्म—विवेके यत्थ दूरमं ॥१२॥

८७—भिक्षु हो, खराब धर्मलाई छोडी असल धर्म ग्रहण गर्नुपर्छ, घर छाडेर त्यागी हुनेले एकान्त-सेवन गर्नुपर्छ ॥१२॥

(८८)

तत्रा'भिरति मिच्छेय्य— हित्वा कामे अकिञ्चनो ।
परियोदपेय्य अत्तानं—चित्तक्लेसेहि पण्डितो ॥१३॥

८८—कामभोग सबै छोडी नैष्कर्म्यमा रत हुनु पर्दछ, पण्डितले आफ्नो मनको मैला सबै फ्याँकेर आफुलाई परिशुद्ध बनाउँछ ॥१३॥

(८९)

येसं सम्बोधि अंगेसु—सम्मा चित्तं सुभावितं ।
आदान पटिनिस्सग्गे—अनुपादाय ये रता ।
खीणा'सवा जुतीमन्तो— ते लोके परिनिब्बुता ॥१४॥

८९—सम्बोधि अङ्गमा मन बसी सकेका परिग्रह लाई त्यागेर अपरिग्रहमा लागेका, मैला रहित चित्त भएका यस्ता तेज सम्पन्न पुरुषलाई नै निर्वाण-पद प्राप्ति भएको हुन्छ ॥१४॥

पण्डित वर्ग सिद्धियो

७–अरहन्त वग्गो

(अरहत् वर्ग)

जीवक आम्रवन (९०) जीवक

गत'द्धिनो विसोकस्स—विप्पमुत्तस्स सब्बधी ।
सब्बगन्थप्पहीणस्स—परिलाहो न विज्जति ॥१॥

९०—आफ्नो मार्ग तयगरी सकेको, शोक रहित भएर सबै गांठो फुकी सकेको त्यस्ता व्यक्तिलाई शोक सन्ताप हुंदैन ॥१॥

राजगृह, वेणुवन (९१) महाकश्यप

उय्युञ्जन्ति सतीमन्तो—न निकेते रमन्ति ते ।
हंसा'व पल्ललं हित्वा—ओक'मोकं जहन्ति ते ॥२॥

९१—जसले स्मृतिवान् भएर उद्योग गर्दछन् गृहस्थ जीवनमा रमाउन छोड्दछ त्यस्ता व्यक्ति जस्तो हंसले क्षुद्र जलाशय छोडेर जान्छ त्यस्तै गरी गृहत्याग गरी दिन्छ ॥२॥

जेतवन (९२) बेलट्ठिसीस

येसं सन्निचयो नत्थि—ये परिञ्ञात भोजना ।
सुञ्ञतो अनिमित्तो च—विमोक्खो यस्स गोचरो ।
आकासे व सकुन्तानं—गति तेसं दुरन्नया ॥३॥

९२—जस्को संग्रह छैन, जो भोजनमा संयमी छ र शून्यस्वरूप निर्वाणमा दत्तचित्त छ त्यस्ताको गति आकाशमा उड्ने पंक्षीको गति जस्तो देख्न गहारो हुन्छ ॥३॥

राजगृह, वेणुवन (९३) अनुरूद्ध थेर

यस्सा'सवा परिक्खीणा—आहारे च अनिस्सितो ।
सुञ्ञतो अनिमित्तो च—विमोक्खो यस्स गोचरो ।
आकासे व सकुन्तानं—पदं तस्स दुरन्नयं ॥४॥

९३—जस्को आस्रव क्षीण भई सकेको छ आहार-मा आसक्ति छैन, शून्यस्वरूप निर्वाणमा दत्त-दृष्टि छ त्यस्ताको गति आकाशमा उड्ने पंक्षीको गति जस्तै देख्न गहारो हुन्छ ॥४॥

श्रावस्ती, पूर्वाराम (९४) महाकच्चायन

यस्सि'न्द्रियानि समथं गतानि
अस्सो यथा सारथिना सुदन्ता ।
पहीणमानस्स अनासवस्स
देवा'पि तस्स पिहयन्ति तादिनो ॥५॥

९४—सवारले दमन गरिएको घोडा झैं जस्को इन्द्रिय शान्त भइ सकेको छ त्यस्ता निरभिमानी अनास्रवी सन्तको स्पृहा देवताहरूले पनि गर्दछन् ॥५॥

जेतवन (९५) सारिपुत्र स्थविर

पठवीसमो नो विरुज्झति
इन्दखीलू'पमो तादि सुब्बतो ।
रहदो'व अपेतकद्दमो
संसारा न भवन्ति तादिनो ॥६॥

९५—पृथ्वी समान र इन्द्रकील समान न डगेर बस्ने व्यक्तिको मन निर्मल पंक रहित जलाशय स्वच्छ भएर संसारका अनेक ग्रन्थिहरूमा अल्झिएको हुँदैन॥६॥

जेतवन (९६) कौशम्बीवासी तिस्स थेर

सन्तं तस्स मनं होति—सन्ता वाचा च कम्म च ।
सम्मदञ्ञा विमुत्तस्स उपसन्तस्स तादिनो ॥७॥

९६—राम्रोसँग जानी बुझि मुक्त भै सकेको अर्हत् पुरुषको मन शान्त हुन्छ वाणी तथा कर्म पनि शान्त हुन्छ ॥७॥

जेतवन (९७) सारिपुत्र स्थविर

अस्सद्धो अकतञ्ञू च—सन्धिच्छेदो च यो नरो ।
हता 'वकासो वन्ता'सो—स वे उत्तमपोरिसो ॥८॥

९७—अन्धविश्वास रहित, निर्वाणका ज्ञानी, जन्म मरण रहित भएर सबै तृष्णा त्याग गरी सकेको मानिस उत्तमपुरुष भनिन्छ ॥८॥

जेतवन (९८) खदिरबनीय रेवत थेर

गामे वा यदि वा 'रञ्ञे—निन्ने वा यदि वा थले ।
यत्था'रहन्तो विहरन्ति—तं भूमिं रामणेय्यकं ॥९॥

९८ - गाँव, जङ्गल, मैदान, पहाड आदि जुनसुकै

ठाउँमा अर्हत्हरू विहरण गर्दछन् त्यो ठाउँ रमणीय हुन्छ ॥९॥

जेतवन (९९) आरण्यिक भिक्षु

रमणीयानि अरञ्ञानि–यत्थ न रमती जनो ।
वीतरागा रमिस्सन्ति–न ते कामगवेसिनो ॥१०॥

९९—रमणीय जङ्गल जहाँ विषयासक्त साधारण जन बस्नु रूचाउँदैन त्यहाँ काम–भोगको पीछा छाड्ने वीतरागी मात्र बस्न सक्दछ ॥१०॥

अरहत् वर्ग सिद्धियो

८-सहस्स वग्गो

(हजार वर्ग)

वेणुवन (१००) तम्वदाठिक

सहस्सम'पि चे वाचा—अनत्थपदसंहिता ।
एकं अत्थपदं सेय्यो—यं सुत्वा उपसम्मति ॥१॥

१००—अर्थ न वर्थको पद भएका सहस्रवाक्य बोल्नु भन्दा सार्थक-पद एउटा नै श्रेष्ठ छ जुन सार्थक-पद सुन्नाले शान्ति मिल्दछ ॥१॥

जेतवन (१०१) दारूचीरिय थेर

सहस्सम'पि चे गाथा— अनत्थपदसंहिता ।
एकंगाथापदं सेय्यो—यं सुत्वा उपसम्मति ॥२॥

१०१—अर्थ न वर्थको पद भएका सहस्र गाथा पढनु भन्दा सार्थक गाथा एउटा नै श्रेष्ठ छ जुन सार्थक गाथा पढनाले शान्ति मिल्दछ ॥२॥

जेतवन (१०२) कुण्डलकेसी थेरी

यो च गाथासतं भासे—अनत्थपदसंहितं ।
एकं धम्मपदं सेय्यो—यं सुत्वा उपसम्मति ॥३॥

१०२––अर्थरहित हजार श्लोक पढनु भन्दा अर्थसहित शान्ति प्राप्त हुने एउटा धर्मपद पढनु वेस छ ॥३॥

(१०३)

यो सहस्सं सहस्सेन—सङ्गामे मानुसे जिने ।
एकञ्च जेय्य अत्तानं— स'वे सङ्गामजुत्तमो ॥४॥

१०३––लडाईमा हजारौंलाई जित्नु भन्दा आफुलाई जित्नु सक्ने लाइनै संग्रामजित् भन्दछन् ॥४॥

जेतवन (१०४,१०५) अनर्थ सोध्ने ब्राह्मण

अत्ता हवे जितंसेय्यो––या चा'यं इतरा पजां ।
अत्तदन्तस्स पोसस्स—निच्चं सञ्ञतचारिनो ॥५॥
ने'व देव न गन्धब्बो––न मारो सह ब्रह्मुना ।
जितं अपजितं कयिरा––एवरूपस्स जन्तुनो ॥६॥

१०४,१०५––अर्कालाई जित्नु भन्दा आफुलाई जित्नु बेस हो किन भने आत्मदमन गरी सदा संयमी हुने व्यक्तिलाई देव गन्धर्व मार तथा ब्रह्माले पनि जित्नु सक्दैन ॥५,६॥

वेणुवन (१०६) सारिपुत्रको मामा

मासे मासे सहस्सेन––यो यजेथ सतं समं ।
एकं च भावित'त्तानं––मुहुत्तम'पि पूजये ।
सा ये'व पूजना सेय्यो––यं चे वस्ससतं हुतं ॥७॥

१०६––महिना महिनामा हजारौं रूपया खर्च गरी यज्ञ–होम गर्ने भन्दा क्षणभर मात्र भएता पनि सयमी व्यक्तिलाई पूजा सत्कार गर्नु वेस––सय वर्ष होम गरेको भन्दा क्षण भर गरेको पूजा नै श्रेष्ठ हो ॥७॥

वेणुवन (१०७) सारिपुत्रको भान्जा

यो च वस्ससतं जन्तु––अग्गिं परिचरे वने ।
एकञ्च भावित'त्तानं––मुहुत्तम'पि पूजये ।
साये'व पूजना सेय्यो––यञ्चे वस्ससतं हुतं ॥८॥

१०७––सय वर्षसम्म जङ्गलमा बसी यज्ञ गर्ने भन्दा क्षण भर भएता पनि इन्द्रिय संयमी व्यक्तिलाई पूजा सत्कार गर्नु वेस, किनभने सय वर्ष यज्ञ गरेको भन्दा क्षणभर गरेको पूजा नै श्रेष्ठ हो ॥८॥

वेणुवन (१०८) सारिपुत्रको साथी

यं किञ्चि यिट्ठं च हुतं च लोके
संवच्छरं यजेथ पुञ्ञपेक्खो ।
सब्बम्पि तं न चतुभागमे'ति
अभिवादना उज्जुगतेसु सेय्यो ॥९॥

१०८––पुण्यको इच्छा गरी जुनसुकै यज्ञ होम वर्ष दिनसम्म गरेता पनि ऋजुभूत सन्तलाई गरेको अभिवादनको चौठाई भाग पनि फलस्वरूप पाईंदैन ॥९॥

अरण्यकुटी (१०९) दीर्घायुकुमार

अभिवादनसीलिस्स[1]—निच्चं वद्धापचायिनो ।
चत्तारो धम्मा वड्ढन्ति – आयुवण्णो सुखंबलं ॥१०॥

१०९—अभिवादन गर्ने स्वभाव हुने र सधैं वृद्ध-हरूको सेवा सुश्रूषा गर्ने व्यक्तिको चार थोक बढ्दछ—आयु, वर्ण, सुख र बल ॥१०॥

---

१. सि० अभिवादनसीलस्स ।

जेतवन (११०) संकिच्च श्रामणेर

यो चे वस्ससतं जीवे—दुस्सीलो असमाहितो ।
एका'हं जीवितं सेय्यो–सीलवन्तस्स झायिनो ॥११॥

११०—दुराचारी र असमाहित पुरुषको सय बर्षको जीवन भन्दा सदाचारी र ध्यानी पुरुषको एक दिनको जीवन नै वेस छ ॥११॥

जेतवन (१११) कौण्डिन्य स्थविर

यो चे वस्ससतं जीवे—दुप्पञ्ञो असमाहितो ।
एका'हं जीवितं सेय्यो–पञ्ञवन्तस्स झायिनो ॥१२॥

१११—बुद्धिहीन असमाहित पुरुषको सय वर्षको जीवन भन्दा ध्यानी प्रज्ञावान्को एकै दिनको जीवन वेस छ ॥१२॥

जेतवन (११२) सप्पदास थेर

यो चे वस्ससतं जीवे—कुसीतो हीनवीरियो ।
एका'हं जीवितं सेय्यो–विरियमारभतो दळ्हं ॥१३॥

११२—अलसी वीर्यहीन भई सय वर्ष जिउनु भन्दा दृढ उद्योगी भई एकै दिन जिउनु वेस ॥१३॥

जेतवन (११३) पटाचारा थेरी

यो चे वस्ससतं जीवे—अपस्सं उदयव्ययं[1] ।
एका'हं जीहितं सेय्यो—पस्सतो उदयव्ययं ॥१४॥

११३—उत्पत्ति र विनाशको ज्ञान बिर्सेर सय वर्ष जिउनु भन्दा उत्पत्ति र विनाशको ज्ञान जानेर एकैदिन जिउनु वेस ॥१४॥

जेतवन (११४) कृशागोतमी

यो चे वस्ससतं जीवे—अपस्सं अमतं पदं ।
एका'हं जीवितं सेय्यो—पस्सतो अमतं पदं ॥१५॥

११४—अमृतपदलाई बिर्सेर सय वर्ष जिउनु भन्दा अमृतपदलाई जानेर एकैदिन जिउनु वेस ॥१५॥

१. ब० उदयब्बयं ।

जेतवन (११५) बहुपुत्तिक थेरी

यो चे वस्ससतं जीवे—अपस्सं धम्ममुत्तमं ॥
एकाहं जीवितं सेय्यो—पस्सतो धम्ममुत्तमं ॥१६॥

११५—उत्तम धर्म न जानेर सय वर्ष जिउनु भन्दा उत्तम धर्म जानेर एकैदिन जिउनु वेस ॥१६॥

हजार वर्ग सिद्धियो

९–पापवग्गो

(पाप वर्ग)

जेतवन (११६) चूलेकसाटक ब्राह्मण

अभित्थरेथ कल्याणे—पापा चित्तं निवारये ।
दन्धं हि करोतो पुञ्ञं - पापस्मि रमती मनो ॥१॥

११६–पुण्य कर्म गरिहाल्नु पर्छ मनमा पाप चिताउनु हुँदैन, पुण्य गर्नमा बेर लायो भने पापमा चित्त जाने सम्भावना छ ॥१॥

जेतवन (११७) सेय्यसक थेर

पापं चे पुरिसो कयिरा– न तं कयिरा[1] पुनप्पुनं ।
न तम्हि छन्दं कयिराथ[2] दुक्खो पापस्स उच्चयो ॥२॥

११७—मानिसले पाप गरि हाल्यो भने पनि फेरी फेरी गर्नु हुँदैन । पापमा इच्छा बढाउनु हुँदैन, पाप थुप्रियो भने दुःखको कारण बन्न जान्छ ॥२॥

---

१. ब० करिया ।
२. ब० करियाथ ।

जेतवन (११८) लाजदेव कन्या

पुञ्ञं चे पुरिसो कयिरा[1]— कयिराथेनं पुनप्पुनं ।
तम्हि छन्दं कयिराथ[2] सुखो पुञ्ञस्स उच्चयो ।।३।।

११८—पुण्य गरिसक्यो भने फेरी फेरी पनि गर्नु पर्छ । त्यसमा खूब उत्साह बढाउनु पर्छ । पुण्यको रास सुखको कारण हो ।।३।।

जेतवन (११९) अनाथपिण्डिक साहु

पापो'पि पस्सति भद्रं—याव पापं न पच्चति ।
यदा च पच्चति पापं अथ पापो पापानि पस्सति ।।४।।

११९—पापको फल न पाए सम्म पापीले पाप गर्नु बेस सम्झन्छ । पापको फल पाएपछि मात्रै उसलाई पापको पुरा परिचय हुन्छ ।।४।।

(१२०)

भद्रो'पि पस्सति पापं—याव भद्रं न पच्चति ।
यदा च पच्चति भद्रं— अथ भद्रो भद्रानि पस्सति ।।५।।

१. ब० करिया ।
२. ब० करियाथ ।

१२०—पुण्यात्माले पनि पुण्यको फल न आए-सम्म पुण्य खराब सम्झन्छ। पुण्यको फल आए पछि मात्रै उसलाई पुण्यको पुरा परिचय हुन्छ ।।५।।

जेतवन (१२१) असंयमी भिक्षु

मा'प्पमञ्ञेथ पापस्स– न मन्तं आगमिस्सति ।
उदबिन्दु निपातेन – उदकुम्भो'पि पूरति ।
पूरति बालो पापस्स– थोक थोकम्पि आचिनं ।।६।।

१२१—अलिकति पाप गरेर के होला भनेर न सम्झनु, एक एक थोपा गरेर पानीले गागरी भरे फैं मूर्खजनले पनि अलि अलि गरेर पाप थुपार्छ ।।६।।

जेतवन (१२२) विलालपाद सेठ

मा'प्पमञ्ञेथ पुञ्ञस्स—न मन्तं आगमिस्सति ।
उदबिन्दु निपातेन—उदकुम्भो'पि पूरति ।
पूरति धीरो पुञ्ञस्स—थोकथोकम्पि आचिनं ।।७।।

१२२—अलिकता पुण्य गरेर के होला र भनी न भन, एक एक थोपा गरेर पानीले गागरी भरे फैं धीर पुण्यवान्‌ले अलि अलि गरेर पुण्य थुपार्छ ।।७।।

जेतवन (१२३) महाधनी व्यापारी

वाणिजो'व भयं मग्गं—अप्पसत्थो महद्धनो ।
विसं जीवितुकामो'व—पापानि परिवज्जये ॥८॥

१२३—हथियार न हुने महाधनी व्यापारीले भययुक्त बाटो छोडे झैं अथवा जिउने इच्छा हुनेले विषलाई छोडे झैं मनुष्यले पाप गर्न छोड्नु पर्छ ॥८॥

वेणुवन (१२४) कुक्कुटमित्र

पाणिम्हि चे वणो ना'स्स—हरेय्य पाणिना विसं ।
ना'ब्बणं विसम'न्वेति—नत्थि पापं अकुब्बतो ॥९॥

१२४—हातमा घाउ न हुनेले विष छोएता पनि विष न लागे झैं पाप न गर्नेलाई पापले छुंदैन ॥९॥

जेतवन (१२५) कोक भन्ने शिकारी

यो अप्पदुट्ठस्स नरस्स दुस्सति
सुद्धस्स पोसस्स अनङ्गणस्स ।
तमे'व बालं पच्चेति पापं
सुखुमो रजो पटिवातं'व खित्तो ॥१०॥

१२५—जताबाट हावा बहेको छ उतातिर फ्यांक्दा धुलो आफैंतिर आउने झैं निर्दोषी, शुद्ध, क्लेश रहित पुरुषलाई गरेको दोषारोपणको प्रतिफल आफैं-लाई पर्न आउँछ ॥१०॥

जेतवन (१२६) तिस्स थेर

गब्भमेके उप्पज्जन्ति––निरयं पापकम्मिनो ।
सग्गं सुगतिनो यन्ति––परिनिब्बन्ति अनासवा ॥११॥

१२६—कोही संसारमा जन्मन्छ, कोही पापी नरकमा जन्मन्छ, पुण्यवान्ले स्वर्गमा जन्म लिन्छ, चित्तमल रहित अनास्रव व्यक्तिलाई परिनिर्वाण प्राप्ति हुन्छ ॥११॥

जेतवन (१२७) तीनजना भिक्षु

न अन्तलिक्खे न समुद्दमज्झे
न पब्बतानं विवरं पविस्स ।
न विज्जति सो जगतिप्पदेसो
यत्थट्ठितो मुञ्चेय्य[1] पापकम्मा ॥१२॥

---

१. ब० मुच्चेथ ।

१२७—आकाश, समुद्र तथा पर्वतको गुफामा जहां गएर बसेता पनि आफुले गरेको पापको फलबाट बच्न सकिदैन ।।१२।।

कपिलवस्तु, न्यग्रोधाराम (१२८) सुप्रवुद्ध शाक्य

न अन्तलिक्खे त समुद्दमज्झे
न पब्बतानं विवरं पविस्स ।
न विज्जति सो जगतिप्पदेसो
यत्थट्ठितं नप्पसहेय मच्चु ।।१३।।

१२८—आकाश समुद्र वा पर्वतको गुफा होस् जहाँ गएर बसेता पनि मृत्युबाट बच्न सकिदैन ।।१३।।

पाप वर्ग सिद्धियो

१०–दण्डवग्गो
(दण्ड वर्ग)

जेतवन (१२९) छवर्गिय भिक्षु

सब्बे तसन्ति दण्डस्स—सब्बे भायन्ति मच्चुनो ।
अत्तानं उपमं कत्वा—न हनेय्य न घातये ॥१॥

१२९– दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काँप्तछन् त्यसकारण आफु कैं सम्झि प्राणीलाई हिंसा नगर्नु र न गराउनु ॥१॥

जेतवन (१३०) छवर्गिय भिक्षु

सब्बे तसन्ति दण्डस्स—सब्बेसं जीवितं पियं ।
अत्तानं उपमं कत्वा—न हनेय्य न घातये ॥२॥

१३०—दण्ड देखेर सबै डराउँछन् सबैलाई ज्यानको माया छ त्यसकारण आफु कैं सम्झि प्राणीलाई आघात न गर्नु र न गराउनु ॥२॥

जेतवन (१३१) धेरै केटाहरू

सुखकामानि भूतानि—यो दण्डेन विहिंसति ।
अत्तनो सुख'मेसानो पेच्च सो न लभते सुखं ॥३॥

१३१—आफ्नो सुखको लागि सुखकामी प्राणी-लाई जस्ले दण्डद्वारा हिंसा पीडा दिन्छ, त्यसले पर-लोकमा सुख पाउँदैन ॥३॥

(१३२)

सुखकामानि भूतानि—यो दण्डेन न हिंसति ।
अत्तनो सुख'मेसानो—पेच्च सो लभते सुखं ॥४॥

१३२—आफ्नो सुखको लागि सुखकामी प्राणी-लाई जस्ले दण्डद्वारा हिंसा पीडा दिदैन त्यसलाई पर-लोकमा सुख प्राप्ति हुन्छ ॥४॥

जेतवन　(१३३)　कुण्डधान थेर

मा'वोच फरुसं कञ्चि—वुत्ता पटिवदेय्यु[1] तं ।
दुक्खाहि सारम्भ कथा—पटिदण्डा फुसेय्यु[2] तं ॥५॥

१३३—कठोर वचन न बोल, अरूले पनि तिमी-लाई उत्तिकै कडा वचन बोल्ने छ, कडा बोल्नाले त्यस-को वदला दण्ड पाउँने छौ ॥५॥

---

१. ब० पटिवतेय्युं ।　२. ब० फुसेय्युं ।

(१३४)

सचे नेरेसि अत्तानं – कंसो उपहतो यथा ।
एस पत्तो'सि निब्बानं— सारम्भो ते न विज्जति ॥६॥

१३४—फुटेको काँसको थाल झैं निःशब्द हुनु सक्यौ भने तिमीलाई निर्वाण प्राप्ति हुन्छ तिम्रो निम्ति कलह (हिंसा) केही हुने छैन ॥६॥

श्रावस्ती, पूर्वाराम (१३५) विशाखा सहित उपासिकाहरू

यथा दण्डेन गोपालो— गावो पाचेति गोचरं ।
एवं जरा च मच्चू च—आयुं पाचेन्ति पाणिनं ॥७॥

१३५—गोठालाले लट्ठि लिएर गाई धपाउँदै लगे झैं बुढापा र मृत्युले प्राणीको आयुलाई धपाउँदै लैजान्छ ॥७॥

राजगृह, वेणुवन (१३६) अजगर प्रेत

अथ पापानि कम्मानि—करं बालो न बुज्झति ।
सेहि कम्मेहि दुम्मेधो – अग्गिदड्ढो'व तप्पति ॥८॥

१३६—मूर्खलाई पाप गर्दा दुःख हुन्छ भन्ने ज्ञान हुँदैन, पछि आफ्नो कर्मको फल भोग्ने वेलामा उसलाई आगोले झैं पोल्ने पछुनो हुन्छ ॥८॥

राजगृह, वेणुवन (१३७) महामौद्गल्यायन

यो दण्डेन अदण्डेसु—अप्पदुट्ठेसु दुस्सति ।
दसन्न'मञ्ञतरं ठानं—खिप्पमे'व निगच्छति ॥९॥

(१३८)

वेदनं फरुसं जानिं—सरीरस्स च भेदनं ।
गरुकं वा'पि आबाधं—चित्तक्खेपं'व[1] पापुणे ॥१०॥

(१३९)

राजतो वा उपस्सग्गं[2]—अब्भक्खानं'व दारुणं ।
परिक्खयं'व ञातीनं—भोगानं'व पभंगुरं ॥११॥

(१४०)

अथ व'स्स अगारानि—अग्गि डहति पावको ।
कायस्स भेदा दुप्पञ्ञो—निरयं सो'पपज्जति ॥१२॥

---

१. व० च । २. ब० उपसग्गं ।

१३७, १३८, १३९, १४०—दण्ड रहितलाई दण्ड र दोष रहितलाई दोष दिने व्यक्तिलाई निम्न लिखित दश प्रकारको दुःख मध्ये कुनै न कुनै दुःख हुन्छः–

(१) टाउको दुखने आदि असह्य वेदना हुन्छ, (२) आफ्नो भएको धन विनाश हुन्छ, (३) अंग भग हुन्छ, (४) ठूल्ठूलो रोग हुन्छ, (५) वहुलाउने हुन्छ, (६) राजदण्डादिको भय हुन्छ, (७) ठूलो निन्दा हुन्छ, (८) ज्ञाति वन्धुहरू विनाश हुन्छ, (९) आफ्नो भोगको विनाश हुन्छ, (१०) घरमा आग लागी हुन्छ तथा मृत्यु भई नरक वास हुन्छ ॥९,१०,११,१२॥

जेतवन (१४१) बहुर्भाण्डक भिक्षु

न नग्गचरिया न जटा न पङ्का
नानासका थण्डिलसायिका वा[१] ।
रजो च जल्लं[२] उक्कुटिकप्पधानं
सोधेन्ति मच्चं अवितिण्ण कङ्खं ॥१३॥

१. ब० च । २. ब० रजोजल्लं ।

१४१ नांगो बसेर, जटा पालेर, हिलोमा लडबडिएर, भोकै बसेर, भूईमा सुतेर खरानी दलेर बस्दैमा शुद्धात्मा बन्न सक्ने छैन ॥१३॥

जेतवन (१४२) सन्तति महामात्य

अलङ्कतो चे'पि समं चरेय्य
सन्तो दन्तो नियतो ब्रह्मचारी ।
सब्बेसु भूतेसु निधाय दण्डं
सो ब्राह्मणो सो समणो स भिक्खू ॥१४॥

१४२––गहना र वस्त्रले सिगारिएर पनि यदि शान्त, दान्त नियम तत्पर ब्रह्मचारी तथा सबै प्राणीको उपर दण्ड दिने कुत्सित विचारलाई त्याग गर्न सक्यो भने त्यो ब्राह्मण, त्यो श्रमण, त्यो भिक्षु हो ॥१४॥

जेतवन (१४३) पिलोतिक थेर

हिरी निसेधो पुरिसो
कोचि लोकस्मिं[1] विज्जति ।

१. लोकम्हि ।

यो निन्दं अप्पबोधेति[1]
अस्सो भद्रो कसा मिव ॥१५॥

१४३––निषिद्ध कर्म गर्नमा लाज मान्ने मानिस यो लोकमा कोही कोही मात्र हुन्छ, असल घोडाले कोर्डा बचाए झैं उनीहरूले निन्दाबाट आफुलाई बचाउँछन् ॥१५॥

(१४४)

अस्सो यथा भद्रो कसा निविट्ठो
आतापिनो संवेगिनो भवाथ ।
सद्धाय सीलेन च वीरियेन च
समाधिना धम्मविनिच्छयेन च ।
सम्पन्नविज्जाचरणा पतिस्सता
पहस्सथ दुक्खमिदं अनप्पकं ॥१६॥

१४४––कोर्डाको चोट सहन नसक्ने असल घोडा झैं तिमीहरू पनि प्रयत्नशील र वेगवान् होऊ ! श्रद्धा, शील, वीर्य, समाधि र धर्मविनिश्चयले युक्त भई

१. ब० अपबोधति ।

विद्यावान्, आचारवान्, स्मृतिवान् भई यो महान दुःख राशिलाई मेलैसित पार गर ॥१६॥

जेतवन (१४५) सुमन श्रामणेर

उदकं हि नयन्ति नेत्तिका
उसुकारा नमयन्ति तेजनं ।
दारुं नमयन्ति तच्छका
अत्तानं दमयन्ति सुब्बता ॥१७॥

१४५--कुलो खन्नेले आफुलाई चाहिएको ठाउँमा पानी लैजान्छ, बाणकारकले आफुलाई चाहिए बमोजिम बाण बनाउँछ, सिकर्मीले आफुलाई चाहिए बमोजिम काठ तयार गर्छ र त्यस्तै धर्मनिरत व्यक्तिले आफुलाई दमन गर्दछ ॥१७॥

दण्ड वर्ग सिद्धियो

११–जरावग्गो
(वृद्ध वर्ग)

जेतवन (१४६) विशाखाकी साथी

फोनु[1] हासो किमा'नन्दो—निच्चं पज्जलिते सति
अन्धकारेन ओनद्धा—पदीपं न गवेस्सथ ॥१॥

१४६—चारैतिर आगो दन्दन बलि रहेछ, कसरी हाँस्नु कसरी आनन्द लिनु ? अन्धकारले चारैतिर घेरि सकेर पनि किन आलोक खोज्दैनौ ? ॥१॥

राजगृह, वेणुवन (१४७) सिरिमा

पस्स चित्तं कतं बिम्बं – अरुकायं समुट्ठितं ।
आतुरं बहुसङ्कप्पं– यस्स नत्थि धुवं ठिति ॥२॥

१४७— हेरे, यो छायासमान सिंगारिएको देह, घाउ दर्दले पूर्ण, नानाविधि संकल्पले भरिपूर्ण भएको तथा अस्थिर यो विचित्र शरीर हेर ! ॥२॥

---

१. ब० किन्नु ।

जेतवन (१४८) उत्तरा थेरी

परिजिण्णमि'दं रूपं—रोगनिड्ढं पभङ्गुरं[1] ।
भिज्जति पूति सन्देहो—मरण'न्तं हि जीवितं ।।३।।

१४८—यो रूप जीर्ण भएर जाने, रोगको घर अत्यन्त क्षण भंगुर गनाउने शरीर छुटेर मरणमा जीवन को अन्त हुन्छ ।।३।।

जेतवन (१४९) अभिमान भिक्षु

यानि'मानि अपत्थानि—अलापूने'व सारदे ।
कापोतकानि अट्ठीनी—तानि दिस्वान का रति? ।।४।।

१४९- शरद ऋतुमा फ्याँकिएको काम नलाग्ने लौका, परेवा कैं सेतो हाड रूपी शरीरलाई देखेर कसलाई प्रेम लाग्ला ? ।।४।।

जेतवन (१५०) रूपनन्दा थेरी

अट्ठीनं नगरं कतं
मंस लोहित लेपनं ।

१. ब० पभंगुणं ।

यत्थ जरा च मच्चू च
मानो मक्खो च ओहितो ॥५॥

१५० हाडको नगर बनाई त्यसमा मासु र रगतको लेप लगाएको, जसमा वृद्धत्व, मृत्यु, अभिमान कपट आदि लुकाइएका छन् ॥५॥

जेतवन (१५१) मल्लिकादेवी

जीरन्ति वे राजरथा सुचित्ता
अथो सरीरम्पि जरं उपेति ।
सतञ्च धम्मो न जरं उपेति
सन्तो हवे सब्भि पवेदयन्ति ॥६॥

१५१—सुसज्जित राजाको रथ जीर्ण भएर गए झैं यो देह पनि जीर्ण भएर जान्छ, तर साधु सन्तको धर्म जीर्ण हुँदैन । सन्तहरू सन्तकै अगाडि यही कुरा बताउँछन् ॥६॥

जेतवन (१५२) लालुदायी थेर

अप्प 'स्सुता 'यं पुरिसो
बलिवद्दो'व जीरति ।

मंसानि तस्स वड्ढन्ति
पञ्ञा तस्स न वड्ढति ॥७॥

१५२—अज्ञानी मानिस गोरु झैं बढ्छ। मासु मात्र बढ्छ प्रज्ञा बढ्दैन ॥७॥

बोधिवृक्षमनि (१५३) उदानको रूपमा

अनेक जाति संसारं—सन्धाविस्सं अनिब्बिसं।
गहकारकं गवेसन्तो—दुक्खा जाति पुनप्पुनं ॥८॥

(१५४)

गहकारक दिट्ठो'सि—पुन गेहं न काहसि।
सब्बा ते फासुका—भग्गा गहकूटं विसङ्खितं
विसङ्खारगतं चित्तं—तण्हानं खयमज्झगा ॥९॥

१५३, १५४—अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा खोज्दै! मेरो हरएक जन्म दुःखमय भएर बित्यो। अब हे गृह निर्माण गर्ने बुद्धि हो! मैले तंलाई देखि सकें, फेरी तंले गृह बनाउन सक्ने छैन। तेरो घर बनाउने काठपात जम्मै भाँचि दी सकें, घरको

धुरी पनि खसाली दिएं, मेरो चित्त संस्कार रहित भई तृष्णाको विनाश भई सक्यो ।।८,९।।

वाराणसी, ऋषिपतन (१५५) महाधनी सेठको छोरा

अचरित्वा ब्रह्मचरियं
अलद्धा योब्बने धनं ।
जिण्णकोञ्चा'व झायन्ति[1]
खीणमच्छे'व पल्लले ।।१०।।

१५५—यौवन अवस्थामा धन न कमाएर, ब्रह्मचर्य पालन नगरेर बस्ने व्यक्तिले माछा नभएको पोखरीमा ढुकेर क्रोंच पक्षीले जीवन सित्तैं फाले झैं आफ्नो जीवन खेर फाल्नु पर्नेछ ।।१०।।

(१५६)

अचरित्वा ब्रह्मचरियं—अलद्धा योब्बने धनं ।
सेन्ति चापा'तिखीणा'व—पुराणानिअनुत्थुनं ।।११।।

१. "खायन्ति" कुनै २ ग्रन्थमा ।

१५६—यस्ता मूर्खले फ्याँकिएको पुरानो धनुषले झैं बितेको घटनाहरूको मात्र चिन्ता गरेर अपशोस गर्नु पर्ने छ ॥११॥

बुद्ध वर्ग सिद्धियो

१२–अत्तवग्गो
(आफु वर्ग)

संसुमारगिरि (१५७) बोधिराजकुमार

अत्तानं चे पियं जञ्ञा—रक्खेय्य नं सुरक्खितं ।
तिण्ण'ञ्ञतरं यामं—पटिजग्गेय्य पण्डितो ॥१॥

१५७—तिम्रो आफनो उपर प्रेम छ भने आफुलाई सुरक्षित (संयत) गर ! पण्डित जनले तीन प्रहरमा कुनै एक प्रहरमा जागा रहनु पर्दछ ॥१॥

जेतवन (१५८) उपनन्द शाक्य पुत्र

अत्तानं एव पठमं—पतिरूपे निवेसये ।
अथञ्ञम'नुसासेय्य—न किलिस्सेय्य पण्डितो ॥२॥

१५८—सर्वप्रथम आफुलाई उचित मार्गमा लगाउनु अनि पछि मात्रै अरूलाई उपदेश गर्नु, यसो गर्नाले पण्डितलाई क्लेश हुने छैन ॥२॥

जेतवन (१५९) पधानिकतिस्सत्थेर

अत्तानं चे तथा कयिरा[१]—यथञ्ञमनुसासति ।
सुदन्तो वत दम्मेथ—अत्ता हि किर दुद्दमो ॥३॥

१५९—अरूलाई अनुशासन गर्नु छ भने पहिले आफैं त्यस्तो बनी दिनु पर्दछ। आफुलाई दमन गर्नु पर्दछ। आत्मा दमन गर्नु नै ज्यादै गाहारो कुरा-हो ॥३॥

जेतवन (१६०) कुमारकश्यपकी आमा

अत्ता हि अत्तनो नाथो—को हि नाथो परो सिया ?
अत्तना'व सुदन्तेन—नाथं लभति[२] दुल्लभं ॥४॥

१६०—आफु नै आफ्नो मालिक हो आफ्नो मालिक अरू को हुन सक्ला ? आफुलाई राम्रोसँग दमन गर्न सक्यो भने दुर्लभ स्वामित्व प्राप्ति हुन्छ ॥४॥

---

१. ब० कारया ।
२. ब० लब्मति ।

जेतवन (१६१) महाकाल उपासक

अत्तना'व[1] कतं पापं—अत्तजं अत्त सम्भवं ।
अभिमन्थति[2] दुम्मेधं—वजिरं'वस्मयं मणि ॥५॥

१६१—आफुले गरेको पापले आफैलाई पीडा दिन्छ, मूर्खजनलाई आफुले नै गरेको पापले पत्थरबाट निस्कने हीराले आफु निस्केका ढुंगालाई नै काट्छ ॥५॥

जेतवन (१६२) देवदत्त

यस्स अच्चन्त दुस्सील्यं— मालुवा सालमिवो'त्थतं ।
करोति सो तथ'त्तानं—यथा नं इच्छती दिसो ॥६॥

१६२—मालुवा भन्ने लहराले झ्याम्म छोपेको शाल वृक्ष झैं, जस्को दुराचार फैलिएको छ त्यस दुर्बुद्धि मनुष्यले आफुलाई शत्रुले जस्तो गर्न चाहेको छ उस्तै बनाउँछ ॥६॥

राजगृह, वेणुवन (१६३) संघभेद समय

सुकरानि असाधूनि—अत्तनो अहितानि च ।
यं वे हितञ्च साधुञ्च—तं वे परम दुक्करं ॥७॥

---

१. ब० हि । २. ब० अभिमथति ।

१६३—आफुलाई खराब हुने अहित कर्म गर्न साह्रै सजिलो हुन्छ, आफुलाई हित हुने काम गर्नु बडो मुस्किल छ ।।७।।

जेतवन (१६४) काल थेर

यो सासनं अरहतं—अरियानं धम्मजीविनं ।
पटिक्कोसति दुम्मेधो—दिट्ठिनिस्साय पापिकं ।
फलानि कट्ठकस्से'व—अत्तहञ्ञाय फल्लति[1] ।।८।।

१६४—जसले आफ्नो मिथ्या धारणको कारण धर्मात्मा श्रेष्ठ अर्हन्तहरूलाई निन्दा गर्दछ, त्यसले आफैलाई नाश गर्दछ जस्तो फुलले बाँसैलाई नाश गर्दछ ।।८।।

जेतवन (१६५) चूलकाल उपासक

अत्तना'व कतं पापं—अत्तना सङ्किलिस्सति ।
अत्तना अकतं पापं—अत्तना'व विसुज्झति ।
सुद्धी असुद्धी पच्चत्तं—नाञ्ञो अञ्ञं विसोधये ।।९।।

१. च० फलति । 'फूल्लति' भनी पनि छ ।

१६५—आफुले गरेको पापले आफैलाई अपवित्र पार्दछ, आफुले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ, शुद्धि हुने र अशुद्धि हुने आफ्नै द्वार-बाट हो, कसैले अरु कसैलाई शुद्ध पार्न सक्दैन ॥९॥

जेतवन (१६६) अत्तदत्थ थेर

अत्तदत्थं परत्थेन—बहुनाऽपि न हापये ।
अत्तदत्थमभिञ्ञाय—सदत्थपसुतो सिया ॥१०॥

१६६—अर्काको खूबै हित गर्नाका लागी आफ्नो हितको हानी गर्नु हुंदैन, आफ्नो हितको विचार राखेर सदर्थमा लाग्नु पर्दछ ॥१०॥

आफु वर्ग सिद्धियो

१३–लोकवग्गो

(लोक वर्ग)

जेतवन (१६७) एक तरुण भिक्षु

हीन धम्मं न सेवेय्य—पमादेन न संवसे ।
मिच्छादिट्ठिं न सेवेय्य— न सिया लोक–वड्ढनो ॥१॥

१६७—नीच धर्म सेवन नगर, प्रमादी न होऊ, मिथ्या धारणमा न फंस, आवागमन (फेरि फेरि जन्म लिने) का कामना न बढाऊ ॥१॥

कपिलवस्तु, न्यग्रोधाराम (१६८) शुद्धोदन

उत्तिट्ठे नप्पमज्जेय्य-- धम्मं सुचरितं चरे ।
धम्मचारी सुखं सेति—अस्मिं लोके परम्हि च ॥२॥

१६८—उठ प्रमादी नहोऊ, सद्धर्मको आचरण, गर, धार्मिक पुरुषहरू इहलोक परलोक दुबैमा सुखपूर्वक जीवन बिताउँछन् ॥२॥

(३६९)

धम्मं चरे सुचरितं -- न तं दुच्चरितं चरे ।
धम्मचारी सुखं सेति—अस्मिं लोके परम्हिच ॥३॥

१६९—धर्म आचरण राम्रोसँग गर्नु पर्छ, दुराचरण गर्नु हुँदैन। धर्माचरण गर्ने पुरुषले इहलोक परलोक दुवैमा सुखपूर्वक जीवन बिताउँछ ॥३॥

जेतवन (१७०) ५०० ध्यानी भिक्षु

यथा बुब्बुलकं पस्से—यथा पस्से मरीचिकं।
एवं लोकं अवेक्खन्तं—मच्चुराजा न पस्सति ॥४॥

१७०—यस संसारलाई पानीमा उठेका फोका अथवा मृगतृष्णा बराबर सम्झेर बस्नेलाई यमराजले देख्तैन ॥४॥

राजगृह, वेणुवन (१७१) अभय राजकुमार

एथ पस्सथि'मं लोकं—चित्तं राजरथू'पमं।
यत्थ बाला विसीदन्ति—नत्थि सङ्गो विजानतं ॥५॥

१७१—आऊ, हेर यो भडकिलो राजाको रथ जस्तो संसारलाई। यस्मा मूर्खजन मात्र फंस्तछ ज्ञानीजन आसक्त हुँदैन ॥५॥

जेतवन (१७२) सम्मुञ्जनि थेर

यो च पुब्बे पमज्जित्वा – पच्छा सो नप्पमज्जति[1] ।
सो'मं लोकं पभासेति— अब्भा मुत्तो व चन्दिमा ॥६॥

१७२—पहिले प्रमादी भै पछि फेरी प्रमादी हुँदैन— त्यस्ताले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ॥६॥

जेतवन (१७३) अगुलिमाल थेर

यस्स पापं कतं कम्मं— कुसलेन पिथीयति[2] ।
सो'मं लोकं पभासेति—अब्भा मुत्तो'व चन्दिमा ॥७॥

१७३ जसको पापकर्मलाई पुण्य कर्मले ढाक्छ त्यसले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ॥७॥

आलवी (१७४) पेशकारकी छोरी

अन्धभूतो अयं लोको तनुकेत्थ विपस्सति ।
सकुन्तो जालमुत्तो'व—अप्पो सग्गाय गच्छति ॥८॥

---

१. ब० नपमज्जति ।

२. 'पिथिय्यति' कुनै कुनै ग्रन्थमा ।

१७४—यो संसार अन्धो छ, आँखा हुने मानिस थोरै मात्र छन् जालबाट मुक्त हुने चराहरू जस्तै थोरै मात्र स्वर्ग जान्छन् ।।८।।

जेतवन (१७५) तीसजना भिक्षु

हंसा'दिच्चपथे यन्ति—आकासे यन्ति इद्धिया ।
नीयन्ति धीरा लोकम्हा—जेत्वा मारं सवाहिनिं ।।९।।

१७५—हंसहरू सूर्यपथ (आकाश) मा उड्छन्, ऋद्धिद्वारा योगी पनि आकाश मार्गमा भ्रमण गर्दछन्, तर ससैन्य मारलाई जितेर बुद्धिमान् पण्डितहरू यस लोकबाट पार भएर जान्छन् ।।९।।

जेतवन (१७६) चिचा माणविका

एकं धम्मं अतीतस्स—मुसावादिस्सजन्तुनो ।
वितिण्ण परलोकस्स— नत्थि पापं अकारियं ।।१०।।

१७६—धर्म छोडेर झूठो बोल्ने र परलोकको

चिन्ता नगर्नेले गर्न नसक्ने पाप यस लोकमा छँदै छैन ॥१०॥

जेतवन (१७७) अशदृशदान

न वे कदरिया देवलोकं वजन्ति
बाला हवे नप्पसंसन्ति दानं ।
धीरो च[1] दानं अनुमोदमानो
तेने'व सो होति सुखी परत्थ ॥११॥

१७७—कृपणीहरू देवलोकमा जाँदैनन्, मूर्खहरू दानको प्रशसा गर्दैनन्, धीर पण्डितहरू दानको अनुमोदन गरेर दानको पुण्यले परलोकमा सुख प्राप्त गर्दछन् ॥११॥

जेतवन (१७८)अनाथपिण्डिकको काल भन्ने छोरा

पथब्या एकरज्जेन—सग्गस्स गमनेन वा ।
सब्बलोका'धिपच्चेन—सोतापत्तिफलं वरं ॥१२॥

१. व० व ।

१७८—पृथ्वीको राज्य, स्वर्ग जान पाउने भाग्य अथवा सारा संसारको आधिपत्य भन्दा पनि उत्तम स्रोतापत्ति फलको प्राप्ति हो ।।१२।।

लोक वर्ग सिद्धियो

१४—बुद्धवग्गो

(बुद्ध वर्ग)

बोधिमण्डप (१७९) मारकी छोरी

यस्स जितं ना'व जीयति
जितम'स्स नो याति कोचि लोके ।
तं बुद्धम'नन्तगोचरं
अपदं केन पदेन नेस्सथ ? ॥१॥

१७९—जसको विजय फेरी पराजय हुन सक्तैन, जसलाई जिति सकेको राग, द्वेषादिले फेरी पीछा गर्न सक्तैन, जसलाई मार्गका प्रयोजन छैन उस्ता ज्ञानी अनन्तका मार्ग—रहित बुद्धलाई कुन बाटो लै जान्छौं? ॥१॥

(१८०)

यस्स जालिनी विसत्तिका
तण्हा नत्थि कुहिञ्चि नेतवे ।
तं बुद्धम'नन्तगोचरं
अपदं केन पदेन नेस्सथ ? ॥२॥

१८०—जसलाई बन्धनमा जखड्ने विषरूपी तृष्णाले कहीं पनि लै जान सक्तैन, उसता ज्ञानी अनन्त-का पथ रहित बुद्धलाई कुन बाटो लै जान्छौं ?॥२॥

संकाश्य नगर (१८१) देव, मनुष्य

ये झानपसुता धीरा—नेक्खम्मू'पसमे रता ।
देवा'पि तेसं पिहयन्ति – सम्बुद्धानं सतीमतं ॥३॥

१८१—धीर भै ध्यानमा लागेका, शान्तिको मार्ग नैष्कर्म्यमा बस्ने बुद्धहरूको देवताहरूले पनि स्पृहा गर्दछन् ॥३॥

वाराणसी (१८२) एरकपत्त नागराज

किच्छो मनुस्सपटिलाभो
किच्छो मच्चान'जीवितं ।
किच्छं सद्धम्मसवणं
किच्छो बुद्धानं उप्पादो ॥४॥

१८२—मनुष्य योनीमा जन्म लिनु दुर्लभ छ, जन्मेर पनि जीवित रहनु कठिन छ । जीवित रहे पनि

धर्म श्रमण गर्नु कठिन छ औ बुद्धको जन्म हुनु पनि दुर्लभ छ ।।४।।

जेतवन (१८३) आनन्द स्थविरको प्रश्न

सब्ब पापस्स अकरणं—कुसलस्स उपसम्पदा ।
सचित्तपरियोदपनं—एतं बुद्धान'सासनं ।।५।।

१८३—कुनै पाप नगर्नु, पुण्य संचय गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्नु—यही बुद्धहरूको शिक्षा हो ।।५।।

जेतवन (१८४) आनन्द थेर

खन्ती परमं तपो तितिक्खा
निब्बानं परमं वदन्ति बुद्धा ।
न हि पब्बजितो परू'पघाती
समणो[1] होति परं विहेठयन्तो ।।६।।

१८४—सहनशीलता र क्षमाशीलता परम तप हुन्, बुद्धहरू निर्वाणलाई परमपद भन्द छन्, अर्कालाई

१. ब० न समणो ।

घात गर्ने, अर्कालाई पीडा दिने प्रव्रजित सच्चा साधु होइन ॥६॥

(१८५)

अनूपवादो अनूपघातो—पातिमोक्खे च संवरो ।
मत्तञ्ञुता च भत्तस्मि—पन्थञ्च सयना'सनं ।
अधिचित्ते च आयोगो– एतं बुद्धान'सासनं ॥७॥

१८५—कसैलाई निन्दा वा हिंसा पीडा नगर्नु, प्रातिमोक्षका शीलहरू पालन गर्नु, आहारमा मात्राको ज्ञान राख्नु, एकान्त वास गर्नु र चित्त शुद्धिको निम्ति योग गर्नु—यही बुद्धहरूको शिक्षा हो ॥७॥

जेतवन (१८६) उदासीन भिक्षु

न कहापणवस्सेन– तित्ति कामेसु जायति ।
अप्पस्सादा दुखा कामा— इति विञ्ञाय पण्डितो ॥८॥

(१८७)

अपि दिब्बेसु कामेसु—रतिं सो ना'धिगच्छति ।
तण्हक्खयरतो होति—सम्मासम्बुद्ध सावको ॥९॥

१८६,१८७—रुपया पैसा वर्षेता पनि मानिसको काम तृष्णाहरू तृप्त हुँदैनन्, पण्डित जनहरू संसारिक काम भोगादिमा अल्पमात्र स्वाद छ उल्टो धेरै दुःख छ भन्ने जानेर काम सुखको इच्छा गर्दैनन्; सम्यग्सम्बुद्धका श्रावकहरू तृष्णा क्षय गर्नमा लाग्दछन् ॥८,९॥

जेतवन (१८८) अग्गिदत्त ब्राह्मण

बहुं[1] वे सरणं यन्ति—पब्बतानि वनानि च ।
आरामरुक्खचेत्यानि—मनुस्सा भयतज्जिता ॥१०॥

(१८९)

ने'तं खो सरणं खेमं—ने'तं सरणमुत्तमं ।
ने'तं सरणमा'गम्म—सब्ब दुक्खा पमुच्चति ॥११॥

१८८,१८९—डरका मारे मनुष्यहरू पर्वत, वन, उद्यान, वृक्ष र तीर्थ स्थानको शरण लिन जान्छन् । किन्तु यो शरण मङ्गल दायक होइन, यो उत्तम शरण पनि होइन, कारण, यस्तो शरणले सबै प्रकारको दुःखबाट छुट्कारा पाइँदैन ॥१०,११॥

---

१. ब० बहु ।

जेतवन (१९०) अग्गिदत्त ब्राह्मण

यो च बुद्धञ्च धम्मञ्च—सङ्घञ्च सरणं गतो ।
चत्तारि अरियसच्चानि—सम्मप्पञ्ञाय पस्सति ॥१२॥

(१९१)

दुक्खं दुक्खसमुप्पादं—दुक्खस्स च अतिक्कमं ।
अरियञ्च'ट्ठङ्गिकं मग्गं—दुक्खू'पसमगामिनं ॥१३॥

(१९२)

एतं खो सरणं खेमं—एतं सरणमु'त्तमं ।
एतं सरण'मागम्म—सब्बदुक्खा पमुच्चति ॥१४॥

१९०, १९१, १९२—जो बुद्ध, धर्म तथा संघको शरण लिन जान्छ, जसले दुःख, दुःखको उत्पत्ति, दुःख-निरोध र दुःख निरोध हुने आर्यअष्टांगिक मार्गलाई प्रज्ञा दृष्टिले हेरेको छ, उसताको शरण नै रक्षादायक उत्तम शरण हो, यही शरण लिएर नै सबै तरहको दुःखनाट मुक्ति हुन्छ ॥१२, १३, १४॥

जेतवन　　　　　　　(१९३)　　आनन्द थेरको प्रश्न

दुल्लभो पुरिसा'जञ्ञो—न सो सब्बत्थ जायति ।
यत्थ सो जायति धीरो–तं कुलं सुखमे'धति ॥१५॥

१९३—उत्तम पुरुष दुर्लभ छ, त्यसको सबै ठाउँमा जन्म हुँदैन । जुन कुलमा यस्ता महापुरुषको जन्म हुन्छ त्यस कुलमा सुख वृद्धि हुन्छ ॥१५॥

जेतवन　　　　　　　(१९४)　　　　धेरै भिक्षुहरू

सुखो बुद्धानं उप्पादो—सुखा सद्धम्म देसना ।
सुखा सङ्घस्स सामग्गी—समग्गानं तपो सुखो ॥१६॥

१९४—बुद्धहरूको जन्म हुनु सुखदायक हो, सद्धर्मको उपदेश सुखदायक हो औ एकतायुक्तहरूको तपस्या पनि सुखदायक हो ॥१६॥

चारिका गर्दा　　　　(१९५)　　कश्यप बुद्धको चैत्य

पूजा'रहे पूजयतो—बुद्धे यदि व सावके ।
पपञ्चसमतिक्कन्ते—तिण्णसोकपरिद्दवे ॥१७॥

(१९६)

ते तादिसे पूजयतो निब्बुते अकुतोभये ।
न सक्का पुञ्ञं सङ्खातुं–इमे'त्तमि'ति केनचि ॥१८॥

१९५, १९६—सांसारिक प्रपञ्चबाट मुक्त भै सकेका, शोक, भय रहित पूजनीय बुद्ध अथवा श्रावकहरूको पूजा सत्कार को; त्यस्ता गुणी, निर्वाण पाएको, कुनै चीजमा भय नहुनेलाई पूजा सत्कार गरेको पुण्यको फल 'यति उति' भनी कसैले पनि भन्न सक्दैन ॥१७, १८॥

बुद्ध वर्ग सिद्धियो

१५–सुखवग्गो

(सुख वर्ग)

शाक्य नगर (१९७) झगडा शान्त पार्न

सुसुखं वत जीवाम— वेरिनेसु अवेरिनो ।
वेरिनेसु मनुस्सेसु— विहराम अवेरिनो ॥१॥

१९७—अहो, वैरीहरूको बीचमा म शत्रुभाव न राखेर सुख पूर्वक बसेको छु, घृणित मानिसहरूको बीचमा म घृणाको भाव न राखेर बसेको छु ॥१॥

(१९८)

सुसुखं वत जीवाम—आतुरेसु अनातुरा ।
आतुरेसु मनुस्सेसु—विहराम अनातुरा ॥२॥

१९८—आश्चर्यको कुरा छ, भयभीतको बीचमा म भयभीत न भई सुखपूर्वक बसेको छु, भयसहित मनुष्यको बीचमा म भय रहित भई रहेको छु ॥२॥

(१९९)

सुसुखं वत जीवाम—उस्सुकेसु अनुस्सुका ।
उस्सुकेसु मनुस्सेसु—विहराम अनुस्सुका ॥३॥

१९९—आसक्तको बीचमा म अनासक्त म सुखपूर्वक बसेको छु, आसक्ति सहित मनुष्यको बीचमा म अनासक्त भै बसेको छु ॥३॥

पञ्चशाल ब्राह्मण गाउँ (२००) मार

सुसुखं वत जीवाम– येसं नो नत्थि किञ्चनं ।
पीतिभक्खा भविस्साम—देवा आभस्सरा यथा ॥४॥

२०० –अहो ! हामीसँग केही पनि छैन तापनि हामीहरू सुखपूर्वक बस्दछौं, हामी आभाश्वर देवताहरू जैं प्रीति भोजन गरी बसद्छौं ॥४॥

जेतवन (२०१) कोशल राजा

जयं वेरं पसवति—दुक्खं सेति पराजितो ।
उपसन्तो सुखं सेति– हित्वा जय पराजयं ॥५॥

२०१—विजयले वैरभाव उत्पन्न गराउन्छ, पराजित पुरुष दुःखपूर्वक सुत्छ, शान्त पुरुष जय र पराजयलाई त्यागेर सुखपुर्वक सुत्छ ॥५॥

जेतवन (२०२) एक कन्या

नत्थि रागसमो अग्गि—नत्थि दोससमो कलि ।
नत्थि खन्धसमा दुक्खा—नत्थि संति परं सुखं ॥६॥

२०२—राग जस्तो आगो अर्को छैन, द्वेष जस्तो अपराध अरू छैन, पञ्चस्कन्ध समान दुःख अरू छैन, शान्ति जस्तो सुख अर्को छैन ॥६॥

आलवी (२०३) एक उपासक

जिघच्छा परमा रोगा-सङ्खारा परमा दुखा ।
एतं ञत्वा यथाभूतं—निब्बानं परमं सुखं ॥७॥

२०३—भोक रोग हो, संस्कार परम दुःख हो । यस्तो जानेर भेट्टाएको निर्वाण नै परम सुख हो ॥७॥

जेतवन (२०४) प्रसेनजित् कोशल राजा

आरोग्यपरमा[1] लाभा—सन्तुट्ठि परमं धनं ।
विस्सास[2] परमा ञाती—निब्बानं परमं सुखं ॥८॥

१. ब० आरोग्या । २. ब० विस्सासा ।

२०४—निरोगी हुनु परम लाभ हो, सन्तोष परम धन हो; विश्वास सब भन्दा ठूलो बन्धु हो, निर्वाण परम सुख हो ।।८।।

वैशाली (२०५) तिस्स थेर

पविवेकरसं पीत्वा—रसं उपसमस्स च ।
निद्दरो होति निप्पापो—धम्मपीति रसं पिवं ।।९।।

२०५—एकान्त बासको रस तथा शान्तिको रसपान गर्ने सत्पुरुषलाई भय हुँदैन । धर्मको प्रेमरस पान गरेको हुनाले पाप रहित भई सकेको छ ।।९।।

बेलुवग्राम (२०६) शक्र देवराज

साहु दस्सनमरियानं—सन्निवासो सदा सुखो ।
अदस्सनेन बालानं--निच्चमे'व सुखी सिया ।।१०।।

२०६—आर्य पुरुषहरूको दर्शन गर्नु र उनीहरू-को आश्रयमा बस्नु सुखकर छ, मूर्खजनहरूको दर्शन न गर्नाले सधैं सुख हुन्छ ।।१०।।

(२०७)

बालसंगतचारी हि—दीघम'द्धान सोचति।
दुक्खो बालेहि संवासो—अमित्तेने'व सब्बदा ॥
धीरोच सुख संवासो—ञातीनंव समागमो ॥११॥

२०७—मूर्खहरूको संगत गर्नेलाई दीर्घकालसम्म शोक हुन्छ, मूर्ख संगत गर्नु शत्रुको संगत गर्नु जस्तै दुःख न हो; धीर पण्डितहरूसँग बस्नु ज्ञाति बन्धुहरूसँग बस्नु ऊन सुख हो ॥११॥

बेलुवग्राम (२०८) शक्र देवराज

तस्मा हि धीरञ्च पञ्ञञ्च बहुस्सुतञ्च
धोरेय्हसीलं[1] वतवन्तमरियं ।
तं तादिसं सप्पुरिसं सुमेधं
भजेथ नक्खत्तपथं'व चन्दिमा ॥१२॥

१. ब० धोरय्हं० ।

२०८—त्यसकारण तिमीहरूले पनि, चन्द्रमाले नक्षत्रपथको अनुगमन गरेझैं धीर, प्राज्ञ, बहुश्रुत, शीलवान् बुद्धिमान् आर्य तथा सत्पुरुषहरूको सत्संगत गर ! ॥१२॥

सुख वर्ग सिद्धियो

१६–पियवग्गो
(प्रिय वर्ग)

जेतवन (२०९) तीनजना भिक्षु

अयोगे युञ्जमत्तानं––योगस्मिञ्च अयोजयं ।
अत्थं हित्वा पियग्गाही––पिहेतत्तानुयोगिनं ॥१॥

२०९—खराब काममा लाग्ने असल काममा न लाग्ने, सदर्थ छोडी प्रिय वस्तु मात्र ग्रहण गर्ने व्यक्तिले आत्माको उन्नति गर्ने माथि स्पृहा गर्दछ ॥१॥

(२१०)

मा पियेहि समागञ्छि––अप्पियेहि कुदाचनं ।
पियानं अदस्सनं दुक्खं––अप्पियानञ्च दस्सनं ॥२॥

२१०—प्रेमीको र अप्रेमीको दुबैको संगत नगर, प्रेमीलाई न देख्दा र अप्रेमीलाई देख्दा दुःख हुन्छ ॥२॥

(२११)

तस्मा पियं न कयिराथ
पिया'पायो हि पापको ।

गन्था तेसं न विज्जन्ति
येसं नत्थि पिया'प्पियं ॥३॥

२११—त्यसकारण प्रेम न गर, प्रेमीको वियोग नै दुःख हो, प्रिय र अप्रिय दुवै न हुने व्यक्तिलाई बन्धन हुने छैन ॥३॥

जेतवन (२१२) कुनै कुटुम्बिक

पियतो जायती सोको—पियतो जायती भयं ।
पियतो विप्पमुत्तस्स—नत्थि सोको कुतो भयं ? ॥४॥

२१२—प्रिय वस्तुले शोक उत्पन्न गर्दछ, प्रिय वस्तुले भय उत्पन्न गराउँछ, प्रिय वस्तुबाट मुक्त हुनेलाई शोक हुँदैन । भय कहाँबाट आउँछ ? ॥४॥

जेतवन (२१३) विशाखा उपासिका

पेमतो जायती सोको—पेमतो जायती भयं ।
पेमतो विप्पमुत्तस्स—नत्थि सोको कुतो भयं ? ॥५॥

२१३—प्रेमबाट शोक उत्पन्न हुन्छ, प्रेमबाट भय

उत्पन्न हुन्छ, प्रेमबाट मुक्त हुनेलाई शोक हुन्दैन। भय कहाँबाट आउन्छ ? ।।५।।

वैशाली, कूटागारशाला (२१४) लिच्छवीहरू

रतिया जायती सोको–रतिया जायती भयं।
रतिया विप्पमुत्तस्स– नत्थि सोको कुतो भयं ? ।।६।।

२१४–रागले शोक उत्पन्न गराउन्छ, रागले भय उत्पन्न गराउन्छ, रागबाट मुक्त हुनेलाई शोक हुन्दैन। भय कहाँबाट आउन्छ ? ।।६।।

जेतवन (२१५) अनित्थिगन्ध कुमार

कामतो जायती सोको– कामतो जायती भयं।
कामतो विप्पमुत्तस्स– नत्थि सोको कुतो भयं ? ।।७।।

२१५– कामले शोक उत्पन्न गराउन्छ, कामले भय उत्पन्न गराउन्छ, कामबाट मुक्त हुनेलाई शोक हुन्दैन। भय कहाँबाट आउन्छ ? ।।७।।

जेतवन (२१६) कुनै ब्राह्मण

तण्हाय जायती सोको– तण्हाय जायती भयं।
तण्हाय विप्पमुत्तस्स—नत्थि सोको कुतो भयं ।।८।।

२१६—तृष्णाले शोक उत्पन्न गराउन्छ, तृष्णाले भय उत्पन्न गराउन्छ, तृष्णाबाट मुक्त हुनेलाई शोक हुन्दैन। भय कहाँबाट आउन्छ ? ॥८॥

राजगृह, वेणुवन (२१७) ५०० बालक

सीलदस्सनसम्पन्नं— धम्मट्ठं सच्चवादिनं।
अत्तनो कम्म कुब्बानं—तं जनो कुरुते पियं ॥९॥

२१७—जो शील र विद्याले सम्पन्न छ, धर्ममा स्थित छ, सत्यवादी र आफ्नो कर्ममा तत्पर छ, त्यस पुरुषलाई सबैले प्रेम गर्दछ ॥९॥

जेतवन (२१८) एक अनागामी थेर

छन्दजातो अनक्खाते
मनसा च फुटो सिया।
कामेसु च अप्पटिबद्धचित्तो
उद्धं सोतो'ति वुच्चति ॥१०॥

२१८–निर्वाणको अभिलाषा गर्ने र त्यसमा चित्त लगाउने तथा काम विषयमा संलग्न न हुने व्यक्तिलाई उर्ध्व स्रोतगामी भन्दछन् ॥१०॥

ऋषिपतन (२१९) नन्दिपुत्र

चिरप्पवासिं पुरिसं – दूरतो सोत्थिमागतं ।
ञातिमित्ता सुहज्जा च––अभिनन्दन्ति आगतं ॥११॥

(२२०)

तथे'व कत पुञ्ञम्पि— अस्मा लोका परं गतं ।
पुञ्ञानि पतिगण्हन्ति—पियं ञाती'व[1] आगतं ॥१२॥

२१९, २२०— धेरै दिनसम्म परदेश बसेर सकुशल घर फर्कने पुरुषलाई, आफ्नो ज्ञाति भाई मित्र र हितैषीहरू स्वागत गर्दछन् । त्यस्तै इहलोकबाट परलोक जाने व्यक्तिलाई आफुले गरेको पुण्यले स्वागत गर्दछ ॥११,१२॥

१. ब० ञाति'व ।

प्रिय वर्ग सिद्धियो

१७–कोधवग्गो

(क्रोध वर्ग)

कपिलवस्तु न्यग्रोधाराम (२२१) रोहिणी क्षत्रीकन्या

कोधं जहे विप्पजहेय्य मानं
सञ्ञोजनं सब्बम'तिवकमेय्य ।
तं नामरूपस्मि असज्जमानं
अकिञ्चनं नानुपतन्ति दुक्खा ॥१॥

२२१—क्रोध न गर, अभिमान न गर, सबै बन्धनबाट पार तरेर जाउ, नाम–रूपमा आसक्त न हुने परिग्रह रहित व्यक्तिलाई दुःख सन्ताप हुने छैन ॥१॥

अग्गालव चैत्य (२२२) कुनै एक भिक्षु

यो वे उप्पतितं कोधं—रथं भन्तं व धारये ।
तमहं सारथिं ब्रूमि—रस्मिग्गाहो इतरो जनो ॥२॥

२२२—जस्ले बढ्न गएको क्रोधलाई रथ रोके झैं रोक्छ उसैलाई, सांच्चिको सारथी भन्द छु, अरू त केवल लगाम समात्ने मात्र हुन् ॥२॥

राजगृह, वेणुवन (२२३) उत्तरा उपासिका

अक्कोधेन जिने कोधं—असाधुं साधुना जिने ।
जिने कदरियं दानेन – सच्चेन अलिकवादिनं ॥३॥

२२३—क्रोधीलाई अक्रोधले जित्नु, नराम्रो गर्ने-लाई राम्रो कामले जित्नु, कृपणीलाई दानले जित्नु र असत्यवादीलाई सत्यले जित्नु ॥३॥

जेतवन (२२४) महामोद्गल्यायन

सच्चं भणे न कुज्झेय्य
दज्जा'प्पस्मिम्पि[1] याचितो ।
एतेहि तीहि ठानेहि
गच्छे देवान'न्तिके ॥४॥

२२४—सत्य बोल्नु, क्रोध न गर्नु र मांगन आउँदा अलिकता भए पनि दिनु—यी तीन कामले मनुष्य देवलोकमा जान्छ ॥४॥

१. ब० अप्पम्पि ।

साकेत (=अयोध्या) (२२५) भिक्षुहरूको प्रश्न

अहिंसका ये मुनयो—निच्चं कायेन संवुता ।
ते यन्ति अच्चुतं ठानं—यत्थगन्त्वा न सोचरे ॥५॥

२२५—जो सधैं शारीरिक सयममा बसेर हिंसाले रहित हुन्छ, त्यो अच्युत स्थानमा पुग्दछ, जहाँ पुगेर पछि शोक हुँदैन ॥५॥

राजगृह, गृद्धकूट (२२६) राजगृह सेठको छोरा

सदा जागरमानानं—अहोरत्ता नुसिक्खिनं ।
निब्बानं अधिमुत्तानं—अत्थं गच्छन्ति आसवा ॥६॥

२२६—जो सधैं जाग्रत भएर रातदिन योगाभ्यासमा लागि रहन्छ निर्वाण नै जस्को एकमात्र अभिलाषा हुन्छ, त्यस व्यक्तिको आस्रव र चित्तमल नष्ट हुन्छ ॥६॥

जेतवन (२२७) अतुल उपासक

पोराणमे'तं अतुल—ने'तं अज्जतनामि'व ।
निन्दन्ति तुण्हिमासीनं—निन्दन्ति बहु भाणिनं ।
मितभाणम्पि निन्दन्ति—नत्थिलोके अनिन्दितो ॥७॥

२२७—हे अतुल ! यो पुरानो कुरा हो, अहिले-को होइन, न बोल्नेलाई पनि, धेरै बोल्नेलाई पनि, मितभाषीलाई पनि निन्दा गर्छन्, यो लोकमा कोही पनि निन्दा रहित हुंदैन ॥७॥

(२२८)

न चा'हु न च भविस्सति—न चे'तरहि विज्जति ।
एकन्तं निन्दितो पोसो—एकन्तं वा पसंसितो ॥८॥

२२८—बिल्कुल निन्दित या बिल्कुल प्रशंसित पुरुष न उहिले थियो न कहिल्यै होला न आजकल हुन्छ ॥८॥

जेतवन (२२९) अतुल उपासक

यञ्चे विञ्ञू पसंसन्ति—अनुविच्च सुवे सुवे ।
अच्छिद्द वुत्ति मेधाविं—पञ्ञासीलसमाहितं ॥९॥

(२३०)

नेक्खं[1] जम्बोनदस्से'व—को तं निन्दितुम'रहति ।
देवा'पि नं पसंसन्ति—ब्रम्हुना'पि पसंसितो ॥१०॥

१. ब० निक्ख ।

२२९,२३० – जुन व्यक्तिलाई पण्डितहरूले दिन पर दिन खूबै यादगारी को साथ प्रशंसा गर्दछन् त्यस्ता दोष हीन; मेधावी, शीलवान् र प्रज्ञावान् जाम्बुनद मणि जस्तालाई कसले निन्दा गर्न सक्ला ? देवताले पनि ब्रह्माले पनि उसको प्रशंसा गर्दछ ।।९,१०।।

वेणुवन (२३१) छवर्गीय भिक्षु

कायप्पकोपं रक्खेय्य– कायेन संवुतो सिया ।
काय दुच्चरितं हित्वा—कायेन सुचरितं चरे ।।११।।

२३१—शारीरिक दुराचारबाट बच, शारीरिक संयम गर, कायिक दुश्चरित्र छोडी कायिक सदाचारको आचरण गर ।।११।।

(२३२)

वचीपकोपं रक्खेय्य— वाचाय संवुतो सिया ।
वचीदुच्चरितं हित्वा—वाचाय सुचरितं चरे ।।१२।।

२३२—वाचिक दुराचारबाट बच; वाचिक संयम गर, वाचिक दुराचार छोडी वाचिक सदाचरण गर ।।१२।।

(२३३)

मनोपकोपं रक्खेय्य—मनसा संवुतो सिया ।
मनोदुच्चरितं हित्वा— मनसा सुचरितं चरे ॥१३॥

२३३ - मानसिक दुराचारबाट बच, मानसिक संयम गर, मानसिक दुराचरण छोडी मानसिक सदाचरण गर ॥१३॥

(२३४)

कायेन संवुता धीरा—अथो वाचाय संवुता ।
मनसा संवुता धीरा— ते वे सुपरि संवुता ॥१४॥

२३४—कायिक, वाचिक र मानसिक संयम हुने धीर पण्डितलाई नै सुसंयमी भन्दछन् ॥१४॥

क्रोध वर्ग सिद्धियो

१८–मलवग्गो
(कसर वर्ग)

जेतवन (२३५) गोघातक पुत्र

पण्डुपलासो'व दानि'सि
यमपुरिसा'पि च तं[1] 'मुपट्ठिता ।
उय्योगमुखे च तिट्ठसि
पाथेय्यम्पि च ते न विज्जति ॥१॥

२३५—अहिले तिमी पहेंलो पात जस्तो छौ, यमदूतहरू तिम्रो सामने खडा छन्, विनाशको खुडकिलामा खडाछौ, तिमीसँग बाटो खर्च पनि छैन ॥१॥

(२३६)

सो करोहि दीप'मत्तनो
खिप्पं वायाम पण्डितो भव ।
निद्धन्तमलो अनङ्गणो
दिब्बं अरियभूमिमे'हिसि[2] ॥२॥

१. ब० ते । २. ब० उपेहिसि ।

२३६—त्यसकारण तिमीले आफैलाई द्वीप (रक्षास्थान) बनाउ, चाँडै कोशिश गरी पण्डित बन, मल रहित, काम रहित होऊ अनि दिव्य आर्यहरूको पदमा पुग्ने छौ ॥२॥

(२३७)

उपनीतवयो च दानि'सि
सम्पयातो'सि यमस्स सन्तिके ।
वासो'पि च ते[1] नत्थि अन्तरा[2]
पाथेय्यम्पि च ते न विज्जति ॥३॥

२३७—अब तिम्रो आयु समाप्त भयो, यमराजका अगाडि पुगि सक्यौ, बीच बाटोमा तिम्रो निवास छैन बाटो खर्च पनि छैन ॥३॥

(२३८)

सो करोहि दीप'मत्तनो
खिप्पं वायाम पण्डितो भव ।

१. ब० वासो ते । २. ब० अन्तरे ।

निद्धन्तमलो अनङ्गणो
न पुन जातिजरं उपेहिसि ॥४॥

२३८—त्यस कारण तिमीले द्वीप बनाउ, चाँडै कोशिश गरी पण्डित बन, मल रहित काम रहित होऊ अनि तिमी फेरी जन्म मरणको चक्करमा पर्ने छैनौ ॥४॥

जेतवन (२३९) कुनै एक ब्राह्मण

अनुपुब्बेन मेधावी—थोकं थोकं खणे खणे ।
कम्मारो रजतस्से'व—निद्धमे मल'मत्तनो ॥५॥

२३९—सुनारले अलि अलि गरेर चाँदीको कसर निखारे झैं मेधावी पण्डितले अलि अलि गरी क्रमशः आफ्नो चित्तमल निखार्नु पर्छ ॥५॥

(२४०)

अयसा'व मलं समुट्ठितं[1]
त'दुट्ठाय[2] त'मेव खादति ।

---

१. ब० समुट्ठाय ।
२. ब० ततुट्ठाय ।

एवं अति धोनचारिनं
सकं कम्मानि नयन्ति दुग्गतिं ॥६॥

२४०—जस्तो फलामबाट निस्केको खियाले फलामलाई नै खान्छ त्यस्तै केवल सदाचारको उल्लंघन गर्ने व्यक्तिलाई उसको कर्मले उसैलाई दुर्गतिमा पुर्‍याउँछ ॥६॥

जेतवन (२४१) लालुदायी थेर

असज्झायमला मन्ता – अनुट्ठानमला घरा ।
मलं वण्णस्स कोसज्जं—पमादो रक्खतो मलं ॥७॥

२४१— बार बार पाठ नगर्नु मंत्रको मैल हो, कारू बढार नगर्नु घरको मैल हो, आलस्य सौन्दर्यको मैल हो र प्रमाद पहरादारीको मैल हो ॥७॥

राजगृह, वेणुवन (२४२) कुनै एक कुलपुत्र

मलि'त्थिया दुच्चरितं—मच्छेरं ददतो मलं ।
मला वे पापका'धम्मा— अस्मिं लोके परम्हि च ॥८॥

२४२—स्त्रीको मैल दुराचार हो, दानीको मैल कंजुसीपन हो, इहलोक र परलोकको मैल पापै हो॥८॥

(२४३)

ततो मला मलतरं अविज्जा परमं मलं ।
एतं मलं पहत्वान—निम्मला होथ भिक्खवो ॥९॥

२४३—त्यो भन्दा पनि माथिको (खराब) मैल अविद्या हो, त्यस कारण भिक्षु हो, यो मैलालाई हटाएर निर्मल होऊ ॥९॥

जेतवन (२४४) चुल्लसारी

सुजीवं अहिरिकेन—काकसूरेन धंसिना ।
पक्खन्दिना पगब्भेन—सङ्किलिट्ठेन जीवितं ॥१०॥

२४४—लज्जा रहित काम अर्काको खोसेर खानमा वीर, अर्काको कुभलो चिताउने, बकवादी, अहंकार भ्रष्टाचारी मनुष्यको जीवन बिताउन सजिलो छ ॥१०॥

(२४५)

हिरीमता च दुज्जीवं—निच्चं सुचिगवेसिना ।
अलीनेन'प्पगब्भेन—सुद्धा'जीवेन पस्सता ॥११॥

२४५—लाज मान्ने सर्वदा पवित्रताको खोजी गर्ने, उद्योगी र मितभाषी भई शुद्ध जीविका गर्ने ज्ञानीको जीवन–यापन कठिन हुन्छ ॥११॥

जेतवन (२४६) ५०० उपासक

यो पाण'मतिपातेति—मुसावादञ्च भासति ।
लोके अदिन्नं आदियति—परदारञ्च गच्छति ॥१२॥

(२४७)

सुरामेरयपानञ्च—यो नरो अनुयुञ्जति ।
इधे'वमेसो लोकस्मि—मूलं खणति अत्तनो ॥१३॥

२४६, २४७—हिंसक, असत्यवादी, चोरीकाम गर्ने, व्यभिचारी र मद्यपान गर्ने व्यक्तिले यसै लोकमा आफ्नो उन्नतिको जड् उखेल्दछ ॥१२, १३॥

(२४८)

एवम्भो पुरिस जानाहि—पापधम्मा असञ्ञता ।
मा तं लोभो अधम्मो च—चिरं[1] दुक्खाय रन्धयुं[2] ॥१४॥

१. ब० पटं । २. ब० रन्धसु ।

२४८—पुरुष हो ! पापकर्मलाई रोक्न सजिलो छैन, लोभ र अधर्मले तिमीलाई चिरकालसम्म दुःखमा न जाकोस् ।।१४।।

जेतवन (२४९) तिस्स केटा

ददातिवे यथासद्धं—यथापसादनं जनो ।
तत्थ यो मङ्कु भावं वा[1]—परेसं पान भोजने ।
न सो दिवा वा रत्ति वा समाधिं अधिगच्छति ।।१५।।

२४९—लोकले आपनो श्रद्धा र भक्ति अनुसार दान दिन्छन्; जो मानिस अर्काको खान पिन हेर्नु सक्तैन त्यसलाई दिनरात कहिले पनि शान्ति हुने छैन, त्यसलाई ध्यान प्राप्त हुन्दैन ।।१५।।

(२५०)

यस्स चे'तं समु'च्छिन्नं—मूलघच्चं समूहतं ।
स वे दिवा वा रत्ति वा—समाधिं अधिगच्छति ।।१६।।

---

१. कहिं २ 'तत्थ यो मकुं भति'
'तत्थ सो मङ्कु भावं वा'
'तत्थ यो मंकु भवति'

२५०—जसको यस्तो मनोवृत्ति जड समेत उखेलिएको छ त्यस्को मनमा दिनरात शान्ति हुन्छ र समाधि प्राप्ति हुन्छ ।।१६।।

जेतवन (२५१) पाँचजना उपासक

नत्थि रागसमो अग्गि—नत्थि दोससमो गहो ।
नत्थि मोहसमं जालं—नत्थि तण्हासमा नदी ।।१७।।

२५१—राग बराबरको आगो अर्को छैन, द्वेष बराबरको ग्रह अर्को छैन, मोह बराबरको जाल अर्को छैन र तृष्णा समानको नदी अर्को छैन ।।१७।।

भद्दिय नगर (२५२) मेण्डक सेठ

सुदस्सं वज्जं अञ्ञेसं—अत्तनो पन दुद्दसं ।
परेसं हि सो वज्जानि—ओपुणाति यथा भुसं ।
अत्तनो पन छादेति—कलिं'व[1] कितवा सठो ।।१८।।

२५२—आर्काको दोष देख्नु सजिलो छ, किन्तु आफ्नो दोष देख्नु मुश्किल छ, आर्काको दोष भने हिम

१. ब० कली'व ।

छरे कैं छरेर हिड्छ किन्तु आफ्नो दोष चाहिं जाली जुवारेले पासा छोपे कैं छोप्छ ॥१८॥

जेतवन (२५३) उज्झानसञ्ञी थेर

परवज्जा'नुपस्सिस्स—निच्चं उज्झानसञ्ञिनो ।
आसवा तस्स वड्ढन्ति—आरा सो आसवक्खया ॥१९॥

२५३—दोषारोपन गर्ने विचारले सधैं अर्काको दोष देखी रहने व्यक्तिको चित्त–मल बढ्दछ, चित्त-मलको क्षय हुने मार्गबाट वञ्चित हुन्छ ॥१९॥

कुशीनगर (२५४) सुभद्र परिव्राजक

आकासे पदं नत्थि––समणो नत्थि बाहिरे ।
पपञ्चा भिरता पजा—निप्पपञ्चा तथागता ॥२०॥

२५४—आकाशमा केही चिन्ह न भए कैं सच्चा श्रमण बाहिर छैन, दुनिया प्रपचमा रहेका छन्, तथागत प्रपंच रहित छ ॥२०॥

(२५५)

आकासे च पदं नत्थि—समणो नत्थि बाहिरे ।
सङ्खारा सस्सता नत्थि नत्थि बुद्धान'मिञ्जितं ॥२१॥

२५५—आकाशमा केही चिन्ह न भए झैं बाहिर सच्चा श्रमण छैन, संस्कृत पदार्थ नित्य छैन, बुद्धमा चञ्चलता छैन ॥२१॥

मलवर्ग सिद्धियो

१९–धम्मट्ठवग्गो

(न्याय वर्ग)

जेतवन (२५६) विनिश्चय महामात्य

न तेन होति धम्मट्ठो—येनत्थं सहसा[1] नये ।
यो च अत्थं अनत्थञ्च--उभो निच्छेय्य पण्डितो ॥१॥

(२५७)

असाहसेन धम्मेन—समेन नयती परे ।
धम्मस्स गुत्तो मेधावी—धम्मट्ठोति पवुच्चति ॥२॥

२५६, २५७—विना विचारले यदि कसैले न्याय गर्न खोज्छ, भने त्यो न्यायाधीश होईन । जुन पण्डितले सांचो र कूठो दुवै को निर्णयगरी, विचारपूर्वक पक्षपात न राखि न्याय गर्छ, उसैलाई धर्म रक्षा गर्ने सांच्चिको न्यायाधीश भन्दछन् ॥१, २॥

१. ब० साहसा ।

जेतवन (२५८) छवर्गीय भिक्षु

न तेन पण्डितो होति—यावता बहु भासति ।
खेमी अवेरी अभयो--पण्डितो'ति पवुच्चति ।।३।।

२५८—धेरै बोल्ने गर्दैमा पण्डित बनिन्न, जो क्षमाशील, अवैरी तथा भयरहित छ, त्यसलाई पण्डित भन्दछन् ।।३।।

जेतवन (२५९) एकुद्दानत्थेर

न तावता धम्मधरो— यावता बहु भासति ।
यो च अप्पम्पि सुत्वान--धम्मं कायेन पस्सति ।
स वे धम्मधरो होति--यो धम्मं नप्पमज्जति ।।४।।

२५९—धेरै बोल्ने गर्दैमा धर्मधर कहलाइन्न, थोरै मात्र सुनेर पनि तदनुसार आचरण गर्ने नै धर्मधर कहलाइन्छ, उसको धर्ममा प्रमाद हुँदैन ।।४।।

जेतवन (२६०) लकुण्टक भद्दिय थेर

न तेन थेरो होति—येन'स्स पलितं सिरो ।
परिपक्को वयो तस्स--मोघजिण्णोति वुच्चति ।।५।।

२६०—केश फुल्दैमा स्थविर भनिन्न, उसको आयु परिपक्वै होस्, व्यर्थै जीवन गुमाउने बूढा भनिन्छ ॥५॥

(२६१)

यम्हि सच्चञ्च धम्मो च—अहिंसा सञ्ञमो दमो ।
स वे वन्तमलो धीरो—थेरो इति पवुच्चति ॥६॥

२६१—जसमा सत्य, धर्म, अहिंसा, संयम र दमनादि गुण छ, त्यस्तालाई निर्मल भै सकेको धीर पुरुष तथा स्थविर भन्दछन् ॥६॥

जेतवन (२६२) केही भिक्षुहरू

न वाक्करणमत्तेन—वण्णपोक्खरताय वा ।
साधु रूपो नरो होति—इस्सुकी मच्छरी सठो ॥७॥

२६२ – इर्ष्या र मात्सर्य युक्त शठ पुरुष, वक्ता हुँदैमा अथवा रूपवान् हुँदैमा असल भनिदैन ॥७॥

(२६३)

यस्स चे'तं समुच्छिन्नं—मूलघच्चं समूहतं ।
स वन्तदोसो मेधावी—साधुरूपो'ति वुच्चति ॥८॥

२६३—जसले यस्तो खराब स्वभावको जड उखेली सक्यो त्यस्ता निर्दोषी, मेधावी पुरुष नै असल कहलाइन्छ ॥८॥

जेतवन (२६४) हत्थक भिक्षु

न मुण्डकेन समणो—अब्बतो अलिकम्भणं ।
इच्छा लोभसमापन्नो—समणो किं भविस्सति ॥९॥

२६४—मुण्डन हुदैमा, व्रत रहित तथा झूठो बोल्ने इच्छा र लाभको वशमा पर्ने व्यक्ति कहिले श्रमण हुन सक्ला ? ॥९॥

(२६५)

यो च समेति पापानि—अणुं थूलानि सब्बसो ।
समित'त्ता हि पापानं[1]—समणो'ति पवुच्चति ॥१०॥

२६५—जसले सानो ठूलो जुनसुकै पापलाई शमन गरी सकेको छ, त्यस्तालाई श्रमण भन्दछन् ॥१०॥

१. व० पापानि ।

जेतवन (२६६) कुनै एक ब्राह्मण

न तेन भिक्खु सो होति––यावता भिक्खते परे ।
विस्सं धम्मं समादाय––भिक्खु होति न तावता ।।११।।

२६६—अर्कासँग भिक्षा माग्न जाँदैमा भिक्षु हुँदैन, खराब धर्म ग्रहण गरुंज्यालसम्म भिक्षु हुँदैन ।।११।।

(२६७)

यो'ध पुञ्ञञ्च पापञ्च––बाहेत्वा ब्रह्मचरिय वा ।
सङ्खाय लोके चरति––स वे भिक्खू ति वुच्चति ।।१२।।

२६७—जसले इहत्रमा पुण्य र पापलाई त्याग गरी ब्रह्मचारी भई ज्ञानलाई लिएर लोकमा विचरण गर्दछ त्यसलाई भिक्षु भन्दछन् ।।१२।।

जेतवन (२६८) तीर्थिय

न मोनेन मुनी होति––मुळ्हरूपो अविद्दसु ।
यो च तुलं'व पग्गय्ह––वर'मादाय पण्डितो ।।१३।।

(२६९)

पापानि परिवज्जेति––स मुनी तेन सो मुनी ।
यो मुनाति उभो लोके––मुनी तेन पवुच्चति ।।१४।।

२६८, २६९—विद्याहीन मूर्ख, मौन व्रत धारण गर्दैमा ऋषि बन्दैन। जसले तराजु लिएर दुवै लोकलाई तौलेर उत्तम विचार तत्त्वलाई ग्रहण गरी पाप गर्दैन त्यस्ता पुरुष, मुनि कहलाइन्छ॥१३, १४॥

जेतवन (२७०)आर्य नामक बालिसिक

न तेन अरियो होति—येन पाणानि हिंसति।
अहिंसा सब्बपाणानं—अरियोति पवुच्चति॥१५॥

२७०—प्राणीहिंसा गर्नेलाई आर्य भन्दैन, सबै प्राणीको हिंसा नगर्नेलाई मात्र आर्य भन्दछन्॥१५॥

जेतवन (२७१)धेरै शीलवान् भिक्षुहरू

न सीलब्बतमत्तेन—बाहुसच्चेन वा पुन।
अथवा समाधि लाभेन—विविच्च[1] सयनेनवा॥१६॥

(२७२)

फुसामि नेक्खम्मसुखं—अपुथुज्जनसेवितं।
भिक्खु विस्सास'मापादि'—अप्पत्तो[2] आसवक्खयं॥१७॥

१. ब० विवत्त। २. ब० सि० अपत्तो।

२७१, २७२—न शील र व्रतको आचरण मात्रले, न ठूलो पण्डित बन्नाले, न समाधि लाभ गर्नाले, न एकान्तवासी हुनाले मैले त्यो नैष्कर्म्य सुख प्राप्त गरेको हुँ, जुन सुख संसारी जीवले पाउन सक्तैन । भिक्षु हो, जहिलेसम्म आस्रव क्षय हुदैन त्यस बेलासम्म आफ्नो उपर विश्वास न गर ॥१६, १७॥

न्याय वर्ग सिद्धिवो

२०—मग्गवग्गो

(मार्ग वर्ग)

जेतवन (२७३) ५०० भिक्षुहरू

मग्गानट्ठङ्गिको सेट्ठो—सच्चानं चतुरो पदा ।
विरागो सेट्ठो धम्मानं—द्विपदानञ्च चक्खुमा ॥१॥

२७३—मार्गमध्ये अष्टांगिक मार्ग श्रेष्ठ, सत्य मध्ये चतुरार्यसत्य श्रेष्ठ, धर्म मध्ये वैराग्य श्रेष्ठ र मनुष्य मध्ये शुद्ध दृष्टिवाला बुद्ध श्रेष्ठ ॥१॥

(२७४)

एसो'व मग्गो नत्थ'ञ्ञो—दस्सनस्स विसुद्धिया ।
एतम्हि तुम्हे पटिपज्जथ—मारस्से'तं पमोहनं ॥२॥

२७४—दृष्टिको विशुद्धि गर्नलाई अष्टांगिक मार्ग छोडी अरू मार्ग छैन, भिक्षु हो, मारलाई मुर्छित गर्ने यही मार्गमा आरूढ होऊ ॥२॥

(२७५)

एतम्हि तुम्हे पटिपन्ना—दुक्खस्सन्तं करिस्सथ ।
अक्खातो वे मया मग्गो—अञ्ञायसल्लसन्थनं ॥३॥

२७५—यही मार्गमा आरूढ भएर मात्रै दुःखको अन्त गर्नु सक्छौ। शल्य समान संझेर मैले त्यसको उपदेश गरेको हुँ ॥३॥

(२७६)

तुम्हेहि किच्चं आतप्पं—अक्खातारो तथागता।
पटिपन्ना पमोक्खन्ति—झायिनो मारबन्धना ॥४॥

२७६—काम त तिमीहरूले नै गर्नु पर्दछ, तथागतहरूले केवल मार्ग देखाई दिन्छन्; त्यस मार्गको आचरण गरी ध्यानभ्यासी भएर मारको बन्धनबाट मुक्त हुन्छ ॥४॥

जेतवन (२७७) ५०० भिक्षु

सब्बे सङ्खारा अनिच्चा'ति—यदा पञ्ञाय पस्सति।
अथ निब्बिन्दति दुक्खे—एस मग्गो विसुद्धिया ॥५॥

२७७—जब सबै संस्कार अनित्य हो भनी प्रज्ञा युक्त हुन्छ त्यस्ता पुरुषलाई संसारको उपर वैराग्य उठ्त छ, यही विशुद्धिको मार्ग हो ॥५॥

(२७८)

सब्बे सङ्खारा दुक्खा'ति—यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे – एस मग्गो विसुद्धिया ॥६॥

२७८—सबै संस्कार दुःखका कारण हुन् भनी प्रज्ञा युक्त भएपछि दुःखमय संसारका उपर वैराग्य उठ्त छ, यही विशुद्धिको मार्ग हो ॥६॥

(२७९)

सब्बे धम्मा अनत्ता'ति—यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे - एस मग्गो विसुद्धिया ॥७॥

२७९—सबै धर्म (तत्व) हरू अनात्म हुन भनी प्रज्ञा ज्ञानले बोध भएपछि दुःखमय संसारका उपर मनमा वैराग्य उठ्तछ, यही विशुद्धिको मार्ग हो ॥७॥

जेतवन (२८०) ध्यानी तिस्सत्थेर

उट्ठान कालम्हि अनुट्ठहानो
युवा बली आलसियं उपेतो ।

संसन्नसङ्कप्पमनो[1] कुसीतो
पञ्ञाय मग्गं अलसो न विन्दति ।।८।।

२८० – बलवान् युवक भएर पनि अल्सी भई उद्योग गर्ने समयमा उद्योगी हुँदैन । त्यस्ताले उच्च आकांक्षाले हीन भएर प्रज्ञा ज्ञान प्राप्त गर्न सक्तैन ।।८।।

राजगृह, वेणुवन　　(२८१)　　शूकर प्रेत

वाचा'नुरक्खी मनसा सुसंवुतो
कायेन च अकुसलं न कयिरा ।
एते तयो कम्मपथे विसोधये
आराधये मग्गं इसिप्पवेदितं ।।९।।

२८१—वाक् र मनलाई संयम गरी शरीरले कुनै अकुशल पाप गर्दैन, यी तीन कर्मपथलाई शुद्ध गर्ने पुरुष बुद्ध भगवान्को अष्टांगिक मार्गमा जान सक्तछ ।।९।।

---

१. ब० सम्पन्न मनो ।

जेतवन (२८२) पोट्ठिल थेर

योगा वे जायति भूरि—अयोगा भूरि सङ्ख्यो ।
एतं द्वेधापथं ञत्वा—भवाय विभवाय च ।
तथ'त्तानं निवेसेय्य—यथा भूरि पवड्ढति ॥१०॥

२८२—योगाभ्यास नगर्नाले प्रज्ञा ज्ञानको क्षय हुन्छ, उन्नति र अवनतिको यो दुई प्रकारको बाटो भन्ने जानेर आफुलाई त्यस मार्गमा लगाउनु जुन मार्गमा लाग्नाले प्रज्ञा ज्ञानको वृद्धि हुन्छ ॥१०॥

जेतवन (२८३) कुनै एक वृद्ध भिक्षु

वनं छिन्दथ मा रुक्खं—वनतो जायती भयं ।
छेत्वा वनञ्च[1] वनथञ्च—निब्बाना होथभिक्खवो ॥११॥

२८३—भिक्षु हो, वनलाई सखाप पार तर वृक्ष न काट, वनबाट भय हुन्छ, वन र झाडीलाई काटेर मात्रै निर्वाण प्राप्ति गर्न सकिन्छ ॥११॥

१. ब० वनं ।

(२८४)

यावं हि वनथो न छिज्जति[1]
अणुमत्तो'पि नरस्स नारिसु ।
पटिबद्धमनो'व ताव सो
वच्छो खीरपको'व मातरि ॥१२॥

२८४ जहिलेसम्म थोरै भए पनि पुरुषको स्त्री माथि कामना रहन्छ, त्यसवेला सम्म दुधखाने बाछी आमाको प्रेमले आबद्ध भए कैं त्यो पुरुष बन्धनबाट मुक्त हुन सक्तैन ॥१२॥

जेतवन (२८५) सुवर्णकार थेर

उच्छिन्न सिनेहम'त्तनो
कुमुदं सारदिकं'व पाणिना ।
सन्तिमग्गमे'व ब्रूहय
निब्बानं सुगतेन देसितं ॥१३॥

---

१. ब० भिज्जति ।

२८५ शरद ऋतुको कमलफूललाई झैं आफ्नो स्नेहलाई उखेल, सुगत तथागतले उपदेश गरेको शान्ति-मार्ग–निर्वाणको आश्रय लेऊ ॥१३॥

जेतवन (२८६) महाधनी व्यापारी

इध वस्सं वसिस्सामि—इध हेमन्त गिम्हसु ।
इति बालो विचिन्तेति[1]– अन्तरायं न बुज्झति ॥१४॥

२८६––यहाँ वर्षाकालमा बस्छु, यहाँ हेमन्त ऋतुमा बस्छु भनी मूर्खजनले विचार गर्दछ किन्तु उसलाई बीचमा बिघ्नबाधा आउने थाहा शुद्धि हुंदैन ॥१४॥

जेतवन (२८७) कृशागौतमी थेरी

तं पुत्तपसुसम्मतं—ब्यासत्तमनसं नरं ।
सुत्तं गामं महोघो'व—मच्चु आदाय गच्छति ॥१५॥

२८७––निदाएको गाउँलाई बाढीले बगाए झैं

१. ब० विचिन्तेसि ।

पुत्र र प्राणीका ऊपर आसक्त भइ रहने व्यक्तिलाई मृत्युले लैजान्छ ।।१५।।

जेतवन (२८८) पटाचारा थेरी

न सन्ति पुत्ता ताणाय— न पिता न'पि बन्धवा ।
अन्तकेना'धिपन्नस्स—नत्थि ञातिसु तारणा ।।१६।।

२८८––छोराले रक्षा गर्न सक्तैन न बाबुले सक्छ न बन्धु जनले । मृत्यु आउने वेलामा बन्धुहरूमा रक्षा गर्न सक्ने योग्यता हुंदैन ।।१६।।

(२८९)

एत मत्थवसंञत्वा—पण्डितो सील संवुतो ।
निब्बानगमनं मग्गं— खिप्पमे'व विसोधये ।।१७।।

२८९––यो कुरा जानेर पण्डितले शीलवान् भएर निर्वाणतिर लैजाने मार्गलाई छिटै सफागर ।।१७।।

मार्ग वर्ग सिद्धियो

२१—पकिरणकवग्गो

(प्रकीर्ण वर्ग)

राजगृह (२९०) गंगारोहण

मत्ता सुखपरिच्चागा—पस्से चे विपुलं सुखं ।
चजे मत्ता सुखं धीरो— सम्पस्सं विपुलं सुखं ॥१॥

२९०—थोरै सुख त्याग गरेर धेरै सुख पाइने सम्भावना भयो भने बुद्धिमानले धेरै सुखको कारण थोरै सुखलाई त्याग गर्दछ ॥१॥

जेतवन (२९१) कुनै एक पुरुष

पर दुक्खू'पदानेन—अत्तनो सुख मिच्छति ।
वेरसंसग्गसंसट्ठो— वेरा सो न परिमुच्चति ॥२॥

२९१—दुःख दिएर आफुले सुख भोग्न इच्छा गर्दछ भने त्यस्तो व्यक्ति द्वेषको जंजालमा फसेर कहिले पनि द्वेषबाट मुक्त हुन सक्तैन ॥२॥

जातियवन (२९२) भद्रीय भिक्षु

यं हि किच्चं तदपविद्धं—अकिच्चं पन कयिरति
उन्नलानं पमत्तानं—तेसं वड्ढन्ति आसवा ॥३॥

२९२—न गर्नु पर्ने कर्तव्य छोडेर गर्नै पर्ने काम गरिनेछ; अभिमानी तथा प्रमादीहरूको (चित्तमल) आस्रव बढ्दछ ।।३।।

(२९३)

येसञ्च सुसमारद्धा–निच्चं कायगतासति ।
अकिच्चं ते न सेवन्ति—किच्चे सातच्चकारिनो ।
सतानं सम्पजानानं—अत्थं गच्छन्ति आसवा ।।४।।

२९३–कायानुस्मृति (अर्थात् शरीरको क्षण भंगुरता दोषको स्मृति) ध्यानमा लागि रहनेले न चाहिने काम गर्दैन, चाहिने काम मात्रै ध्यान दिई रहन्छ, यस्ता स्मृतिवान् तथा होसियार व्यक्तिको आस्रव क्षय हुन्छ ।।४।।

जेतवन (२९४) लकुण्टक भद्दिय थेर

मातरं पितरं हन्त्वा—राजानो द्वे च खत्तिये ।
रट्ठं सा'नुचरं हन्त्वा—अनीघो याति ब्राह्मणो ।।५।।

२९४–माता (तृष्णा) पिता (अहंकार) दुई

क्षत्रीय राजा (सास्वत र उच्छेद दृष्टि) र अनुचर सहित सारा राष्ट्र (विषयासक्तिहरू) लाई मारेर (ज्ञानी पुरुष) निष्पापी भएर हिँड्दछ ।।५।।

(२९५)

मातरं पितरं हन्त्वा—राजानो द्वे च सोत्थिये ।
वेय्यग्घ पञ्चमं हन्त्वा—अनीघो याति ब्राह्मणो ।।६।।

२९५—माता (तृष्णा) पिता (अहंकार) सास्वत र उच्छेद दृष्टि रूपी दुई ब्राह्मण, पाँचै नीवरण-रूपी व्याघ्रलाई मारेर ब्राह्मण निष्पापी भएर हिँड्दछ ।।६।।

राजगृह, वेणुवन (२९६) दारुसाकटिक पुत्र

सुप्पबुद्धं पबुज्झन्ति - सदा गोतमसावका ।
येसं दिवा च रत्तो च—निच्चं बुद्धगतासति ।।७।।

२९६—रातो दिन बुद्धको गुणानुस्मरणमा लागि रहने गोतम बुद्धको शिष्यहरू सधैं जागृति अवस्थामा हुन्छन् ।।७।।

(२९७)

सुप्पबुद्धं पबुज्झन्ति—सदा गोतमसावका ।
येसं दिवा च रत्तो च—निच्चं धम्मगतासति ॥८॥

२९७—रातो दिन धर्मको गुणानुस्मरणमा लागि रहने यस्ता गोतम बुद्धका शिष्यहरू सधैं जागृत भै रहन्छन् ॥८॥

(२९८)

सुप्पबुद्धं पबुज्झन्ति—सदा गोतमसावका ।
येसं दिवा च रत्तोच—निच्चं सङ्घगतासति ॥९॥

२९८—रातो दिन संघको गुणानुस्मरणमा लागि रहने गोतम बुद्धका शिष्यहरू सधैं जागृत भै रहन्छन् ॥९॥

(२९९)

सुप्पबुद्धं पबुज्झन्ति—सदा गोतमसावका ।
येसं दिवा च रत्तो च—निच्चं कायगतासति ॥१०॥

२९९—रात दिन कायानुस्मृतिमा लागि रहने गोतम बुद्धका शिष्यहरू सधैं जागृत भै रहन्छन् ॥१०॥

(३००)

सुप्पबुद्धं पबुज्झन्ति--सदा गोतमसावका ।
येसं दिवा च रत्तो च--अहिंसाय रतो मनो ॥११॥

३००—हरबखत अहिंसामा मन लगाई रहने गौतम बुद्धका शिष्यहरू सधैं जागृत भै रहन्छन् ॥११॥

(३०१)

सुप्पबुद्धं पबुज्झन्ति—सदा गोतमसावका ।
येसं दिवा च रत्तो च—भावनाय रतो मनो ॥१२॥

३०१—हरबखत ध्यानाभ्यासमा मन लगाइ रहने गौतम बुद्धका शिष्यहरू सधैं जागृत भै रहने छन् ॥१२॥

वैशाली, महावन (३०२) वृजीपुत्रिक भिक्षु

दुप्पब्बज्जं दुरभिरमं—दुरावासा घरा दुखा ।
दुक्खो'समान संवासो—दुक्खानुपतित'द्धगू ।
तस्मा न च'द्धगु सिया—दुक्खानुपतितो सिया ॥१३॥

३०२--बिना नियम पूर्वक ग्रहण गरिएको

प्रव्रज्या सहितको जीवन बिताउनु कठिन छ, निवास गर्न अयोग्य घरमा बस्नु दुःखद छ, आफ्नो अनुकूल न भएको मानिस संगमा बस्नु पनि दुःखद छ, त्यस कारण संस्कृतिको बाटोमा न लाग्नु वेस, दुःखको पछि न लाग्नु वेस छ ।।१३।।

जेतवन (३०३) चित्त, गृहपति

सद्धो सीलेन सम्पन्नो—यसो भोग समप्पितो ।
यं यं पदेसं भजति—तत्थ तत्थे'व पूजितो ।।१४।।

३०३—श्रद्धावान्, शीलवान् र यशका भागी व्यक्ति जहाँ गए पनि सन्मान सत्कारको पात्र बन्द छ ।।१४।।

(३०४)

दूरेसन्तो पकासेन्ति[१]—हिमवन्तो'व पब्बतो ।
असन्तेत्थ न दिस्सन्ति—रत्तिं[२] खित्ता यथा सरा ।।१५।।

३०४—साधुसन्तहरू टाढा बसे पनि हिमालय

१. ब० पकासन्ति । २. व० रतिं ।

झैं चम्कन्छ, असत्पुरुषहरू रातको अन्धकारमा छोडेको बाण झैं देखिदैनन् ॥१५॥

जेतवन (३०५) एक्लै बस्ने स्थविर

एका'सनं एकसेय्यं—एको चरं 'मतन्दितो ।
एको दमय'मत्तानं—वनन्ते रमतो[1] सिया ॥१६॥

३०५—एउटै आसनमा बस्ने र एउटै शय्यामा सुत्ने, आलस्य रहित तथा एक्लै विचरण गरेर आत्म दमन गर्ने पुरुष आनन्द पूर्वक जङ्गलमा बास गर्दछ. ॥१६॥

प्रकीर्ण वर्ग सिद्धियो

१. ब० रमती ।

२२–निरयवग्गो

(नर्क वर्ग)

जेतवन (३०६) सुन्दरी परिव्राजिका

अभूतवादी निरयं उपेति
यो चा'पि कत्वा न करोमी'ति चा'ह ।
उभो'पि ते पेच्च समा भवन्ति
निहीनकम्मा मनुजा परत्थ ॥१॥

३०६—असत्यवादी नरकमा जान्छ, गरेर पनि गरेको छैन भन्ने पनि जान्छ, यी दुवै प्रकारका नीच काम गर्ने मानिसहरू मृत्यु पछि समान हुन्छ ॥१॥

राजगृह वेणुवन (३०७) दुश्चरित्रको फल भोग्ने

कासावकण्ठा बहवो—पापधम्मा असञ्ञता ।
पापा पापेहि कम्मेहि—निरयं ते उपपज्जरे ॥२॥

३०७—गलामा काषाय वस्त्र धारण गर्ने कैयन् असंयमी छन्, पापी छन्, तिनीहरू आफ्नो पापकर्मले गर्दा नरकमा उत्पन्न हुन्छन् ॥२॥

वैशाली (३०८) वग्गुमुदातीरवासी भिक्षु

सेय्यो अयोगुलो भुत्तो—तत्तो अग्गिसिखू'पमो ।
यञ्चे भुञ्जेय्य दुस्सीलो—रट्ठपिण्डं असञ्ञतो ॥३॥

३०८—असंयमी दुराचारी भै देशको अन्न खानु भन्दा आगो झैं रातो तातेको फलामको डल्लो खानु बेस ॥३॥

जेतवन (३०९) क्षेम भन्ने सेठको छोरा

चत्तारि ठानानि नरो पमत्तो
आपज्जति परदारू'पसेवी ।
अपुञ्ञलाभं न निकामसेय्यं
निन्दं ततीयं निरयं चतुत्थं ॥४॥

(३१०)

अपुञ्ञलाभो'च गती च पापिका
भीतस्स भीताय रती च थोकिका ।
राजा च दण्डं गरुकं पणेति
तस्मा नरो परदारं न सेवे ॥५॥

३०९, ३१०—प्रमादी भै व्यभिचार गर्ने व्यक्तिलाई अपुण्यलाभ, सुखनीद न हुनु, निन्दा र नरक बास यति ४ गति हुन्छ। अपुण्य लाभले गर्दा भविष्यमा दुर्गति प्राप्ति हुन्छ, भयभीत हुन परेर रति सुख अल्प (थोरै) हुन्छ। ठूल्ठूलो दण्ड आई पर्छ त्यसकारण मानिसले परस्त्री गमन नगर्नु ॥४, ५॥

जेतवन (३११) कटुभाषी भिक्षु

कुसो यथा दुग्गहितो—हत्थ'मेवा'नुकन्तति ।
सामञ्ञं दुप्परामट्ठं—निरयायु'प[1] कड्ढति ॥६॥

३११—कुश समात्दा राम्ररी न समात्नेलाई हातमा घाऊ हुन्छ। श्रमण धर्म (संन्यास) राम्ररी पालन गरेन भने नरक जानु पर्छ ॥६॥

(३१२)

यं किञ्चि सिथिलं कम्मं—संकिलिट्ठञ्च यं वतं[2] ।
संकस्सरं ब्रह्मचरियं—न तं होति महप्फलं ॥७॥

१. सि० निरयाय । २. ब० कतं ।

३१२--शिथिल कर्म मलयुक्त व्रत र अशुद्ध ब्रह्मचर्य-यो कुनै पनि महाफल दायक हुँदैन ।।७।।

(३१३)

कयिरा चे[1] कयिराथे'तं—दल्ह'मेतं परक्कमे ।
सिथिलोहि[2] परिब्बाजो[3]- भिय्यो आकिरतेरजं ।।८।।

३१३—प्रव्रजित भएर गर्नु पर्ने काम छ भने त्यसलाई गर, झन् दृढता पूर्वक गर, शिथिल स्वभाव हुने परिव्राजकले आफ्नो मनमा चित्तमलरूपी धूलो झनै बढाउन्छ ।।८।।

जेतवन (३१४) कुनै ईर्ष्या गर्ने स्त्री

अकतं दुक्कतं[4] सेय्यो—पच्छा तपति[5] दुक्कतं ।
कतञ्च सुकतं सेय्यो— यं कत्वा ना'नुतप्पति ।।९।।

३१४— खराब काम नगर्नु नै बेस, खराब काम

---

१. 'कयिरञ्चे' । २. ब० सठिलो ।
३ ब० परिब्बजी । ४. ब० दुक्कटं ।
५. ब० तप्पति ।

गर्दा पछुतो हुन्छ, राम्रो काम गर्नु नै वेस, जुन काम गर्नाले पछि ताप हुन्दैन ॥९॥

जेतवन (३१५) थेरै भिक्षुहरू

नगरं यथा पच्चन्तं—गुत्तं सन्तर बाहिरं ।
एवं गोपेथ अत्तानं—खणो वे मा उपच्चगा ।
खणातीता हि सोचन्ति—निरयम्हि समप्पिता ॥१०॥

३१५—जस्तो सीमान्त प्रदेश भित्र र बाहिर दुवै तर्फबाट सुरक्षित हुन्छ त्यस्तै आफुलाई सुरक्षित गर, अवसर खेर न फाल, अवसर बिते पछि नरक बास भै अपशोच गर्नु पर्ला ॥१०॥

जेतवन (३१६) निर्ग्रन्थ (=जैन साधु)

अलज्जिताये लज्जन्ति—लज्जिताये न लज्जरे ।
मिच्छादिट्ठिसमादाना—सत्ता गच्छन्ति दुग्गतिं ॥११॥

३१६—लाज मान्न नहुने ठाउँमा लाज मान्दछ, लाज मान्नु पर्ने ठाउँमा लाज नमानी मिथ्या दृष्टि ग्रहण गर्ने जीव दुर्गतिमा पुग्दछ ॥११॥

(३१७)

अभये च भयदस्सिनो—भये चा'भयदस्सिनो ।
मिच्छादिट्ठिसमादाना—सत्ता गच्छन्ति दुग्गतिं ॥१२॥

३१७—भय न लिनु पर्ने ठाउँमा भय लिई, भय लिनु पर्ने ठाउँमा भय नलिई मिथ्या दृष्टि ग्रहण गर्ने जीव दुर्गतिमा पुग्दछ ॥१२॥

जेतवन (३१८) तीर्थिय श्रावक

अवज्जे वज्जमतिनो—वज्जे चा'वज्जदस्सिनो ।
मिच्छादिट्ठिसमादाना—सत्ता गच्छन्ति दुग्गतिं ॥१३॥

३१८—निर्दोषमा दोष र दोषमा निर्दोष देखेर मिथ्या दृष्टि ग्रहण गर्ने जीव दुर्गतिमा पुग्दछ ॥१३॥

(३१९)

वज्जञ्च वज्जतो ञत्वा—अवज्जञ्च अवज्जतो ।
सम्मादिट्ठिसमादाना—सत्ता गच्छन्ति सुग्गतिं ॥१४॥

३१९—दोषलाई दोष र निर्दोषलाई निर्दोष नै देखेर सम्यक् दृष्टि ग्रहण गर्ने जीवलाई स्वर्ग प्राप्ति हुन्छ ॥१४॥

नर्क वर्ग सिद्धियो

२३–नागवग्गो
(हात्ती वर्ग)

जेतवन (३२०) आनन्द थेर

अहं नागो व सङ्गामे—चापातो पतितं सरं ।
अतिवाक्यं तितिक्खिस्सं—दुस्सीलो हि बहुज्जनो ॥१॥

३२०—लडाईमा छोडेको बाण हात्तीले सहन गरे झैं मैले अर्काको कटुवाक्य सहन गर्नेछु, किनकि संसारमा दुःशील व्यक्ति नै धेरै छन् ॥१॥

(३२१)

दन्तं नयन्ति समितिं—दन्तं राजा'भिरूहति ।
दन्तो सेट्ठो मनुस्सेसु—यो'तिवाक्यं तितिक्खति ॥२॥

३२१—तालीम पाएको हात्तीलाई संग्राममा लैजान्छ, त्यस्तो हात्तीमा राजाले चढ्छ, मनुष्यको बीचमा आत्मदमन हुने व्यक्ति श्रेष्ठ हुन्छ जसले कटुवाक्यलाई सहन गर्दछ ॥२॥

(३२२)

वरमस्सतरा दन्ता—आजानीय्या च सिन्धवा ।
कुञ्जरा च महानागा—अत्तदन्तो ततो वरं ॥३॥

३२२—खच्चर, सिंधु देशको असल घोडा र महा नाग हात्तीहरू दमन गर्नु उत्तम हो, त्यो भन्दा आफुलाई दमन गर्नु कनै उत्तम ॥३॥

जेतवन (३२३) अधि माहुते भएको भिक्षु

न हि एतेहि यानेहि—गच्छेय्य अगतं दिसं ।
यथा'त्तना सुदन्तेन—दन्तो दन्तेन गच्छति ॥४॥

३२३—आफुलाई संयम र दमन गर्ने व्यक्ति निर्वाण तरफ जान सक्छ, हात्ती घोडा आदि चढी त्यस तरफ जान सकिदैन ॥४॥

जेतवन (३२४) एक ब्राह्मण पुत्र

धनपालको नाम कुञ्जरो
कटुकप्पभेदनो[1] दुन्निवारयो ।

१. ब० कटुक भेदनो ।

बद्धो कवलं न भुञ्जति
सुमरति नागवनस्स कुञ्जरो ॥५॥

३२४—धनपाल भन्ने हात्ती सैन्यलाई छितरबितर गर्नु सक्ने त्यस्तो बलवान् हात्ती बन्धनमा पर्दा पनि खाने कुरो न खाई आफु बस्ने मनोहर जङ्गल मात्र सम्झेर बस्छ ॥५॥

जेतवन (३२५) प्रसेनजित् कोशल राजा

मिद्धी यदा होति महग्गसो च
निद्दायिता सम्परिवत्तसायी ।
महावराहो'व निवापपुट्ठो
पुनप्पुनं गब्भ'मुपेति मन्दो ॥६॥

३२५ – धेरै आहार खाने अलसी निद्रालु मानिस धेरै खानाले मोटाएर राखेको सुंगुर जस्तै हो, त्यस्ता मूर्ख बराबर गर्भबासमा आउँछ ॥६॥

जेतवन (३२६) सानु श्रामणेर

इदं पुरे चित्त मचारि चारिकं[1]
येनि'च्छकं यत्थकामं यथासुखं ।

1. ब० सि चरितं ।

तदज्ज'हं निग्गहेस्सामि[1] योनिसो
हत्थिप्पभिन्नं विय अङकुसग्गहो ॥७॥

३२६ यो चित्त अघि आफ्नो इच्छा मुताबिक जहाँ मन लाग्यो उहीं जान्थ्यो अब यसलाई मैले माहुतेले हात्तीलाई दमन गरे झैं दमन गर्नेछु ॥७॥

जेतवन (३२७) कोशल राजाको पावेय्यक हात्ती

अप्पमादरता होथ—सचित्तम'नुरक्खथ ।
दुग्गा उद्धरथ'त्तानं—पंके सत्तो'व[2] कुञ्जरो ॥८॥

३२७—अप्रमादी हुनुमा मन लगाउ, आफ्नो चित्तको रखवारी गर, दल दलमा (धाप) परेको हात्तीले झैं आफुलाई राग, द्वेष र मोहको दलदलबाट निकाल ॥८॥

पारिलेय्यकवन (३२८) केही भिक्षुहरू

सचे लभेथ निपकं सहायं
सद्धिं चरं साधुविहारि धीरं ।

१. निग्गहिस्सामि । २. ब० सन्तो ।

अभिभुय्य सब्बानि परिस्सयानि
चरेय्य तेन'त्तमनो सतीमा ॥९॥

३२८—पाको बुद्धि भएको शीलवान् साथी पाए, सबै प्रकारको विघ्न-बाधा हट्छ अनि सचेत तथा प्रसन्न भई त्यस व्यक्तिको सतसंगत गर ॥९॥

(३२९)

नो चे लभेथ निपकं सहायं
सद्धिं चरं साधुविहारि धीरं ।
राजा'व रट्ठं विजितं पहाय
एको चरे मातङ्ग'रञ्ञो'व नागो ॥१०॥

३२९—पाको बुद्धि भएको तथा सच्चरित्रवान् साथी न पाए राजाले पराजित देश छोडे झैं छाडेर मातङ्ग हात्ती झैं एक्लै हिड्नु वेस छ ॥१०॥

(३३०)

एकस्स चरितं सेय्यो—नत्थि बाले सहायता ।
एको चरे—न च पापानि कयिरा ।
अप्पोस्सुक्को—मातङ्ग'रञ्ञो व नागो ॥११॥

३३०—मूर्खहरूको संगत गर्नु भन्दा, पाप नगरी संयमी भै मातङ्ग हात्ती झैं एक्लै विचरण गर्नु बेस छ ।।११।।

हिमाल प्रदेश (३३१) मार

अत्थम्हि जातम्हि सुखा सहाया
तुट्ठी सुखा या इतरी'तरेन ।
पुञ्ञं सुखं जीवितसङ्खयम्हि
सब्बस्स दुक्खस्स सुखं पहानं ।।१२।।

३३१—काम पर्ने बेलामा मित्र द्वारा सहायता पाउनु सुख हो, जो मिल्यो त्यसमा सन्तुष्ट हुनु पनि सुखै हो, मृत्यु पछि पुण्य सुख हो, सबै दुःखको क्षय नै ठूलो सुख हो ।।१२।।

(३३२)

सुखा मत्तेय्यता लोके—अथो पेत्तेय्यता सुखा ।
सुखा सामञ्ञता लोके—अथो ब्रह्मञ्ञता सुखा ।।१३।।

३३२––संसारमा आमा बाबु सेवा गर्नु सुख हो, श्रमणभाव पनि सुख नै हो र पाप रहित भै ब्राह्मणभाव रुन् सुख हो ।।१३।।

(३३३)

सुखं याव जरा सीलं—सुखा सद्धा पतिट्ठिता ।
सुखा पञ्ञाय[1] पटिलाभो—पापानं अकरणं सुखं ।।१४।।

३३३––बुढेस काल सम्म शीलपालन गर्नु सुख हो, श्रद्धावान् हुनु सुख हो, प्रज्ञा ज्ञान लाभ गर्नु सुख हो; पाप नगर्नु सुख हो ।।१४।।

हात्ती वर्ग सिद्धियो

१. ब० पञ्ञा ।

२४–तण्हावग्गो
(तृष्णा वर्ग)

जेतवन (३३४) कपिल माछा

मनुजस्स पमत्तचारिनो
तण्हा वड्ढति मालुवा विय ।
सो प्लवति[1] हुराहुरं
फलमिच्छे'व वनस्मि वानरो ॥१॥

३३४—प्रमादी व्यक्तिको तृष्णा मालुवा लता फैं बढ्छ, फल फूलको आशा गरी जङ्गलमा उफ्रेर हिड्ने बाँदर फैं प्रमादी व्यक्तिले संसारमा बारम्बार जन्म लिन्छ ॥१॥

(३३५)

यं एसा सहती[2] जम्मी—तण्हा लोके विसत्तिका ।
सोका तस्स पवड्ढन्ति—अभिवड्ढं'व[3] वीरणं ॥२॥

---

१. ब० पलवेति । २. ब० सहते ।
३. ब० अभिउठ्ठं ।

३३५—जसलाई यो विषरूपी नीच तृष्णाले छोड्दैन, त्यसको चित्तमा वर्षामा वीरण भन्ने घाँस बढे झैं शोक बढ्दछ ।।२।।

(३३६)

यो चेतं सहते जम्मी तण्हं लोके दुरच्चयं ।
सोका तम्हा पपतन्ति—उदबिन्दू व पोक्खरा ।।३।।

३३६—किन्तु जसले यो दुष्त्याज्य नीचलाई वशमा राख्दछ, त्यसको शोक कमलपातबाट टप्केको पानीको थोपा झैं गिर्दछ ।।३।।

(३३७)

तं वो वदामि भद्दं वो—यावन्ते'त्थ समागता ।
तण्हाय मूलं खणथ—उसीरत्थो'व वीरणं ।
मा वो नलं'व सोता'व—मारो भञ्जि पुनप्पुनं ।।४।।

३३७—त्यसैले यहाँ जम्मा भएका तिमीहरू सबै लाई भन्दछ—तिमीहरूको कल्याणको लागि वीरण घाँस उखेल्न खोज्नेले झैं तिमीहरूले पनि तृष्णालाई

जडै देखि उखेल, अनि तिमीहरूलाई बाँसलाई पानीको धाराले सताए झैं मारले दुःख दिन सक्दैन ॥४॥

जेतवन (३३८) गूथसूकर पोतक

यथा'पि मूले अनुपद्दवे दल्हे
छिन्नो'पि रुक्खो पुनरेव रूहति ।
एवम्पि तण्हानुसये अनूहते
निब्बत्तति दुक्खमिदं पुनप्पुनं ॥५॥

३३८– जरा न उखेली केवल काटेर मात्र राखेको रूख फेरि फेरि उम्रे झैं तृष्णा र अनुशयको समूल नष्ट नगर्नेलाई यो दुःख बारम्बार आउँछ ॥५॥

(३३९)

यस्स छत्तिसति सोता—मनापस्सवना भुसा ।
वाहा[1] वहन्ति दुद्दिट्ठं—सङ्कप्पा रागनिस्सिता ॥६॥

३३९—जसको छत्तीस श्रोत, संसारमा प्रिय

---

१. ब० महा ।

पदार्थमा प्रवाहित भएर त्यसको रागपूर्ण संकल्पले उसलाई दुर्दृष्टितिर बगाएर लैजान्छ ॥६॥

(३४०)

सवन्ति सब्बधी सोता—लता उब्भिज्ज[1] तिट्ठति ।
तञ्च दिस्वा लतं जातं—मूलं पञ्ञाय छिन्दथ ॥७॥

३४०—यो तृष्णारूपी स्रोत जतातर्तै बही रहेको छ. लता फुटेर निस्केको छ, त्यो फैलिदै आएको तृष्णा-रूपी लता देखेर प्रज्ञारूपी शस्त्रले त्यसको मूल समेत काट्नु पर्छ ॥७॥

(३४१)

सरितानि सिनेहितानि च
सोमनस्सानि भवन्ति[2] जन्तुनो ।
ते सातसिता सुखे'सिनो
ते वे जातिजरूपगा नरा ॥८॥

---

१. ब० उप्पज्ज ।

२. ब० होन्ति ।

३४१—तृष्णारूपी नदी मानिसहरूलाई खूब प्यारो तथा मनोहर लाग्दछ, सुखको कामना गर्ने मानिसहरू तृष्णा नदीका प्रवाहमा परेर बारम्बार जन्म मरणको फन्दामा पर्दछन् ॥८॥

(३४२)

तसिणाय पुरक्खता पजा
परिसप्पन्ति ससोव बन्धितो ।
संयोजन सङ्गसत्ता[1]
दुक्ख'मुपेन्ति पुनप्पुनं चिराय ॥९॥

३४२—बाँधी राखेको चौघोडा घुमी रहे झैं तृष्णाको पीछा न छोडी संयोजन (मनको वन्धन) मा रहेका मानिसहरूलाई दीर्घकालसम्म बराबर दुःख हुन्छ ॥९॥

(३४३)

तसिणाय पुरक्खता पजा
परिसप्पन्ति ससो व बन्धितो ।

१. कहिं २ 'सत्तका'

तस्मा तसिणं विनोदये
भिक्खु आकङ्खी[1] विरागम 'त्तनो ॥१०॥

३४३—तृष्णाको पीछा गर्ने प्राणीहरू बाँधी राखेका चौघोडा झैं घुमी घुमी रहन्छन्, अतएव भिक्षु हो, वैराग्य मार्गमा लागेर तृष्णा निरोधको आकांक्षा गर ॥१०॥

वेणुवन (३४४) विभ्रान्तक भिक्षु

यो निब्बनथो वना'धिमुत्तो
वनमुत्तो वनमे'व धावति ।
तं पुग्गलमे'व पस्सथ
मुत्तो बन्धनमे'व धावति ॥११॥

३४४—संसारको बन्धनबाट छुटेर वनबास गएर फेरि जङ्गल छोडी घरैमा आई बस्ने मानिसलाई हेर, फेरि बन्धनैमा आई रहेको छ ॥११॥

२. ब० आकङ्खन्तो ।

(३४५)

न तं दल्हं[1] बन्धनमाहु धीरा
यदा यसं दारुजं बब्बजञ्च ।
सारत्तरत्ता मणिकुण्डलेसु
पुत्तेसु दारेसु च या अपेखा ॥१२॥

३४५—फलामको, काठको र डोरीको बन्धनलाई बुद्धिमान्ले बलियो बन्धन भन्दैन । धन सम्पत्ति, स्त्री पुत्र पुत्रीहरूमा हुने अनुरागलाई नै दृढ बन्धन भन्दछन् ॥१२॥

(३४६)

एतं दल्हं बन्धनमाहु धीरा
ओहारिनं सिथिलं दुप्पमुञ्चं ।
एतम्पि छेत्वान परिब्बजन्ति
अनपेक्खिनो कामसुखं पहाय ॥१३॥

१. ब० दल्हं न तं ।

३४६—यही बन्धनलाई बुद्धिमान्हरूले अधोगतिमा लैजाने शिथिल र दुस्त्याज्य बन्धन भन्दछन्; यस्तो बन्धनलाई पनि तोडी काम सुखको इच्छा नगरी प्रव्रजित हुन्छन् ॥१३॥

राजगृह, वेणुवन (३४७) क्षेमा महारानी

ये रागरत्ता 'नुपतन्ति सोतं
सयं कतं मक्कटको'व जालं ।
एतम्पि छेत्वान वजन्ति धीरा
अनपेक्खिनो सब्ब दुक्खं पहाय ॥१४॥

३४७—रागमा लालायित व्यक्ति, आफुले बनाएको जालमा माकुरो फंसे झैं आफ्नै तृष्णारूपी नदीमा पर्छन्, बुद्धिमान्हरू यसलाई पनि तोडी, इच्छा रहित भै सबै दुःख छोडी प्रव्रजित हुन्छन् ॥१४॥

राजगृह, वेणुवन (३४८) उग्ग सेठ

मुञ्च पुरे मुञ्च पच्छतो
मज्झे मुञ्च भवस्स पारगू ।

सब्बत्थ विमुत्तमानसो
न पुन जातिजरं उपेहिसि ॥१५॥

३४८—अगाडिको, बीचको र पछाडिको बस्तुको आशा छोडी संसारबाट पार भएर जाउ, चारैतिरबाट आफ्नो मन मुक्त भए पछि फेरी जन्ममरणमा आउनु पर्दैन ॥१५॥

जेतवन (३४९) चुल्ल धनुग्गह पण्डित

वितक्कपमथितस्स जन्तुनो ।
तिब्बरागस्स सुभा'नुपस्सिनो ।
भिय्यो तण्हा पवड्ढति
एस खो दल्हं करोति बन्धनं ॥१६॥

३४९—नानाप्रकारको सन्देह राखेर मनमा तीव्र राग राखी राम्रै राम्रो मात्र देख्ने मानिसको तृष्णा कनै बढ्दछ, आफ्नो नीति उसले मजबुत बन्धन बनाउन्छ ॥१६॥

(३५०)

वितक्कू'पसमे च यो रतो
असुभं भावयति सदा सतो ।
एस खो ब्यन्ति काहिनि
एस छेज्जति मारबन्धनं ।।१७।।

३५०—संकल्प विकल्पलाई शान्त गर्नमा मन लगाई, जाग्रत भै, अशुभ भावनालाई ध्यान दृष्टिले हेर्ने व्यक्तिले जन्ममरणबाट मुक्त भै मार बन्धनलाई तोड्दछ ।।१७।।

जेतवन (३५१) मार

निट्ठङ्गतो असन्तासी—वीततण्हो अनङ्गणो ।
अच्छिन्दि भवसल्लानि—अन्तिमो'यं समुस्सयो ।।१८।।

३५१—पाप पुण्य सब त्यागिसकेर निडर भएका, तृष्णा रहितलाई, चित्तमल नहुनेलाई र सांसारिक कांढा पन्छ्याई सकेको लाई अन्तिम देहधारी भन्दछन् ।।१८।।

(३५२)

वीततण्हो अनादानो निरुत्तिपद कोविदो
अक्खरानं सन्निपातं— जञ्ञा पुब्बपरानि च ।
स वे अन्तिम सारीरो–
महापञ्ञो महापुरिसो'ति वुच्चति ।।१९।।

३५२—तृष्णा रहित, सांसारिक बन्धनबाट मुक्त निरुक्तिपद कोविद र अक्षरहरूलाई अगाडि पछाडि राखनमा सिपालु यस्ता महाप्राज्ञ अन्तिम देहधारी महापुरुष कहलाइन्छ ।।१९।।

वाराणसी र गयाको बीच (३५३) उपक आजीवक

सब्बा'भिभू सब्बविदू'हमस्मि
सब्बेसु धम्मेसु अनूपलित्तो ।
सब्बञ्जहो तण्हक्खये विमुत्तो
सयं अभिञ्ञाय कमुद्दिसेय्यं ।।२०।।

३५३—मैले रागादि सबैलाई जिती सकें, दुःख निवृत्तिको सबै उपाय जानी सकें, सबै पदार्थमा अलिप्त

छु, सर्व त्यागी भै सकें, तृष्णा क्षय गरी सकें र विमुक्ति पाई सकें। मैले स्वयं विमलज्ञानको बोध पाई सकें, अतएव मैले कसलाई गुरु देखाऊं ? ॥२०॥

जेतवन (३५४) शक्र देवराज

सब्बदानं धम्मदानं जीनाति
सब्बं रसं धम्मरसो जीनाति ।
सब्बं रतिं धम्मरतिं जीनाति
तण्हक्खयो सब्बदुक्खं जीनाति ॥२१॥

३५४—सबै दानलाई धर्मदानले जित्छ, सबै रसलाई धर्मरसले जित्छ, सबै रतिलाई धर्म रतिले जित्छ, तृष्णा क्षय भयो भने सबै दुःखलाई जित्छ ॥२१॥

जेवतन (३५५) अपुत्रक सेठ

हनन्ति भोगा दुम्मेधं—नो चे पारगवेसिनो ।
भोगतण्हाय दुम्मेधो— हन्ति अञ्ञे'व[1] अत्तनं ॥२२॥

१. ब० च ।

३५५—संसार पारी जान न खोज्ने मूर्ख भोगले नाशिन्छ, आकीले आफुलाई नष्ट गराए कैं बराबर भोगको तृष्णामा परेर त्यस मूर्खले आफ्नो विनाश गराउँछ ।।२२।।

पण्डुकम्बल शिला (३५६) अंकुर देव पुत्र

तिणदोसानि खेत्तानि—रागदोसा अयं पजा ।
तस्मा हि वीतरागेसु—दिन्नं होति महप्फलं ।।२३।।

३५६—खेतको दोष घाँस हो, मनुष्यको दोष राग हो, त्यसैले वीतरागलाई दिएको दानको फल ठूलो हुन्छ ।।२३।।

(३५७)

तिणदोसानि खेत्तानि—दोसदोसा अयं पजा ।
तस्मा हि वीतदोसेसु—दिन्नं होति महप्फलं ।।२४।।

३५७— खेतको दोष घाँस हो, मनुष्यको दोष द्वेष हो, त्यसैले द्वेषरहित व्यक्तिसाई दिएको दानको फल ठूलो हुन्छ ।।२४।।

(३५८)

तिणदोसानि खेत्तानि—मोहदोसा अयं पजा ।
तस्मा हि वीतमोहेसु—दिन्नं होति महप्फलं ॥२५॥

३५८—खेतको दोष घाँस हो, मनुष्यको दोष मोह हो, त्यसैले मोहरहित व्यक्तिलाई दिएको दानको फल ठूलो हुन्छ ॥२५॥

(३५९)

तिणदोसानि खेत्तानि—इच्छादोसा अयं पजा ।
तस्मा हि विगतिच्छेसु—दिन्नं होति महप्फलं ॥२६॥

३५९—खेतको दोष घाँस हो, मनुष्यको दोष इच्छा हो, त्यसैले इच्छारहित व्यक्तिलाई दिएको दानको फल ठूलो हुन्छ ॥२६॥

तृष्णा वर्ग सिद्धियो

२५-भिक्खुवग्गो
(भिक्षु वर्ग)

जेतवन (३६०) पाँच जना भिक्षु

चक्खुना संवरो साधु—साधु सोतेन संवरो ।
घाणेन संवरो साधु—साधु जिह्वाय संवरो ॥१॥

३६०—चक्षु, श्रोत, घ्राण र जिह्वा संयम गर्नु राम्रो ॥१॥

(३६१)

कायेन संवरो साधु—साधु वाचाय संवरो ।
मनसा संवरो साधु—साधु सब्बत्थ संवरो ।
सब्बत्थ संवुतो भिक्खु—सब्बदुक्खा पमुच्चति ॥२॥

३६१—काय, वाक, र मनलाई संयम राख्नु राम्रो, जहाँ पनि संयम गर्नु राम्रो, सबै कुरामा सयमको अभ्यास गर्ने भिक्षु सब तरहको दुःखबाट मुक्त हुन्छ ॥२॥

जेतवन (३६२) हंस घातक भिक्षु

हत्थ सञ्ञतो पाद सञ्ञतो
वाचाय सञ्ञतो सञ्ञतु'त्तमो ।
अज्झत्तरतो समाहितो
एको सन्तुसितो तमा'हु भिक्खू ॥३॥

३६२—जसले हात पाउ र बोली वचनमा संयम गरेको छ, जसको चित्त अध्यात्ममा राम्ररी लागेको छ, जो समाधि युक्त तथा सन्तुष्ट भै एकान्तमा बस्छ, उसैलाई भिक्षु भन्दछन् ॥३॥

जेतवन (३६३) कोकालिक

यो मुखसञ्ञतो भिक्खु—मन्तभाणी अनुद्धतो ।
अत्थं धम्मञ्च दीपेति—मधुरं तस्स भासितं ॥४॥

३६३—जुन भिक्षुले मुखको संयम गरेर बिचार गरेर कुरा गर्छ, चंचल स्वभाव न भै अर्थ र धर्मको प्रकाश गर्छ, यस्ताको भाषणलाई मधुर भाषण भन्दछन् ॥४॥

जेतवन (३६४) धम्माराम थेर

धम्मारामो धम्मरतो—धम्मं अनुविचिन्तयं ।
धम्मं अनुस्सरं भिक्खु—सद्धम्मा न परिहायति ।।५।।

३६४—धर्ममा रमाउने, धर्ममा मन लगाउने, धर्मको चिन्तन गरी, धर्मको अनुस्मरण गरी बस्ने भिक्षु सद्धर्मबाट कहिले पनि पतन हुन पाउँदैन ।।५।।

राजगृह, वेणुवन (३६५) विपक्षी भिक्षु

सलाभं ना'तिमञ्ञेय्य—ना'ञ्ञेसं पिहयं चरे ।
अञ्ञेसं पिहयं भिक्खु—समाधिं ना'धि गच्छति ।।६।।

३६५—आफुलाई प्राप्त हुने लाभलाई तुच्छ न सम्झनु, आर्कालाई प्राप्ति हुने लाभमा ईर्ष्या नगर्नु, अर्काको लाभमा ईर्ष्या गर्ने भिक्षुलाई समाधि प्राप्त हुन सक्दैन ।।६।।

(३६६)

अप्पलाभोपि चे भिक्खु—सलाभं 'नाति मञ्ञति ।
तं वे देवा पसंसन्ति—सुद्धाजीवं अतन्दितं ।।७।।

३६६—थोरै भएपनि आफुलाई प्राप्त हुने लाभलाई तुच्छ न ठान्नेलाई, शुद्ध जीविका गर्ने र आलस्य रहित हुने भिक्षुको प्रशंसा देवताले पनि गर्छ ॥७॥

जेतवन (३६७) पञ्चाग्रदायक ब्राह्मण

सब्बसो नामरूपस्मि—यस्स नत्थि ममायितं ।
असता च न सोचति—स वे भिक्खू'ति वुच्चति ॥८॥

३६७ –नाम–रूप जगतमा जसले ममता राख्दैन जसले केही नपाए पनि शोक गर्दैन त्यस्तालाई भिक्षु भन्दछ ॥८॥

जेतवन (३६८) धेरै भिक्षुहरु

मेत्ता विहारी यो भिक्खु—पसन्नो बुद्ध सासने ।
अधिगच्छे पदं सन्तं—संखारू'पसमं सुखं ॥९॥

३६८—मैत्री भावना लिएर बुद्धको उपदेशमा श्रद्धावान् भै बस्ने भिक्षुले सबै संस्कारलाई शान्त गर्ने सुखमय शान्तिपद प्राप्ति गर्दछ ॥९॥

(३६९)

सिञ्च भिक्खु इमं नावं—सित्ता ते लहु'मेस्सति ।
छेत्वा रागञ्च दोसञ्च—ततो निब्बानमेहिसि ॥१०॥

३६९—भिक्षु हो ! शरीर रूपी डुंगाबाट मिथ्या-दृष्टिरूपी पानीलाई फ्याक ! यो पानी नभए पछि हलुंगो हुन्छ राग द्वेषलाई छिन्न भिन्न पारेर चाँडै निर्वाण प्राप्त गर ॥१०॥

(३७०)

पञ्च छिन्दे पञ्च जहे—पञ्चु'त्तरिय भावये ।
पञ्च सङ्गातिगो भिक्खू—ओघतिण्णो'ति वुच्चति ॥११॥

३७०—पाँचलाई काटेर, पाँचलाई छोडी, माथिल्लो पाँचको अभ्यास गर, पाँच किसिमका बन्धन पार तर्ने भिक्षुलाई ओघतीर्ण भिक्षु भन्दछन् ॥११॥

(३७१)

झाय भिक्खू मा च पमादो
मा ते कामगुणे भमस्सु[1] चित्तं ।

१. सि० भवस्सु ।

मा लोहगुलं गिली पमत्तो
मा कन्दि दुक्ख'मिदन्ति डय्हमानो ॥१२॥

३७१—भिक्षु हो ! ध्यानमा लाग, बेहोशी न होऊ, आफ्नो चित्तलाई कामको बशमा न पठाऊ, प्रमादी भैं फलामको डल्ला न खाऊ, हाय दुःख भनेर तिमीहरूलाई पछि रुन न परोस् ॥१२॥

(३७२)

नत्थिझानं अपञ्ञस्स—पञ्ञानत्थि अझायतो ।
यम्हि झानञ्चपञ्ञञ्च – स वे निब्बान सन्तिके ॥१३॥

३७२—प्रज्ञा नहुनेको ध्यान हुँदैन, ध्यान नहुनेको प्रज्ञा हुँदैन, ध्यान र प्रज्ञा दुवै जस्को छ उही निर्वाणको समीपमा पुग्न जान्छ ॥१३॥

(३७३)

सुञ्ञागारं पविट्ठस्स—सन्तचित्तस्स भिक्खुनो ।
अमानुसी'रती होति—सम्मा धम्मं विपस्सतो ॥१४॥

३७३—एकान्त वास गर्ने, शान्त चित्त हुने धर्म-लाई राम्ररी चिन्ने भिक्षुलाई लोकोत्तर आनन्द प्राप्ति हुन्छ ॥१४॥

(३७४)

यतो यतो सम्मसति—खन्धानं उदयब्बयं ।
लभति पीति पामोज्जं—अमतं तं विजानतं ॥१५॥

३७४—पञ्चस्कन्धको उत्पत्ति र विनाशको स्मरण गरी रहने भिक्षुलाई ज्ञानीहरूको प्रेम र अमृत-पद प्राप्ति हुन्छ ॥१५॥

(३७५)

तत्रा'यमा'दि भवति—इध पञ्ञस्स भिक्खुनो ।
इन्द्रियगुत्ति सन्तुट्ठि—पातिमोक्खे च संवरो ।
मित्ते भजस्सु कल्याणे— सुद्धा'जीवे अतन्दिते ॥१६॥

३७५—ज्ञानी भिक्षुहरूले सब भन्दा पहिले इन्द्रिय बशमा राख्नु, संतोष हुनु, प्रातिमोक्ष नियम

पालन गर्नु, फेरी यस्ता भिक्षुले शुद्ध जीवी र आलस्य रहित कल्याण मित्रहरूको सत्संगत गर्नु पर्छ ।।१६।।

(३७६)

पटिसन्थारवुत्य'स्स—आचार कुसलो सिया ।
ततो पामोज्जबहुलो—दुक्खस्सन्तं करिस्सति[1] ।।१७।।

३७६—सेवा सत्कार गर्ने स्वभाव भएको तथा राम्रो आचार–पालनमा निपुण भएको यस्तोले आनन्द सहित दु:खको अन्त गर्छ ।।१७।।

जेतवन (३७७) ५०० भिक्षु

वस्सिका विय पुप्फानि—मद्दवानि पमुञ्चति ।
एवं रागञ्च दोसञ्च—विप्पमुञ्चेथ भिक्खवो ।।१८।।

३७७—भिक्षु हो ! जुहि फूलको बोटले वैलाएको फूल जस्मै खसाले झैं तिमीहरूले राग द्वेषलाई क्याक्नु पर्छ ।।१८।।

१. सि० करिस्ससि ।

जेतवन (३७८) शान्तकाय स्थविर

सन्तकायो सन्तवचो—सन्तवा सुसमाहितो ।
वन्त लोकामिसो भिक्खू—उपसन्तो'ति वुच्चति ।।१९।।

३७८—काय, वाक्, चित्त शान्त हुने र ध्यानमा सदा नियुक्त हुने सांसारिक भोगविलासलाई त्याग गरी बस्ने भिक्षुलाई 'उपशान्त भिक्षु' भन्दछन् ।।१९।।

जेतवन (३७९) नङ्गलकुलत्थेर

अत्तना चोदय'त्तानं—पटिमासे[1] अत्तम'त्तना ।
सो अत्तगुत्तो सतिमा—सुखं भिक्खुविहाहिसि ।।२०।।

३७९—आफुलाई आफैले प्रेरणा दिने, आफुलाई आफैले परीक्षा गर्ने आत्म संयमी र स्मृतिवान् भिक्षु सुख पूर्वक बस्तछ ।।२०।।

(३८०)

अत्ता हि अत्तनो नाथो—अत्ता हि अत्तनो गति ।
तस्मा सञ्जमय'त्तानं—अस्सं भद्रं'व वाणिजो ।।२१।।

१. सि० पटिमासे'तं० ।

३८०—आफ्नो स्वामी आफै हो, आफ्नो गति आफै हो, त्यसैले व्यापारीले राम्रो घोडालाई तालीममा राखे फैं आफुलाई आफैले संयममा राख्नु पर्छ ।।२१।।

राजगृह, वेणुवन (३८१) वक्कलि थेर

पामोज्ज बहुलो भिक्खू—पसन्नो बुद्धसासने ।
अधिगच्छे पदं सन्तं—सङ्खारू'पसमं सुखं ।।२२।।

३८१—बुद्धको उपदेशमा श्रद्धा राखी सधैं प्रमुदित हुने भिक्षुले सबै संस्कारलाई शाम्य गरेर सुखमय शान्ति-पद प्राप्ति गर्छ ।।२२।।

श्रावस्ती, पूर्वाराम (३८२) सुमन श्रामणेर

यो हवे दहरो भिक्खू—युञ्जति बुद्धसासने ।
सो इमं लोकं पभासेति—अब्भा मुत्तो'व चन्दिमा ।।२३।।

३८२—तरुण अवस्थामा बुद्ध शासनमा संलग्न हुने भिक्षुले बादलबाट मुक्त भै प्रकाशित हुने चन्द्रमा फैं प्रकाशित हुन्छ ।।२३।।

भिक्षु वर्ग सिद्धियो

२६–ब्राह्मणवग्गो

(ब्राह्मण वर्ग)

जेतवन (३८३) धेरै श्रद्धा हुने ब्राह्मण

छिन्द सोतं परक्कम्म—कामे पनुद ब्राह्मण ।
सङ्खारानं खयं ञत्वा—अकतञ्ञू'सि ब्राह्मणो ॥१॥

३८३—हे ब्राह्मण, तृष्णाको स्रोतलाई काट, पराक्रम देखाएर कामवासनालाई नाश गर, हे ब्राह्मण, संस्कार सबै क्षय गरेको जानेर अकृत (निर्वाण) साक्षात्कार गर ॥१॥

जेतवन (३८४) धेरै भिक्षुहरू

यदा द्वयेसु धम्मेसु—पारगू होति ब्राह्मणो ।
अथ'स्स सब्बे संयोगा—अत्थं गच्छन्ति जानतो ॥२॥

३८४—जुन बेला ब्राह्मण चित्त संयम र ध्यान दुई धर्ममा पारंगत हुन्छ, उस बेला त्यस ज्ञानीको सबै बन्धन नष्ट हुन्छ ॥२॥

जेतवन (३८५) मार

यस्स पारं अपारं वा—पारापारं न विज्जति ।
वीतद्दरं विसंयुत्तं—तम'हं ब्रूमि ब्राह्मणं ॥३॥

३८५—जसको पार (आँखा, कान आदि छ इन्द्रिय) अपार (रूप, शब्द आदि छ विषय) र पारापार (म, मेरो) भन्ने छैन, जो भय रहित भएर अनासक्त हुन्छ उसैलाई म ब्राह्मण भन्द छु ॥३॥

जेतवन (३८६) एक ब्राह्मण

झायिं विरजमा' सीनं—कतकिच्चं अनासवं ।
उत्तमत्थं अनुप्पत्तं—तम'हं ब्रूमि ब्राह्मणं ॥४॥

३८६—जो ध्यानी, निर्मल, एकान्तवासी कृतकृत्य आस्रव मल रहित छ त्यसैलाई म ब्राह्मण भन्द छु ॥४॥

श्रावस्ती, पूर्वाराम (३८७) आनन्द थेर

दिवा तपति आदिच्चो—रत्तिं आभाति चन्दिमा ।
सन्नद्धो खत्तियो तपति—झायी तपति ब्राह्मणो ।

अथ सब्बमहोरत्तिं— बुद्धो तपति तेजसा ॥५॥

३८७— दिनमा सूर्य प्रकाशित हुन्छ रातमा चन्द्रमा प्रकाशित हुन्छ, कवच लगाई सकेपछि क्षत्रीय प्रकाशवान् भए कैं ध्यानी भएर ब्राह्मण पनि प्रकाशवान् हुन्छ, तर बुद्ध आफ्नो तेजले रातो दिन प्रकाशमान् हुन्छ ॥५॥

जेतवन (३८८) एक प्रव्रजित ब्राह्मण

बाहितपापो'ति ब्राह्मणो
समचरियाय समणो'ति वुच्चति ।

पब्बाजय'त्तनो मलं
तस्मा पब्बजितो'ति वुच्चति ॥६॥

३८८—जसले पापलाई बगाई सकेको छ उसलाई ब्राह्मण र जसले राम्रो आचरण गर्ने छ उसलाई श्रमण भन्दछन्, आफ्नो मल दूर गर्नेलाई प्रव्रजित भन्दछन् ॥६॥

जेतवन (३८९) सारिपुत्र थेर

न ब्राह्मणस्स पहरेय्य—ना'स्स मुञ्चेथ ब्राह्मणो।
धी ब्राह्मणस्स हन्तारं—ततो धी यस्स मुञ्चति ॥७॥

३८९—ब्राह्मणलाई कुटनु हुँदैन, कुटनेको उपर ब्राह्मणले पनि कोप गर्नु हुँदैन, ब्राह्मणलाई कुटनेलाई धिक्कार छ, कोप गर्ने ब्राह्मणलाई पनि धिक्कारै छ ॥७॥

(३९०)

न ब्राह्मणस्से'तदकिञ्चि सेय्यो
यदा निसेधो मनसो पियेहि
यतो यतो हिंसमनो निवत्तति
ततो ततो सम्मतिमे'व दुक्खा ॥८॥

३९० मनले प्रेम गरी राखेको वस्तुबाट मनलाई हटाउनु जस्तो ठूलो कल्याण ब्राह्मणलाई अरू छैन, हिंसा कर्मबाट मन हट्दै गयो भने दुःख शान्त भएर जान्छ ॥८॥

जेतवन (३९१) महाप्रजापति गौतमी

यस्स कायेन वाचाय—मनसा नत्थि दुक्कतं[1] ।
संवुतं तीहि ठानेहि—तम'हं ब्रूमि ब्राह्मणं ॥९॥

३९१—काय, वाक्, चित्त तीनैद्वारा पाप नगर्ने तीनैमा संयमी व्यक्तिलाई म ब्राह्मण भन्द छु ॥९॥

जेतवन (३९२) सारिपुत्र थेर

यम्हा धम्मं विजानेय्य—सम्मासम्बुद्ध देसितं ।
सक्कच्चं तं नमस्सेय्य—अग्गिहुत्तं'व ब्राह्मणो ॥१०॥

३९२—जसको मार्फत सम्यग्सम्बुद्धको धर्मको ज्ञान हुन्छ, उसलाई ब्राह्मणले अग्नि होत्रलाई नमस्कार गरे झैं आदरपूर्वक नमस्कार गर्नु पर्छ ॥१०॥

जेतवन (३९३) जटिल ब्राह्मण

न जटाहि न गोत्तेहि[2]—न जच्चा[3] होति ब्राह्मणो ।
यम्हि सच्चञ्च धम्मो च—सो सुची सो च ब्राह्मणो ॥११॥

१. ब० दुक्कटं २. लं० गोत्तेन । ३. जच्चो

३९३—जटा भएर गोत्र भएर तथा जन्म भएर मात्रै ब्राह्मण हुँदैन, जसमा सत्य र धर्म छ, उही पवित्र, उही ब्राह्मण हुन्छ ॥११॥

बैशाली, कूटागारशाला (३९४) पाखण्डी ब्राह्मण

किं ते जटाहि दुम्मेध—किं ते अजिन साटिया ।
अब्भन्तरं ते गहणं—बाहिरं परिमज्जसि ॥१२॥

३९४—हे दुर्बुद्धि, जटा पालेर मात्रै के हुन्छ ? मृगचर्म लगाउँदैमा के हुन्छ ? भित्र तिम्रो हृदयमा फसरले भरिएको छ भने बाहिर मात्र धोएर के हुन्छ ? ॥१२॥

राजगृह, गृद्धकूट (३९५) कृषा गौतमी

पंसुकूलधरं जन्तुं—किसं धमनिसन्थतं ।
एकं वनस्मि झायन्तं—तम'हं ब्रूमि ब्राह्मणं ॥१३॥

३९५—पांशुकूल धारण गरी कृषक भै एकान्त जङ्गलमा वास गर्नेलाई म ब्राह्मण भन्द छु ॥१३॥

जेतवन (३९६) एक ब्राह्मण

नचा' हं ब्राह्मणं ब्रूमि—योनिजं मत्तिसम्भवं ।
भोवादी नाम सो होति—सचे होति सकिञ्चनो ।
अकिञ्चनं अनादानं—तमहं ब्रूमि ब्राह्मणं ।।१४।।

३९६—ब्राह्मणीको कोखबाट जन्मदैमा ब्राह्मण भन्दैन, उसलाई केवल 'भो' मात्र भन्नु पर्छ किनभने त्यसमा राग, द्वेष र मोह छ, राग–द्वेष–मोह नहुने लाइनै म ब्राह्मण भन्दछु ।।१४।।

राजगृह, वेणुवन (३९७) उग्गसेन श्रेष्ठीपुत्र

सब्बसंयोजनं छेत्वा—यो चे नं परितस्सति ।
सङ्गातितं विसञ्जुत्तं—तम'हं ब्रूमि ब्राह्मणं ।।१५।।

३९७—सबै बन्धनलाई काटेर त्राश रहित भै रागादि आसक्तिबाट रहित भैसकेको लाई म ब्राह्मण भन्द छु ।।१५।।

जेतवन (३९८) दुइजना ब्राह्मण

छेत्वा नन्धि वरत्तं च—सन्दासं सह'नुक्कमं ।
उक्खित्त पलिघं बुद्धं—तम'हं ब्रूमि ब्राह्मणं ।।१६।।

३९८—क्रोध, तृष्णारूपी डोरी, ६२ प्रकारको मिथ्यादृष्टि सहित अनुशयलाई छोडी, अविद्यादि क्लेश लाई निरोध गरी, बोध प्राप्ति गर्नेलाई म ब्राह्मण भन्द छु ॥१६॥

राजगृह, वेणुवन (३९९) अक्कोसक भारद्वाज

अक्कोसं वधबन्धञ्च—अदुट्ठो यो तितिक्खति ।
खन्तिबलं बलाणीकं—तम'हं ब्रूमि ब्राह्मणं ॥१७॥

३९९ गाली र वध बन्धनलाई जसले आफ्नो चित्त न बिगारी सहन गर्छ, राजपुरुषको सैन्यबल झैं जसको क्षान्ति बल छ, उसैलाई म ब्राह्मण भन्दछु ॥१७॥

राजगृह, वेणुवन (४००) सारिपुत्र थेर

अक्कोधनं वतवन्तं—सीलवन्तं अनुस्सुतं ।
दन्तं अन्तिमसारीरं—तम'हं ब्रूमि ब्राह्मणं ॥१८॥

४००—अक्रोध व्रतधारी, शीलवान्, तृष्णारहित संयमी तथा अन्तिम देहधारीलाई नै म ब्राह्मण भन्द छु ॥१८॥

राजगृह, वेणुवन (४०१) उत्पलवर्णा थेरी

वारि पोक्खरपत्तो'व—आरग्गेरि'व सासपो ।
यो न लिम्पति कामेसु—तम'हं ब्रूमि ब्राह्मणं ॥१९॥

४०१—कमल पातमा पानीको थोपा झैं, सीयोको तुप्पाको रायोको गेडा झैं, काम भोगमा लिप्त नहुने व्यक्तिलाई म ब्राह्मण भन्दछु ॥१९॥

जेतवन (४०२) एक ब्राह्मण

यो दुक्खस्स पजानाति—इधे'व खयम'त्तनो ।
पन्नभारं विसंयुत्तं—तम'हं ब्रूमि ब्राह्मणं ॥२०॥

४०२—जसले यसै लोकमा दुःखको क्षय अनुभव गर्छ, जसले पञ्चस्कन्धरूपी भारी बिसाई सकेको छ, जसको मनमा आसक्ति छैन, त्यस्ता व्यक्तिलाई म ब्राह्मण भन्द छु ॥२०॥

(४०३)

गम्भीर पञ्ञं मेधाविं—मग्गामग्गस्स कोविदं ।
उत्तमत्थं अनुप्पत्तं—तम'हं ब्रूमि ब्राह्मणं ॥२१॥

४०३—गम्भीर प्रज्ञा हुने, मेधावी, कुमार्ग र सुमार्ग जान्ने, उत्तमार्थ प्राप्त गरी सकेकालाई म ब्राह्मण भन्दछु ॥२१॥

जेतवन (४०४) पब्भारवासी तिस्स थेर

असंसट्ठं गहट्ठेहि—अनागारेहि चूभयं ।
अनोकसारिं अप्पिच्छं—तम'हं ब्रूमि ब्राह्मणं ॥२२॥

४०४— गृहस्थ र प्रव्रजितहरू दुवैमा लिप्त नहुने कहीं पनि आशा तथा इच्छा न राख्नेलाई म ब्राह्मण भन्द छु ॥२२॥

जेतवन (४०५) एक भिक्षु

निधाय दण्डं भूतेसु—तसेसु थावरेसु च ।
यो न हन्ति न घातेति— तमहं ब्रूमि ब्राह्मणं ॥२३॥

४०५—चर अचर कुनै प्राणीमा प्रहार नगर्ने, कसैलाई न मार्ने र हिंसा गर्नमा प्रेरणा नदिने व्यक्तिलाई म ब्राह्मण भन्द छु ॥२३॥

जेतवन (४०६) चारजना श्रामणेर

अविरुद्धं विरुद्धेसु—अत्तदण्डेसु निब्बुतिं ।
सादानेसु अनादानं—तम ह ब्रूमि ब्राह्मणं ॥२४॥

४०६—विरोधीहरूको बीचमा बसी विरोध नगर्ने, दण्डधारीको बीचमा बसी अदण्डधारी हुने, आसक्तहरूका बीचमा बसी अनासक्त भै बस्नेलाई म ब्राह्मण भन्द छु ॥२४॥

राजगृह, वेणुवन (४०७) महापन्थ थेर

यस्स रागो च दोसो च मानो मक्खो च पातितो ।
सासपोरि'व आर'ग्गा तम'हं ब्रूमि ब्राह्मणं ॥२५॥

४०७—जसको राग, द्वेष, मान र ईर्ष्या सियोको टुप्पाको सस्यूँ खसे झैं खसिसक्यो त्यसलाई म ब्राह्मण भन्द छु ॥२५॥

राजगृह, वेणुवन (४०८) एक स्थविर

अकक्कसं विञ्ञापनिं—गिरं सच्चं उदीरये ।
याय ना'भिसजे कञ्चि—तम'हं ब्रूमि ब्राह्मणं ॥२६॥

४०८—जसले कसैलाई पनि पीडा दिँदैन, जसले कडा बोली बोल्दैन, जसले कारण बताई स्पष्टतया सत्य प्रकाश गर्छ, त्यसलाई म ब्राह्मण भन्द छु ॥२६॥

जेतवन (४०९) एक स्थविर

यो'ध दीघं वा रस्सं वा—अणु थूलं सुभा'सुभं ।
लोके अदिन्नं ना'दियति—तम'हं ब्रूमि ब्राह्मणं ॥२७॥

४०९—जसले लामो वा छोटो पातलो वा मोटो राम्रो वा नराम्रो केही पनि अर्काको चोरी गरेर लिँदैन उसलाई म ब्राह्मण भन्द छु ॥२७॥

जेतवन (४१०) सारिपुत्र थेर

आसा यस्स न विज्जन्ति—अस्मिं लोके परम्हि च ।
निरासयं विसंयुत्तं—तम'हं ब्रूमि ब्राह्मणं ॥२८॥

४१०—जसको इहलोक र परलोकमा कुनै आशा छैन, जो आशा रहित संयोग रहित व्यक्ति हो उसैलाई म ब्राह्मण भन्द छु ॥२८॥

जेतवन (४११) महामोग्गल्लान थेर

यस्सा'लया न विज्जन्ति––अञ्ञाय अकथङ्कथी ।
अमतोगधं अनुप्पत्तं––तम'हं ब्रूमि ब्राह्मणं ॥२९॥

४११—आसक्ति नहुने, संशय रहित तथा सुख-स्वरूप अमृतपद प्राप्ति गरी सकेका व्यक्तिलाई म ब्राह्मण भन्द छु ॥२९॥

श्रावस्ती, पूर्वाराम (४१२) रेवत थेर

यो'ध पुञ्ञञ्च पापञ्च—उभो सङ्गं उपच्चगा ।
असोकं विरजं सुद्धं––तम'हं ब्रूमि ब्राह्मणं ॥३०॥

४१२—पुण्य र पापबाट मुक्त भै सकेका, क्लेश रहित, शोक रहित, निर्मल व्यक्तिलाई म ब्राह्मण भन्द छु ॥३०॥

जेतवन (४१३) चन्दाभ थेर

चन्दं'व विमलं सुद्धं––विप्पसन्नम'नाविलं ।
नन्दी भव परिक्खीणं—तम'हं ब्रूमि ब्राह्मणं ॥३१॥

४१३—जसले चन्द्रमा फैं निर्मल विशुद्ध तथा स्वच्छ भै जन्म जन्मान्तरको तृष्णालाई नष्ट पारी सकेको छ त्यस व्यक्तिलाई म ब्राह्मण भन्द छु ॥३१॥

कुण्ड कोलिय (४१४) सीवलि थेर

यो इमं पलिपथं दुग्गं—संसारं मोहम'च्चगा ।
तिण्णो पारगतो झायी—अनेजो अकथङ्कथी ।
अनुपादाय निब्बुतो—तम'हं ब्रूमि ब्राह्मणं ॥३२॥

४१४—जसले यो दुर्गम जन्ममरणरूपी संसार चक्रमा फ्यांकने मोह स्वरूप उल्टो मार्गलाई त्याग गरी संसार पारी पुगी सकेको छ, जो ध्यानी, संयमी छ, जसले फेरि जन्मलिनु नपर्ने निर्वाणपद प्राप्त गरी सकेको छ त्यसलाई म ब्राह्मण भन्द छु ॥३२॥

जेतवन (४१५) सुन्दर समुद्द थेर

यो'ध कामे पहत्वान—अनागारो परिब्बजे ।
कामभव परिक्खीणं—तम'हं ब्रूमि ब्राह्मणं ॥३३॥

४१५—जसले काम भोग छोडी घर छोडी

प्रव्रजित भई सकेको छ, जसको काम र पुनर्जन्म नष्ट भै सकेको छ, उसलाई म ब्राह्मण भन्द छु ॥३३॥

राजगृह, वेणुवन (४१६) जोतिय थेर

यो'ध तण्हं पहत्वान––अनागारो परिब्बजे ।
तण्हा–भव परिक्खीणं––तम'हं ब्रूमि ब्राह्मणं ॥३४॥

४१६—तृष्णालाई छोडी घर छोडी प्रव्रजित हुने, तृष्णा र पुनर्जन्म क्षीण भै सकेको लाई म ब्राह्मण भन्द छु ॥३४॥

राजगृह, वेणुवन (४१७) नट पुत्र

हित्वा मानुसकं योगं—दिब्बं योगं उपच्चगा ॥
सब्बयोग विसंयुत्तं – तम'हं ब्रूमि ब्राह्मणं ॥३५॥

४१७—मानुषिक भोग, दिव्य मय भोग र सबै प्रकारको भोग विलास छोडने लाई म ब्राह्मण भन्द छु ॥३५॥

(४१८)

हित्वा रतिञ्च अरतिञ्च—सीति भूतं निरूपधिं ।
सब्बलोकाभिभुं वीरं– तम'हं ब्रूमि ब्राह्मणं ॥३६॥

४१८—सन्तोष र असन्तोषलाई छोडी, शान्त क्लेश रहित भै सकेको वीर पुरुष भै लोकलाई जित्ने लाई म ब्राह्मण भन्द छु ॥३६॥

राजगृह, वेणुवन (४१९) वंगीस थेर

चुतिं यो वेदि सत्तानं—उपपत्तिञ्च सब्बसो ।
असत्तं सुगतं बुद्धं—तम'हं ब्रूमि ब्राह्मणं ॥३७॥

४१९—प्राणीहरूको उत्पत्ति र मृत्युको कारण जान्ने, आसक्ति रहित सुगति प्राप्त भै बोध भैसकेको व्यक्तिलाई म ब्राह्मण भन्द छु ॥३७॥

(४२०)

यस्स गतिं न जानन्ति—देवा गन्धब्बमानुसा ।
खीणासवं अरहन्तं—तम'हं ब्रूमि ब्राह्मणं ॥३८॥

४२०—जसको गति देव, गन्धर्व तथा मनुष्यहरूले जान्न सक्दैन, उस्ता अर्हत्‌लाई म ब्राह्मण भन्द छु ॥३८॥

राजगृह, वेणुवन (४२१) धम्मदिन्ना थेरी

यस्स पुरे च पच्छा च—मज्झे च नत्थि किञ्चनं ।
अकिञ्चनं अनादानं—तम'हं ब्रूमि ब्राह्मणं ॥३९॥

४२१—जसको भूत भविष्य तथा वर्तमान्‌को बारे केही पनि इच्छा छैन, परिग्रह रहित 'म, मेरो' भन्ने नहुने व्यक्तिलाई म ब्राह्मण भन्दछु ॥३९॥

जेतवन (४२२) अंगुलिमाल थेर

उसभं पवरं वीरं—महेसिं विजिताविनं ।
अनेजं न्हातकं बुद्धं—तम'हं ब्रूमि ब्राह्मणं ॥४०॥

४२२—निर्भीक, श्रेष्ठ, बीर, महर्षि, अपराजित, निश्चल, क्लेश रहित र चार आर्यसत्यलाई राम्रोसँग जान्ने व्यक्तिलाई म ब्राह्मण भन्द छु ॥४०॥

जेतवन (४२३) देवहित ब्राह्मण

पुब्बेनिवासं यो वेदी—सग्गा'पायञ्च पस्सति ।
अथो जातिक्खयं पत्तो – अभिञ्ञावोसितो मुनि ।
सब्बवोसित वोसानं—तम'हं ब्रूमि ब्राह्मणं ॥४१॥

४२३—पूर्व जन्म जान्ने, स्वर्ग नरक देख्ने, पूर्व जन्म क्षीण भै सकेको, अभिज्ञा लाभ गरी सकेको, सबै काम समाप्त गरी निर्वाण प्राप्त गरी सकेको व्यक्तिलाई म ब्राह्मण भन्द छु ॥४१॥

ब्राह्मण वर्ग सिद्धियो

समाप्त

गाथा–सूची

अ

न

बोधिनी

१०[१] क्लेश– १. लोभ, २. द्वेष, ३. मोह, ४. मान, ५. दृष्टि, (=गलत दृष्टि), ६ शंका–सन्देह, ७. आलस्यपन, ८ चञ्चलता, ९. निर्लज्जिता, १०. खराब काम गर्नमा भय न मान्ने। यी दश कुरालाई क्लेश (=चित्त मल) भन्दछन्।

२३ योग क्षेम– संसार बन्धनबाट मुक्त अर्थात् निर्वाण। योग भनेका चार प्रकारका छन्। १. काम योग २. भव योग, ३. दृष्टि योग र ४. अविदया योग। यिनीहरूबाट मुक्त भएको लाई 'योग क्षेम' भनिन्छ। जन्म जन्मान्तरको सम्बन्ध जोडने कारणलाई "योग" भनिएको हो।

---

१. गाथाक्रमको संख्या

३१, ३४२ संजोजन– बाँधि राख्ने । बाँध्नु । जोडनु यी दश वटा छन्– १. कामराग संयोजन, २, रूप-राग संयोजन, ३. अरूपराग संयोजन, ४. प्रतिध संयाजन, ५. मान संयोजन, ६. दृष्टि संयोजन, ७. शीलव्रतपराभर्श संयोजन, ८. विचिकित्सा संयोजन, ९. औधत्य संयोजन. र १०. अविदया संयोनन ।

४५ शैक्ष– सिक्नु पर्ने । बुद्ध धर्मको नीति अनुसार १. स्रोतापत्ति मार्ग र फल, २. सकृदागामी मार्ग र फल, ३ अनागामी मार्ग र फल, ४. अर्हत् मार्गमा पुकिसकेका-लाई 'शैक्ष' भन्दछन् ।

८९ सम्बोधि अङ्ग– बोधि ज्ञान प्राप्त गर्नको लागि उपकार हुने अंग । यी सात प्रकारका छन्– १. स्मृति सम्बोध्यङ्ग, २. धर्म विचय सम्बोध्यङ्ग, ३. वीर्य सम्बोध्यङ्ग ४. प्रीति सम्बोध्यङ्ग, ५. प्रश्रब्धि सम्बोध्यङ्ग, ६. समाधि सम्बोध्यङ्ग र ७ उपेक्षा सम्बोध्यङ्ग । यी सात वटालाई 'सप्त बोध्यङ्ग' भन्दछन् ।

८९ परिग्रह– कुनै नराम्रो लतलाई छोडन नचाहने । ढाकि राखने । बन्धन ।

२५१ ग्रह– भूत प्रेतले भए यस जुनीमा मात्र समात्न सक्तछ । किन्तु द्वेषले जन्म जन्मान्तर सम्मपनि छोडदैन । त्यसैले द्वेष बराबरको 'ग्रह' अर्को छैन भनिए-को हो ।

२७२ आस्रव– बधाइ राख्ने । संसार रूपी नदीमा बधाइ राखने । अथवा पञ्चस्कन्धको सन्ततीमा सँधै बसि रहने । आस्रव चार वटा छन्– १. कामास्रव, २. भवास्रव, ३. दृष्टि आस्रव र ४. अविद्यास्रव ।

१७९ बाटो– जाने बाटो अर्थात् रागादि तृष्णा-लाई भनिएको हो । त्यसैले मार्ग रहित बुद्धलाई कुन बाटो लैजान्छौं ? भनिएको हो । अर्थात् रागादि तृष्णा रहित भइसकेका बुद्धलाई कुन बाटो लैजान्छौं ? भनिएको हो ।

२९५ नीवरण– आवरण । धाकिराखने । छोपि-राखने । बाधा । निम्न पाँच कारणहरू ध्यान प्राप्तिको

लागि वा निर्वाण प्राप्तिको लागि बाधक हुन्छन्– १. कामच्छन्दनीवरण, २. ब्यापादनीवरण, ३. स्त्यान-मृद्धनीवरण, ४. औद्धत्यकौकृत्यनिवरण र ५. विचिकित्सा-नीवरण ।

३३८– अनुशय अदृश्य क्लेशहरू । बाहिरबाट कुनै कारण पाउना साथ एक्कासी प्रकट भएर आउने क्लेशलाई 'अनुशय' भन्दछन् । ती सात वटा छन्– १. काम-रागानुशय, २. भवरागानुशय, ३. प्रनिधानुशय, ४. माना-नुशय, ५. दृष्टि अनुशय, ६. विचिकित्सानुशय र ७. अविदचानुशय ।

३३९ छत्तीस स्रोत– चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, मन, रूप, शब्द, गन्ध, रस स्पर्श, धर्म (=मनको विषय), चक्षु विज्ञान, श्रोत विज्ञान, घ्राण विज्ञान, जिह्वा विज्ञान, काय विज्ञान, मनो विज्ञान । यी १८ वटालाई भित्री र बाहिरी गर्दा ३६ वटा हुन्छन् । यीनैलाई 'छत्तीस श्रोत' भनिएको हो ।

३७० पाँचलाई काटेर– भनेको १. सत्काय दृष्टि, २. विचिकित्सा, ३. शीलव्रतपरामर्श, ४. कामराग र ५. रूपरागलाई काट्नु भनिएको हो ।

३७० पाँचलाई छोडी– भनेको १. अरूपराग, २. प्रतिघ, ३. मान, ४. औद्धत्य र ५. अविदयालाई छोड्नु पर्छ भनिएको हो ।

३७० पाँचको अभ्यास गर– भनेको १. श्रद्धेन्द्रिय, २. वीर्येन्द्रिय, ३. स्मृतीन्द्रिय, ४. समाधीन्द्रिय र ५. प्रज्ञेन्द्रियलाई अभ्तास गर भनिएको हो ।

३७० ओघतीर्ण– भनेको १. कामओघ, २. भव-ओध, ३. दृष्टिओध, र ४. अविदया ओध =बाढीबाट पार तरेको भनिएको हो ।

४२३ अभिज्ञा– अभिज्ञा भनेको ५ प्रकार, ६ प्रकार र ८ प्रकारका छन् । यी मध्ये पञ्चाभिज्ञा भनेको १. दिव्यचक्षु अभिज्ञा, २. दिव्यश्रोत अभिज्ञा, ३. ऋद्धि-विध अभिज्ञा, ४. परचित्त ज्ञान अभिज्ञा र ५. पूर्वनिवास अभिज्ञा हो ।

उपरोक्त पाँच अभिज्ञामा 'आस्रवक्षय अभिज्ञा'लाई थप्दा 'षडभिज्ञा' अर्थात् ६ अभिज्ञा हुन्छन् ।

उपरोक्त ६ अभिज्ञामा 'यथा कर्मोपग अभिज्ञा र अनागतांश अभिज्ञालाई थप्दा 'अष्टाभिज्ञा' अर्थात् ८ अभिज्ञा हुन्छन् ।

पुस्तक पाइने ठाउँ —

१. आनन्दकुटी विहार
स्वयम्भू, काठमाडौं । फो. नं. २७१४२०

२. संघाराम भिक्षु तालिम केन्द्र
लुटी, ढल्को शोभा भगवती अगाडि, काठमाडौं ।
फो. नं. २१५०२०

३. हेराकाजी सुजिका
नागबहाल, ललितपुर ।

४. बुद्ध विहार (वाल्मिकी संस्कृत क्याम्पस पछाडि)
भृकुटी मण्डप, काठमाडौं । फो. नं. [illegible]

५. धार्मिक पुस्तक केन्द्र
खिचापोखरी, काठमाडौं ।

६. लक्की स्टोर्स
भैरव टोल, पोखरा ।

३३. वुद्धकालीन श्राविकाचरित भाग १,

३४. वुद्धकालीन प्रेत कथा (अप्राय)

३५. वुद्धकालीन विमान कथा (अप्राप्य)

३६. जापान भ्रमणको डायरी

३७. ३८. विषय–सूची भाग १, २,

३९. नेपालमा थेरवाद वुद्ध धर्मको संक्षिप्त इतिहास (अप्राप्य)

४०. संक्षिप्त कथा सहित धम्मपद भाग १, (दोस्रो संस्करण)

४१. बोधि राजकुमार (अप्राप्य)

४२. महासीहनादसुत्तं

४३. त्रिरत्न वन्दना र पाठच सूत्र

४४. सोलुखुम्बु यात्राको डायरी

४५. ४६. ४७. ४८. जातक संग्रह भाग १, २, ३, ४,

४९. यशोधरा   ५०. वेस्सन्तर जातक

५१. Buddhist Activities in Socialist Countries (out of print)

५२. A Short History of Theravada Buddhism in Modern Nepal.

५३. Kings of Bundha's Timer. (out of print)

लेखकका पुस्तकहरू

१. संक्षिप्त बुद्ध जीवनी (चतुर्थ संस्करण)
२. धम्मपद (तृतीय संस्करण)
३. गृही–विनय (द्वितीय संस्करण)
४. अग्रश्रावक (अप्राप्य)
५. कसको कुरा सत्य हो ?
६. बुद्ध शासनको इतिहास भाग १ (अप्राप्य)
७. पटाचारा स्थविरा (अप्राप्य)
८. अम्बसक्कर प्रेत कथा (अप्राप्य)
९. सुतनु जातक (अप्राप्य)
१०. ११. १२. बुद्धकालीन ब्राह्मण भाग १, २, ३,
१३. १४. १५. बुद्धकालीन गृहस्थीहरू भाग १, २, ३,
१६. १७. बुद्धकालीन महिलाहरू भाग १, २,
१८. १९. २०. बुद्धकालीन राजपरिवार भाग १, २, ३,
२१. २२. २३. बुद्धकालीन परिव्राजकहरू भाग १, २, ३,
२४. २५. २६. २७. २८. २९. बुद्धकालीन श्रावकचरित भाग १, २, ३, ४, ५, ६,
३०. ३१. ३२. बुद्धकालीन ब्रह्मादिदेव भाग १, २, ३,